चौकुना गाउँपालिकाको मगर भाषामा शिक्षा सम्बन्धी अध्ययन प्रतिवदेन २०७४ / २०७५

चौकुना गाउँपालिका, सुर्खेत

प्रदेश नं ६

२०७५

प्रतिवेदन लेखन

प्रतिभा पुन

भाषा आयोग,

शङ्खमूल, काठमाडौं

परिच्छेद दुई

विद्यालयमा भाषाको नक्साङ्क

२.१. विषय प्रवेश

२.२. विद्यालयमा भाषाको नक्साङ्कका उद्देश्यहरु

२.३. तथ्याङ्क प्रस्तुति र विश्लेषण

२.३.१. समुदाय र विद्यालय छनौटको आधार

२.३.१.१. **पहिलो पटक सिकेको मातृभाषा**

२.३.१.२. परिवारमा बोलिने भाषाहरु

२.३.१.**३. विद्यालय रहेको क्षेत्रका समुदायमा बोलिने भाषाहरु**

२.४. बहुभाषी शिक्षा सञ्चालनका आधारहरु

२.४.१ आधारभूत तह १-५ सिकाइको माध्यमका रुपमा उपयोग भएका भाषा

२.४.२. आधारभूत तह १-५ कक्षामा नेपाली र अङ्ग्रेजी भाषा बाहेक विषयहरुको सिकाइको अन्य माध्यम

२.४.३. विद्यालयमा शिक्षण सिकाइको माध्यमको छनोट

२.४.४. नेपाली र अङ्ग्रेजी दुवै भाषा बुझ्दै नबुझ्केको अवस्थामा शिक्षण गर्ने उपाय

२.४.५ परीक्षाको माध्यम

२.४.६. विद्यालयमा सिकाइको माध्यमका लागि अन्य मातृभाषाको छनोट गर्ने प्रयास

२.४.७. नेपाली र अंग्रेजी बाहेक मातृभाषामा शिक्षण गर्ने नीति निर्देशनको अवस्थिति तथा कार्यक्रम

२.४.८. बहुभाषिक शिक्षक तालिममा सहभागीको अवस्थिति

२.४.९. पाठ्य सामग्रीहरुको उपलव्धता तथा स्रोत

२.४.१०. विभिन्न सन्दर्भहरु

(क) अतिरिक्त क्रियाकलाप सञ्चालन

(ख) कक्षा बाहिर शिक्षक र विद्यार्थीका बीचको सम्पर्क भाषा

(ग) कक्षा अवलोकन तथा पृष्ठपोषण

(घ) मातृभाषी विद्यार्थीका लागि शैक्षिक उपलब्धी सुधारको अवस्था

(ङ) शिक्षणका क्रममा मातृभाषी विद्यार्थीका गुनासाको अवस्था तथा सामग्रीको उपलब्धता तथा अनुवादको स्थिति

(च) मातृभाषी विद्यार्थीका लागि गरिएका एक, द्वि वा बहुभाषिक शिक्षणसिकाईको स्थिति

(छ) बहुभाषिक शिक्षाका कार्यक्रम सञ्चालन नहुनाका कारणहरु

(ज) तल्ला कक्षामा मातृभाषाका स्थानीय बाल बालिकाहरु पछि परेको जस्तो लाग्छ ?

(झ) नेपाली वा अङ्ग्रेजी भाषाको माध्यमका कारण स्थानीय भाषाको पृष्ठभूमि भएका बाल बालिकाहरुमा विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने अवस्था

(ञ) नेपाली मातृभाषी र गैर मातृभाषीहरुको सिकाइ उपलब्धीमा भिन्नताको अवस्थिति

च) नेपाली वा अंग्रेजी भाषाजस्तै मातृभाषा विषय विद्यालयमा पढाउनु पर्नेका कारण

२.४ विषयका रुपमा मातृभाषा शिक्षणका आधारहरु

२.४.१. विद्यालयमा स्थानीय भाषा (मातृभाषा) विषय शिक्षण गर्नुपर्ने कारणहरु

२.४.२ स्थानीय मातृभाषालाई विषयका रुपमा शिक्षण गर्दा उपयुक्त हुने कक्षाको सीमा

२.४.३ मातृभाषा शिक्षणका समस्याहरु

(क) कक्षाकोठा व्यवस्थापन

(ख) शिक्षक व्यवस्थापन

(ग) शिक्षण सिकाइ प्रक्रिया

(घ) पाठ्य सामग्री

(ङ) परीक्षा र मूल्याङ्कन

२.४.४ मातृभाषा शिक्षणका समस्या समाधानका उपायहरु

(क) कक्षाकोठा व्यवस्थापन

(ख) शिक्षक व्यवस्थापन

(ग) शिक्षण सिकाइ प्रक्रिया

(घ) पाठ्य सामग्री

(ङ) परीक्षा र मूल्याङ्कन

२.४.५ अनौपचारिक शिक्षा र बाल विकास शिक्षाका सञ्चालनका आधार

२.४.६ बहुभाषिक शिक्षा सञ्चालनका आधा

२.४.७ मातृभाषाको माध्यमबाट गरिने शिक्षणका समस्याहरु

२.४.८ मातृभाषाको माध्यमबाट गरिने शिक्षणमा देखिएका समस्या समाधानका उपायहरु

२.४.९. मातृभाषालाई शिक्षण सिकाइको माध्यम बनाउन नीतिगत र कार्यान्वयन तहमा गरिनु पर्ने सुधारहरु

परिच्छेद तीन

मातृभाषाको स्तर पहिचान

३.१. विषय प्रवेश

३.२. उद्देश्य

३.३. तथ्याङ्क प्रस्तुति र विश्लेषण

३.३.१. दम्पतीहरुले उपयोग गर्ने मातृभाषाहरु

३.३.२. बालबालिकाहरुले आपसमा बोल्दा प्रयोग गर्ने भाषाहरु

३.३.३. बाल बालिकाले जानेका भाषाहरु

३.४.४. हजुर आमासँग बालबालिकाले कुराकानी गर्दा उपयोग गर्ने भाषाहरु

३.४.५ हजुरबासँग बाल बालिकाले कुराकानी गर्दा उपयोग गर्ने भाषाहरु

३.४.६. हजुर आमाले बालबालिकासँग कुराकानी गर्दा उपयोग गर्ने भाषाहरु

३.४.७. आमासँग बालबालिकाले उपयोग गर्ने मातृभाषाहरु

३.४.८. आमाले बालबालिकासँग बोल्ने मातृभाषाहरु

३.४.९. बुबासँग बालबालिकाले बोल्ने मातृभाषाहरु

३.४.१०. बुबाले बाल बालिकासँग बोल्ने मातृभाषाहरु

३.४.११. घरमा बोलिने भाषाहरु

३.४.१२. समुदायका सम्पर्क भाषाहरु

३.४.१३. स्थानीय बजारमा प्रयोग हुने भाषाहरु

३.४.१४ सभा गोष्ठीमा प्रयोग हुने भाषाहरु

३.४.१५ धार्मिक रीतिरिवाजमा बोलिने भाषाहरु

३.४.१६. विद्यालयमा प्रयोग गर्ने भाषाहरु

३.४.१७. अनौपचारिक शिक्षामा प्रयोग हुने भाषाहरु

३.४.१८. उच्च शिक्षामा प्रयोग गरिने भाषाहरु

३.४.१९. समुदाय समुदाय बीचमा प्रयोग हुने भाषाहरु

३.४.२० सरकारी कार्यालयमा प्रयोग हुने भाषाहरु

३.४.२१ बाहिरको व्यक्तिसँग बोलिने भाषाहरु

३.५. मातृभाषा सञ्चारका माध्यम र प्रयोग

३.६. मातृभाषाको अवस्था

३.७. मातृभाषाको विकासमा भएका प्रयासहरु

३.८. मातृभाषा विषयका रुपमा विद्यालयमा पढाएको अवस्था

३.९. निष्कर्ष

परिच्छेद चार

विद्यालयमा मातृभाषाको प्रयोग सम्भाव्यताको अध्ययन

४.१. विषय प्रवेश

४.२. उद्देश्यहरु

४.३. सूचनाहरुको विश्लेषण र व्याख्या

४.३. १. समुदाय तथा विद्यालय छनोटका आधार

४.३.२. विद्यालय सेवा क्षेत्रको भाषाको प्रयोग स्थिति

४.३.३. कक्षाको विषयगत शिक्षणको माध्यम भाषा

४.३.४. विद्यार्थी कक्षागत भाषिक विवरण

४.३.५. .शिक्षकको भाषागत विवरण

४.३.६. विद्यालय व्यवस्थापन पदाधिकारीको भाषागत विवरण

४.३.७. बहुभाषिक शिक्षाको नमुना विकास तथा प्रयोग संभाव्यता

४.३.८. कक्षामा भाषाको प्रयोग

४.३.९. कक्षाकोठाको व्यवस्थापन

४.३.१०. शिक्षक व्यवस्थापन

४.३.११. शिक्षणसिकाइ प्रकिया

४.३.१२. शैक्षिक सामग्री विकास

४.३.१३. मूल्यांकन तथा परीक्षा पद्धति

४.३.१४. मातृभाषाको प्रयोग सम्भाव्यताका विषयमा अभिभावकसँग छलफल

४.३.१५. मातृभाषाको प्रयोग सम्भाव्यताका विषयमा शिक्षकसँग गरिएको छलफल

४.३.१६. मातृभाषाको प्रयोग सम्भाव्यताका लागि प्रधानाध्यापकसँग गरिएको छलफल

४.३.१७. मातृभाषाको प्रयोग सम्भाव्यताका लागि विद्यार्थीहरुसँग गरिएको छलफल

४.४. निष्कर्ष

परिच्छेद दुई

विद्यालयमा भाषाको नक्साङ्कन

२.१. विषय प्रवेश

यस परिच्छेदमा विद्यालयको भाषाको नक्साङ्कका बारेमा सूचनाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । यसका लागि भाषिक नक्साङ्कका लागि तय गरिएका निश्चित उद्देश्यमा केन्द्रित रहेर विद्यालयमा रहेको स्थानीय समुदायले (सहभागीले) सिकेको आफ्नो पहिलो भाषा, परिवारमा बोलिने भाषा, समुदायमा बोलिने मुख्य भाषा, दोस्रो भाषाको रुपमा उपयोग हुने भाषा र आफूले जानेका भाषाहरुका विषयमा जानकारी दिने फाराममलाई प्रमुख आधार बनाइएको छ ।

२.२. विद्यालयमा भाषाको नक्साङ्कका उद्देश्यहरु

यसका निम्न लिखित पाँच उद्देश्यहरु रहेका छन् :

(क) समुदाय तथा विद्यालयमा मातृभाषाको प्रयोग छनोटको आधार पहिचान गर्ने,

(ख) मातृभाषाको माध्यमबाट पठन पाठन गर्न बहुभाषिक शिक्षाको सम्भाव्य आधार तथा नमूना खोजी गर्ने,

(ग) विषयका रुपमा मातृभाषाको प्रयोग गर्ने आधार पहिचान गर्ने,

(घ) अनौपचारिक शिक्षा तथा प्रारम्भिक बाल विकास शिक्षा/ पूर्व प्राथमिक शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यताको आधार खोजी तथा विकास गर्ने,

(ङ) बहुभाषिक शिक्षा कार्यक्रम सन्चालनका लागि आधारहरुको पहिचान गर्ने

२.३. तथ्याङ्क प्रस्तुति र विश्लेषण

२.३.१. समुदाय र विद्यालय छनौटको आधार

२.३.१.१. पहिलो पटक सिकेको मातृभाषा

तल तालिका नं १ मा सहभागीले सिकेका पहिलो भाषालाई समावेश गरिएको छ । यसमा सहभागीले सिकेको आफ्नो पहिलो भाषाहरुमा नेपाली, मगर, अछामी, जुम्ली, डोटेली, दैलेखी, गुरुङ,

राजी र खस भाषाको भाषिक अवस्थालाई समावेश गरिएको छ । स्थानीय समुदायबाट प्राप्त विवरण हेर्दा नेपाली मातृभाषी समुदायको कुल उपस्थिति २७ देखिएको छ । त्यस्तै अवस्था मगर भाषाको रहेको छ । यहाँ मगर मातृभाषी सहभागीहरुको उपस्थिति संख्या २४ देखिन्छ । यसरी अन्य भाषिक समूहको उपस्थित संख्यालाई हेर्दा क्रमशः अछामी -२२, जुम्ली-७, डोटेली-५, दैलेखी-६, गुरुङ्-३, राजी-२ र खस-२ मात्र देखिएको छ ।

यस क्षेत्रबाट प्राप्त भएको तथ्य हेर्दा नेपाली मातृभाषी पहिलो भाषिक समूहको सङ्ख्या अधिक रहेको छ । त्यसपछि मात्र दोस्रो स्थानमा मगर मातृभाषी देखिएको छ । तथ्यको अध्ययनले नेपाली मातृभाषाको अवस्था अरु भाषाको तुलनामा अधिक बलियो देखिएको छ । तथापि मगर मातृभाषीको समुदाय पनि बलियो नै देखिन आएको छ । यहाँ सिकाइको थालनी गर्दा मगर भाषा सम्भाव्य भाषाका रुपमा देखिएको छ ।

तालिका नं. १

भषा	मातृभाषी समुदाय (पहिलो पटक सिकेको मातृभाषा)
नेपाली	२७
मगर	२४
अछामी	२२
जुम्ली	७
डोटेली	५
दैलेखी	६
गुरुङ्	३
राजी	२
खस	२
जम्मा	९८

२.३.१.२. परिवारमा बोलिने भाषाहरु

सहभागीहरुले परिवारमा बोल्ने भाषामा पनि नेपाली, मगर र अछामी भाषाको उपस्थिति अधिक देखिएको छ । स्थानीय समुदायमा अधिक रुपमा बोलिने नेपाली भाषाको सङ्ख्या २४ छ । त्यसैगरी मगर भाषाको उपस्थिति २३ र अछामी भाषाको २२ देखिन आएको छ । अन्य समूहको उपस्थितिको अवस्थिति तालिका २ मा देखाइएको छ ।

समुदायमा विभिन्न मिश्रित जातजातिको उपस्थिति देखिएको यस क्षेत्रको यो सङ्ख्यात्मक तथ्य हेर्दा यहाँको समुदायमा अधिक रुपमा नेपाली र मगर भाषा बोलिन्छ भन्ने देखिएको छ । त्यसैको हाराहारीमा अछामी भाषा पनि देखा परेको छ ।

तालिका नं. २

भषा	भाषिक समुदाय (परिवारमा बोलिने भाषाहरु)
मगर	२३
नेपाली	२४
अछामी	२२
जुम्ली	८
डोटेली	७
दैलेखी	७
गुरुङ्	३
राजी	२
खस	२
जम्मा	९८

२.३.१.३. **विद्यालय रहेको क्षेत्रका समुदायमा बोलिने भाषाहरु**

यहाँका विद्यालय क्षेत्रमा मातृभाषाको उपयोग सम्बन्धमा स्थानीय भाषाहरु जुन अधिक रुपमा समाजले उपयोग गर्दछ र जसको उपयोग सम्भावना बढी छ त्यसको निर्क्यौल गर्ने काम गरिएको छ । प्राप्त सूचनाका आधारमा तिनको खोजी गरिएको छ । सूचनामा सम्बन्धित विद्यालय क्षेत्रमा एक वा समुदायमा बोलिने अन्य भाषा समेतको सूचना लिएको छ । कुनै समुदायमा एउटा मात्र भाषा प्रयोग भएको देखियो भने कुनै समुदायमा दुई भाषा प्रयोग भएको सूचना प्राप्त भएको छ ।

प्रस्तुत विषयको अध्ययनका लागि तयार गरिएको प्रश्नावली हेर्दा सबै ४२ ओटै विद्यालय क्षेत्रमा नेपाली मातृभाषा अधिक रुपमा उपयोग हुने देखिएको छ । यहाँका विद्यालय क्षेत्रमा यो भाषा शतप्रतिशत मानिसले बुझ्ने र उपयोग गर्ने गरेको देखिएको छ । दिइएको तालिकामा विद्यालय रहेको क्षेत्रका समुदायमा बोलिने भाषाहरु समावेश छन् । उपस्थित सहभागीहरु मध्ये ७०

सहभागीहरु नेपाली भाषालाई स्थानीय समुदायमा उपयोग गर्दछन् । त्यसपछिको स्थान मगर र अछामी भाषिक वक्ताहरुको ओगटेको छ । त्यसपछि क्रमशःजुम्ली, दैलेखी, डोटेली , गुरुङ र राजी छन् ।

उक्त तथ्याङ्क हेर्दा यहाँका स्थानीय समुदायमा भाषिक प्रयोक्ताका हिसाबले नेपाली भाषाले आधिक्यता पाएको छ । जसका कारणले स्थानीय समुदायको मातृभाषाको अवस्थिति दयनीय बन्न पुगेको देखिन्छ । यो तथ्य हेर्दा यहाँ माध्यमका रुपमा मातृभाषाको उपयोगका लागि निकै गहन रुपमा पाइला चाल्नु पर्ने देखिएको छ ।

तालिका नं. ३

भाषा	विद्यालय रहेको क्षेत्रका समुदायमा बोलिने भाषाहरु
मगर	९
नेपाली	७०
अछामी	९
जुम्ली	३
डोटेली	२
दैलेखी	३
गुरुङ्	१
राजी	१
खस	
जम्मा	९८

२.४. बहुभाषी शिक्षा सञ्चालनका आधारहरु

यस गाउँपालिकामा बहुभाषिक शिक्षा सञ्चालन गर्न सकिन्छ वा सकिँदैन भन्ने विषयको जानकारी लिने प्रयोजन अनुरुप सूचना सङ्कलन गरिएको थियो । यहाँ आधारभूत तहमा प्रारम्भिक बाल शिक्षाको माध्यम भाषालाई तथ्यका आधारमा अध्ययन गर्दा कतै प्रारम्भिक बाल शिक्षाका कक्षा नै सञ्चालन गरिएको देखिएन भने जहाँजहाँ ती कक्षा सञ्चालन भएका छन् त्यहाँ अधिक रुपमा माध्यम भाषाका रुपमा नेपाली प्रयोग गरिएको पाइयो भने त्यसपछि क्रमशः अछामी, मगर, अंग्रेजी,

डोटेली, जुम्ली मगर र दैलेखी भाषाको प्रयोग गरिएको पाइएको छ । कुनै विद्यालयमा एक भाषी, कुनैमा द्विभाषी र कुनैमा बहुभाषी भाषाको प्रयोग गरिएको पाइएको छ ।

२.४.१ आधारभूत तह १-५ सिकाइको माध्यमका रुपमा उपयोग भएका भाषा

आधारभूत तह कक्षा १-५ मा विद्यालयमा माध्यमका रुपमा उपयोग भएका भाषाहरुको तथ्याङ्क हेर्दा नेपाली भाषाको उपयोग बढी रहेको पाइयो । कुनै विद्यालयमा आधाभूत तहमा स्थानीय पाठ्यक्रममा मगर भाषा शै.सत्र २०७४ सालदेखि कक्षा १ मा अध्यापन गराइएको, कतै अछामी, कतै नेपाली र अंग्रेजी, कतै नेपाली र मगर, कतै नेपाली र अछामी, कतै नेपाली र दैलेखी, कतै अछामी र अंग्रेजी तथा कतै अछामी र दैलेखी भाषाको प्रयोग गरी आधारभूत तहमा अध्यापन गराइएको पाइयो । ती मध्ये एउटा विद्यालयमा मगर मातृभाषामा अध्यापन गराउँदा खर्च जुटाउन नसकेका कारणले मिति २०७३ देखि कक्षा सञ्चालन बन्द गरिएको तथ्य प्राप्त भएको छ ।

२.४.२. आधारभूत तह १-५ कक्षामा नेपाली र अङ्ग्रेजी भाषा बाहेक विषयहरुको सिकाइको अन्य माध्यम

औसतमा विद्यालयहरुको अभ्यास हेर्दा अधिकतम रुपमा माध्यम भाषाका रुपमा प्रयोग हुने भाषा नेपाली र त्यसपछिको अङ्ग्रेजी भाषा देखिएको छ । आधारभूत तह १-५ कक्षामा नेपाली र अङ्ग्रेजी भाषा बाहेक विषयहरुको सिकाइको अन्य माध्यम भाषाका रुपमा अछामी र मगरको प्रयोग गरिएको पाइएको छ । यस क्रममा कतै एकल भाषा त कतै मिश्रित भाषाको प्रयोग गरिएको छ ।

२.४.३. विद्यालयमा शिक्षण सिकाइको माध्यमको छनोट

विद्यालयहरुले सिकाइको माध्यम छनोट गर्ने सम्बन्धमा सहभागीहरुको राय एउटै खालको देखिएको छ । विभिन्न विद्यालयले देहायका आधारमा आफ्नो राय प्रस्तुत गरिइएको पाइएको छ :

१. सबै नागरिकले नेपाली बुझ्ने भएकोले नेपालीबाट,

२. वि.व्य.स तथा अभिवावक भेलाबाट छनोट गर्ने,

३. सरकारी कामकाजको भाषाको आधारमा,

४. नेपाल सरकारले निर्दिष्ट गरे अनुरुप,

५. शिक्षा ऐन अनुसार नेपाली,

६. शिक्षकहरुले नेपालीबाट पढाउने गरेको भेला अभिभावक नगरेको,

७. बैठकबाट निर्णित निर्णयका आधारमा

उपरोल्लिखित बुँदाका आधारमा आवश्यकता अनुसार माध्यमको छनोट हुने निष्कर्ष निक्लने देखिएको छ। मूलतः कक्षामा शिक्षकले सिकारुको आवश्यकता अनुसार कसरी सिकाउने भन्ने विषय निश्चित गरेको हुन्छ । कक्षाको आवश्यकता र परिस्थिति अनुसार माध्यमका रुपमा बैठकको निर्णयलाई सर्वोपरी स्थान दिइएको देखिए तापनि अधिकतर विद्यालयका सहभागीले नेपाली भाषा नै उपयोग गरेको पाइएको छ।

२.४.४. नेपाली र अङ्ग्रेजी दुवै भाषा बुभ्दै नबुझ्केको अवस्थामा शिक्षण गर्ने उपाय

एक खाले नभई छ्यासमिसे उत्तर प्राप्त भएको यस क्षेत्रको विद्यालयमा अधिकतर रुपमा सबै वालवालिकाहरु नेपाली भाषा बुझ्छन्। नबुझ्केको खण्डमा उनीहरुले बुझ्ने तरिकाबाट स्थानीय भाषाको प्रयोग गरी विभिन्न चित्र तथा शैक्षिक पोष्टर देखाएर, चित्र तथा हाउभाउबाट बुझाउने गरिएको भन्ने तथ्य प्राप्त भएको छ। प्रायशः विद्यार्थीहरु जुन मातृभाषिक वक्ता हो सोही अनुसार मातृभाष र चित्र प्रर्दशन प्रयोग गरी बुझाउने गरिएको भन्ने सूचना प्राप्त भएको छ। अध्ययन गरिएका ५३ विद्यालयहरु मध्ये श्री ने.रा.मावि चौकुने २ लगाप सुर्खेतमा डोटेली, अछामी, दैलेखी जस्ता भाषाको प्रयोग गरी बहुभाषिक शिक्षण गरेको पाइएको छ। त्यस्तै प्रावि भुडेमावरमा अछामी मातृभाषा प्रयोग गरेर, श्री जनजागृत मा.वि. तोसामा स्थानीय अछामी मगर भाषाको प्रयोग गरेर, श्री रा.आ.वि चौकुने ६ कोइलावासमा मगर भाषा प्रयोग गरेर, श्री वालज्योती प्रा.वि.साउनेपानी चौकुने ६ सुर्खेतमा द्धि भाषिक प्रयोग गरेर, श्री लालिगुरास प्रा.वि. सानागैरा चौकुने ५ सुर्खेतमा वि.व्य.स.सँग परामर्स गरेर तथा मातृभाषा सम्वन्धी तालिम लिएर आवश्यकता अनुरुपको भाषाको प्रयोग गरी शिक्षण गराइएको भन्ने तथ्य प्राप्त भएको छ।

यस तथ्याङ्कले विद्यार्थीलाई अभ्यास सिकाइमा सहयोग गरिइएको मात्र देखिएको छ। यसले मातृभाषाका माध्यमबाट शिक्षण गरी स्थानीय मातृभाषाबाट सञ्चार गर्न सक्ने र मातृभाषाको अस्तित्त्वलाई मूर्त रुप दिन सक्ने खासै पहल हुन नसकेको प्रष्ट देखिएको छ।

२.४.५ परीक्षाको माध्यम

यस विषयको खोज तथा अनुसन्धान गर्दा नमुना छनौट गरिएका यस क्षेत्रका जम्मा ५३ ओटा विद्यालयमध्ये ३२ ओटा विद्यालयले परीक्षा सञ्चालन गर्दा नेपाली भाषाको प्रयोग गर्ने गरेको तथ्य प्राप्त भएको छ । सिकाइमा अधिक रुपले नेपाली भाषाको उपयोग गरेकै कारणले यसो भएको भन्ने स्पष्ट बुझिन्छ । यी मध्ये १५ ओटा विद्यालयले भने नेपाली भाषा र अङ्ग्रेजी दुवै भाषाको उपयोग गरेको पाइएको छ । यसमा दुई वटा विद्यालयले केही पनि उल्लेख नगरिएको देखियो । ती मध्ये एउटा श्री इभरग्रिण एजुकेसनल डे.ए. नामक विद्यालयले अंग्रेजी माध्यमबाट, श्री नव दुर्गा प्रा.वि.खारगाडी नामक विद्यालयले आवश्यक परेको खण्डमा अछामी भाषामा उल्था गरेर, श्री जनजागृत मा.वि. तोसाले नेपाली, अंग्रेजी, मगर भाषामा, श्री पिलचौतारी प्रा.वि.खोपीले अछामी र नेपाली भाषामा, श्री लालिगुरास प्रा.वि. सानागैराले नेपाली, अंग्रेजी, मातृभाषामा परीक्षा सञ्चालन गरिएको भेटिएको छ ।

स्थानीय तहमा स्थानीय मातृभाषाको प्रयोगलाई बढाउने हो भने र सम्बन्धित मातृभाषाको साच्चै नै संरक्षण गर्नु पर्ने हो भने यस परीक्षाको माध्यमका विषयमा दीगो रुपमा प्रभाव पार्ने खालको कदम चाल्नु पर्ने खाँचो देखिन्छ ।

२.४.६. विद्यालयमा सिकाइको माध्यमका लागि अन्य मातृभाषाको छनोट गर्ने प्रयास

यस विषयमा केन्द्रित भएर अध्ययन गर्दा अन्य मातृभाषालाई उपयोग गर्ने प्रयत्न भएको खासै देखिएन । यस क्षेत्रका ५३ विद्यालयहरुमध्ये २९ ओटामा मातृभाषाको छनोट गर्ने प्रयास नै नभएको देखिएन । चार विद्यालयले यस विषयको प्रश्नप्रति कुनै प्रतिक्रिया जनाएको छैन । ५ विद्यालयहरु क्रमशः नेरा प्रा.वि. भैरवस्थान वेतान, श्री ने.रा.प्रा.वि छिनिङगौरा, श्री ने.रा.आ.वि., चौकुने ४ विजौरा सुर्खेत, श्री ने.रा.प्रा.वि.रुदेप, श्री रा.आ.वि चौकुने ६ कोइलावासले अहिले सम्म तत्तत् स्थानमा मगर भाषिक वक्ता बढिरहेको हुदा मगर भाषाको लागि पहल गरेको गरेको र मगर भाषा वाहेक अरु छनोट नगरिएको भन्ने तथ्य प्राप्त भएको छ । यी विद्यालयमध्ये कुनै विद्यालयले मगर भाषा बनाउने कुरा हो तर समस्याले सकिएन भन्ने सूचना प्राप्त भएको छ । औसतमा हेर्दा उपर्युक्त विषयको अध्ययनमा निम्नलिखित पहल भएको देखिन्छ :

क. शिक्षण गर्दा मातृभाषा प्रयोग गरी गृहकार्य गर्न लगाउने,

ख. विद्यालयमा मातृभाषामा शिक्षण गर्न पहल गर्दे आएको छ,

ग. विद्यालयमा मातृभाषा शिक्षणको लागि आवश्यक छलफल गरिदै आएको,

घ. विद्यार्थीले प्रयोग गर्ने भाषा प्रयोग गरेर,

ङ. पहल गरेको छ तर आर्थिक समस्या,

च. गरिइएको छ, तरकारी खेती कक्षा १ देखि ३ सम्म,

छ. वि.व्य.स.को बैठकअनुसार जि.शि.कामा माग गरिएको छ ।

वि.व्य.स.को बैठकअनुसार जि.शि.कामा माग गरिएको छ तर कार्यान्वयन नभएको भन्ने स्पष्ट देखिन्छ । कुनै विद्यालयमा मातृभाषामा शिक्षण गर्न पहल गर्दै आएको छ र मातृभाषा प्रयोग गरी गृहकार्य गर्न लगाउने कार्यसम्म गरेको भन्ने तथ्य प्राप्त भएको छ । विद्यालयमा मातृभाषा शिक्षणको लागि आवश्यक छलफल गरिदै आएको तथा पहल गरेको छ तर आर्थिक समस्या परेको भन्ने समस्याहरुका कारण अगाडि बढ्न नसकेको भन्ने तथ्य प्राप्त छ । ती मध्ये एउटा विद्यालयले स्थानीय मातृभाषालाई कार्यान्वयनको तहमा ल्याउन कक्षा १ देखि ३ सम्म व्यवसायिक विषयमा प्रयास स्वरुप लागू गरिएको भन्ने सूचना प्राप्त भएको देखिन्छ ।

यस विषयमा नियामक निकायको ध्यान आकर्षण गराउने प्रयास गरेको देखिन्छ । यस गाउँपालिका क्षेत्रमा मगर समुदायले बोल्ने मगर भाषाका लागि पहल गरिएको अधिक रुपमा पाइएको छ, जुन कार्यान्वयनका लागि कार्यक्षेत्रमा उत्रन बाँकी नै छ । यी भाषा बहुसङ्ख्यकले बोलेको पाइएन । मातृभाषाको उपयोगमा स्थानीय समुदायले खोजी गर्ने अभ्यासको आवश्यकता देखिन्छ ।

२.४.७. नेपाली र अंग्रेजी बाहेक मातृभाषामा शिक्षण गर्ने नीति निर्देशनको अवस्थिति तथा कार्यक्रम

यस क्षेत्रका अनुसन्धाानका दायराभित्र समेटिएका ५३ विद्यालयहरुमा माथिको विषयमा खोज तथा अध्ययन गरिएको देखिएको छ । ती विद्यालयहरुमध्ये ३८ वटा विद्यालयले मातृभाषामा शिक्षण गर्ने नीति निर्देशनका बारेमा कुनै जानकारी नपाएको भन्ने सूचना प्राप्त भएको छ । ती विद्यायलहरु मध्ये २ विद्यालयले शैक्षिक तालिमकेन्द्रवाट बहुभाषिक तालिमले निर्देशन दिएको, ३ विद्यालयले मातृभाषा शिक्षण गर्ने नीति निर्देशन श्रोतकेन्द्रबाट पाएको, २ विद्यालयले स्थानीय पाठ्यक्रम विकासवाट, ३ विद्यालयले जिल्ला शिक्षा कार्यालयबाट, १ विद्यालयले तालिमबाट, १ विद्यालयले समुदायको पहलबाट, १ विद्यालयले वि.व्य.स. बाट विद्यालयमा मातृभाषामा शिक्षण गर्ने नीति निर्देशनको सूचना तथा नीति निर्देशन प्राप्त भएको भन्ने तथ्य प्रष्ट देखिएको छ । यिनलाई बुँदागत रुपमा निम्नानुसार देखाइएको छ :

१. मातृभाषा शिक्षण गर्ने निति निर्देशन श्रोतकेन्द्रबाट पाइयो

२. स्थानीय पाठ्यक्रम विकासवाट
३. शैक्षिक तालिमकेन्द्रवाट बहुभाषिक तालिमले निर्देशन दिएको
४. जिल्ला शिक्षा कार्यालयवाट
५. वि.व्य.सबाट
६. स्रोत केन्द्र र छिमेकी विद्यालयवाट
७. समुदायको पहल
८. तालिमबाट सो सम्बन्धी जानकारी
९. स्थानीय अभिभावकबाट स्थानीय विषय राख्नुपर्छ भनेर,

१०. जि.शि.का.बाट

नेपाली र अंग्रेजी बाहेक मातृभाषामा शिक्षण गर्नका लागि प्रस्तुत कार्यक्रम र यसका लागि गरिएका प्रयत्नका बारेमा गरिएको खोजमा पनि खासै कुनै थप प्रयत्न भएको देखिएन । अध्ययनका केन्द्रबिन्दुमा रहेका ५३ वटा विद्यालयहरुमध्ये ४७ वटा विद्यालयले यस विषयमा कुनै कार्यक्रम र बजेट नभएको भन्ने उत्तर दिएका छन् । केही विद्यालयले केही प्रतिक्रिया दिएका छैनन् । यी विद्यालयहरुमध्ये नेरा प्रा.वि. भैरवस्थान वेतान, चौकुने ३ सुर्खेतले मातृभाषामा शिक्षण गर्न स्थानीय सरकारबाट तालिम शिक्षण व्यबस्था गरेको छ । त्यसैगरी श्री ने.रा.आ.वि., चौकुने ४ विजौराले मगर भाषा उत्थानका लागि गा.पा.बाट , श्री जनजागृत मा.वि. तोसाले गा.पाबाट पाठ्यपुस्तकका लागि थोरै रकम प्राप्त गरेको, श्री लालिगुरास प्रा.वि. सानागैराले गाउपालिकावाट मातृभाषा उत्थानको लागि रकम प्राप्त गरेको, श्री नेपाला राष्ट्रिय आ.वि., सोभानचौरले किताब खरिद गर्न गा.वि.सबाट बजेट प्राप्त गरेको देखिन्छ, । यस विषयमा गरिएका कार्यक्रम र बजेटका सम्बन्धमा गरिएका प्रयत्नलाई बुँदागत रुपमा निम्नानुसार देखाउन सकिन्छ :

१. मातृभाषामा शिक्षण गर्न स्थानीय सरकारबाट तालिम शिक्षण व्यबस्था,

२. मगर भाषा उत्थानका लागि गा.पाबाट बजेट तथा कार्यक्रम ,

३. पाठ्यपुस्तकका लागि गा.पाबाट थोरै रकम प्राप्त,

४. गाउपालिकाबाट मातृभाषा उत्थानको लागि रकम परेको,

५. किताब खरिद गर्न गा.वि.स बाट दिएको ।

२.४.८. बहुभाषिक शिक्षक तालिममा सहभागीको अवस्थिति

माथिको शीर्षकमा केन्द्रित रहेर यस गापामा रहेका विद्यालयहरुमा खोज तथा अध्ययन गर्दा खासै सन्तोषजनक स्थिति देखिएको छैन । केही विद्यालयहरु प्रयासरत देखिए तापनि बढी विद्यालयहरु प्रयास गरेको देखिँदैन । केही विद्यालयहरु भने यस शीर्षकमा मौन नै देखिएका छन् । ५३ वटा विद्यालयहरु मध्ये ४१ वटा विद्यालयहरुले उपर्युक्त शीर्षकमा सहभागी नै नरहेको भन्ने उत्तर प्राप्त भएको छ । यस शीर्षकमा केन्द्रित रहेर केही विद्यालयहरुले गरेका प्रयासलाई निम्न बुँदामा यसरी देखाइएको छ :

१. ५ दिने मातृभाषामा टि.पि.डि तालिम शिक्षण व्यबस्था – नेरा प्रा.वि.भैरवस्थान वेतान

२. १० दिनको टि.पि.डि तालिम – श्री ने.रा.प्रा.वि छिनिङगौरा

३. ३ दिनको तालिममा सहभागी भएको – श्री जनकल्याण आ.वि

४. ५ दिनको टि.पि.डि. तालिम – श्री मालिका प्रा.वि

५. जि.शि.का.बाट दुई दिनसम्म तालिम – श्री ने.रा.आ.वि.

६. ५ दिनको बहुभाषिक शिक्षक तालिम – कर्णाली प्रा.वि.जामुने ३ बेतान सुर्खेत

७. स्रोतकेन्द्रमा ५ दिनको तालिम – श्री जनजागृत मा.वि. तोसा

८. ५ दिनको तालिममा सहभागि गराइएको – श्री लालिगुरास प्रा.वि. सानागैरा

९. मगर भाषाको तालिम दुइ दिने – श्री सरस्वती प्रा.वि.मायाताल

विद्यालयमा बहुभाषिक शिक्षक तालिममा सहभागीको अवस्थितिका दृष्टिले गरिएको यस अध्ययनमा भने केही विद्यालयले मातृभाषाको तालिममा शिक्षकको उपस्थित गराएको भन्ने देखिएको छ । नेपाली भाषा सवैले बोल्ने भाषा हो । यो सन्दर्भ तथा पृष्ठभूमि हेर्दा यहाँका शिक्षकलाई शिक्षक तालिमको आवश्यकता पर्दछ । स्थानीय तहमा स्थानीय मातृभाषामा शिक्षण हेतु सबै विद्यालयका शिक्षकले तालिम लिन पाउने अवसर निर्माण आवश्यक देखिएको छ ।

२.४.९. पाठ्य सामग्रीहरुको उपलव्धता तथा स्रोत

मातृभाषमा शिक्षण अघि बढाउन पाठ्य सामग्रीहरुको आवश्यकता पर्दछ । स्थानीय समुदायले प्रयोग गर्ने मातृभाषालाई माध्यम बनाउन सहयोगी भूमिका पाठ्यसामग्रीको हुन्छ । यस शीर्षकमा केन्द्रित रहेर समाग्रीहरुको उपलब्धताको अवस्थाको जानकारीका लागि सोधिएको प्रश्नको

जवाफमा ४० वटा विद्यालयले पाठ्यपुस्तकको उपलब्धता नभएको उल्लेख गरेको छ । ती मध्ये केही विद्यालयका उत्तरहरुलाई निम्न बुँदाका आधारमा देखाउने प्रयास गरिएको छ :

१. कक्षा १ दखि ५ सम्म स्थानीय पाठ्यक्रम १०० पूर्णांकको – नेरा प्रा.वि. भैरवस्थान वेतान

२. मातृभाषा पाठ्यसामाग्री र शिक्षक निर्देशिका – श्री राष्ट्रिय आ.वि.

३. पाठ्यक्रम वाहेक अन्य सामाग्री नभएको – श्री समजी प्राथमिकविद्यालय

४. मगर दुट – श्री ने.रा.आ.वि.

५. मगर भाषाका कक्षा १ द्येखि ५ सम्म – श्री जनजागृत मा.वि. तोसा

६. नेपाली, गणित, विज्ञान, सामाजिक, नैतिक, स्वास्थ्य, पेशा कम्पूटरआदि – श्री ने.रा.आ.वि.सातमघा रापानी

७. एउटा मिनिक भन्ने पुस्तक छ – श्री रा.आ.वि

८. मगर भाषाको – श्री लालिगुरास प्रा.वि. सानागैरा

९. अछामी भाषाका अलिअलि – श्री कालिका प्रा.वि

१०. पर्याप्त छन् – श्री ने.रा.आ.वि.भम्टेसेरा

११. अप्रयाप्त छ – श्री नेपाला राष्ट्रिय आ.वि.

नेरा प्रा.वि. भैरवस्थान वेतानले कक्षा १ दखि ५ सम्म स्थानीय पाठ्यक्रम १०० पूर्णांकका लागि आवश्यक सबै सहयोगी सामग्री सबैको स्रोत वडापालिका कार्यलय रहेको देखिएको छ । त्यसैगरी श्री राष्ट्रिय आ.वि.ले मातृभाषा पाठ्यसामाग्री र शिक्षक निर्देशिकाको स्रोतका रुपमा विद्यालय आफैं रहेको छ । श्री समजी प्राथमिकविद्यालयले अन्य सामाग्री नभएको भए तापनि पाठ्यक्रम विद्यालय आफैंले खरिद गरेको देखिन्छ । श्री ने.रा.आ.वि.ले मगर ढुटका सामग्री जनजाति उत्थान समाज विचौरा सुर्खेत संस्थावाट प्राप्त गरेको छ । श्री जनजागृत मा.वि. तोसाले मगर भाषाका कक्षा १ द्येखि ५ सम्मका सामग्रीहरु पाठ्यक्रम विकास केन्द्रवाट निशुल्क रुपमा प्राप्त गरेको देखिन्छ । श्री ने.रा.आ.वि.सातमघा रापानीले नेपाली, गणित, विज्ञान, सामाजिक, नैतिक, स्वास्थ्य, पेशा कम्पूटरआदिको सामग्री कुन भाषाको हो भन्ने स्पष्ट नपारेको देखिएको छ तापनि ती सामग्रीहरु नेपाल सरकारको जनक शिक्षा सामाग्रीवाट प्राप्त गरेको छ । त्यसैगरी श्री रा.आ.विले मिनिक भन्ने पुस्तक किनेर ल्याएको, श्री लालिगुरास प्रा.वि. सानागैराले मगर भाषाको सामग्री

किनेर ल्याएको भए तापनि स्रोत खुलेको छैन । श्री कालिका प्रा.वि अछामी भाषाका अलिअलि सामग्रीहरु विद्यार्थी, शिक्षक र अभिभाबाट स्रोत जुटाएको देखिन्छ । श्री ने.रा.आ.वि.भम्टेसेराले नेपाल सरकारवाट मातृभाषा नखुलेका पर्याप्त सामग्रीहरु तथा श्री नेपाल राष्ट्रिय आ.वि.ले अपर्याप्त भए तापनि गा.वि.स.को पहलमा नेपाल मगर संघबाट सामग्री जुटाउन सफल भएको देखिन्छ ।

२.४.१०. विभिन्न सन्दर्भहरु

(क) अतिरिक्त क्रियाकलाप सञ्चालन

विद्यालयहरुमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापलाई यहाँ समावेश गरिएको छ । अतिरिक्त क्रियाकलाप अन्तर्गत हाजिरी जवाफ, वादविवाद र सांस्कृतिक कार्यक्रमलाई समावेश गरिएको छ । यस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा धेरैजसो नेपाली भाषाको प्रयोग हुने गरेको देखिन आएको छ । केही उत्तरमा भने स्थानीय भाषाको समेत प्रयोग हुने उल्लेख छ । यसमा उत्तर सङ्ख्या हेर्दा ३३ वटा विद्यालयले नेपाली भाषामा यस्ता कार्यक्रम सञ्चालन हुने उल्लेख गरेका छन् । १ वटा विद्यालयमा अछामी भाषामा अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको देखियो । यस्तै नेपाली र अङ्ग्रेजी भाषामा सञ्चालन गर्ने ५ वटा विद्यालयले देखिएका छन् । बहुभाषाहरु नेपाली, अछामी र जुम्ली भाषामा सञ्चालन गर्ने १ वटा, नेपाली,अछामी भाषामा सञ्चालन गर्ने ६ वटा, अछामी दैलेखी र डोटेली भाषामा १, मगर,अछामी,नेपाली जस्ता बहुभाषामा १ विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन भइरहेको जानकारी तथ्यबाट प्राप्त भएको छ ।

यो तथ्याङ्क हेर्दा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा मिश्रित रुपमा भाषा प्रयोग भएको भेटिएको छ । नेपाली भाषाको अधिक रुपमा उपयोग भए तापनि स्थानीय भाषाको सहयोग लिएको पनि पाइएको छ ।

(ख) कक्षा बाहिर शिक्षक र विद्यार्थीका बीचको सम्पर्क भाषा

कक्षा बाहिरको शिक्षक तथा विद्यार्थी बीचको सम्पर्क भाषाका बारेमा यस क्षेत्रका विद्यालयहरुमा केन्द्रित भएर खोज तथा अध्ययन गर्दा अधिक रुपमा नेपाली भाषाको प्रयोग गरिएको देखिएको छ । त्यस पछि दोस्रो स्थानमा अछामी भाषा देखा परेको छ भने तेस्रो स्थानमा मगर भाषाको प्रयोग देखिन्छ । त्यसपछि क्रमशः दैलेखी, डोटेली, चिंगारी वा जुम्ली र दंगाली भाषाको प्रयोग गरेको देखिन्छ । समग्रमा हेर्दा यहाँ पनि सञ्चारमा नेपाली, अछामी र मगर भाषाले महत्त्वपूर्ण स्थान लिएको देखिएको छ ।

(ग) कक्षा अवलोकन तथा पृष्ठपोषण

विद्यालयमा नेपाली वा अंग्रेजी भाषाका माध्यमबाट सञ्चालित कक्षाको अवलोकन गरी मातृभाषी विद्यार्थीका लागि पृष्ठपोषण दिने कार्य प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिएको छैन । तथापी विद्यार्थीले बुझ्नेनन् भने विद्यालय परिसरको स्थानीय भाषा प्रयोग गर्ने विषय उल्लेख गरिएको छ । स्थानीय भाषालाई प्रयोग गर्दा शब्दलाई उल्था गरेर सिकाइ अघि बढाउने सन्दर्भ समावेश गरिएको छ । अरुलाई सुझाव दिँदा मातृभाषामा अर्थ दिने गरी सिकाउने सुझाव दिएको विवरण उल्लेख छ ।

(घ) मातृभाषी विद्यार्थीका लागि शैक्षिक उपलब्धी सुधारको अवस्था

माथिको शीर्षकमा केन्द्रित भएर गरिएको खोजमा अधिकतम विद्यालयले त्यस्तो कार्यक्रम औपचारिक रुपमा नगरिएको सूचना प्राप्त भएको छ । तैपनि अनौपचारिक रुपमा केहरु विद्यालयहरुले कार्यक्रम गरेको भन्ने तथ्यमा देखिएको छ, जुन त्यति सन्तोषजनक र प्रभावकारी देखिँदैन । प्राप्त तथ्यहरुलाई बुँदागत रुपमा देखाउँदा निम्न प्रयास भएको पाइन्छ :

१. अभिवावकहरुलाइ घरमा वालवालिकाहरुलाइ सिकाइमा सहयोग गर्न अनुरोध
२. मगर भाषा ज्यादा बोल्ने हुनाले सोही भाषामा नृत्य तथा गीतको अभ्यास गराइने
३. कक्षा क्रियाकलापको लागि अछामी भाषावाट गराइएको
४. वि.व्य.स तथा अभिभावक बैठकवाछ छलफल गरी
५. मातृभाषामा समुदायअनुसार फरक फरक विद्यार्थी हुने भएकोले सामुहिक रुपमा विद्याथी सहभागी गराइ कार्यक्रम गराउने
६. प्रत्येक शनिवार उनीहरुले जानेका स्थानीय खेल खेलाउने
७. शिक्षक र विद्यार्थीबीच स्थानीय बोलचालको भाषा प्रयोग गराउने ।

(ङ) शिक्षणका क्रममा मातृभाषी विद्यार्थीका गुनासाको अवस्था तथा सामग्रीको उपलब्धता तथा अनुवादको स्थिति

माथिको शीर्षकमा केन्द्रित रहेर खोज गर्दा प्रष्ट रुपमा गुनासाहरु नदेखिए तापनि मौन रुपमा गुनासाहरु रहेको भन्ने जानकारी तथ्यले प्रस्तुत गरेको छ । यद्यपी धेरै विद्यालयले गुनासाहरु

छैनन् भन्ने उत्तर दिएका छन् । यस्तो स्थितिमा मातृभाषी विद्यार्थीका लागि पर्याप्त मात्रमा सामग्रीको उपलब्ध छैन भनी सबै विद्यालयहरुले उत्तर दिएका छन् । यी विद्यालयहरु मध्ये श्री जनजागृत मा.वि. तोसाले मात्र मगर भाषा वर्णमालाबाट शिक्षा प्राप्त गरेको भन्ने उत्तर उपलब्ध गराएको छ ।

मातृभाषाको पाठ्यसामग्री अनुवाद गरेर प्रयोग गरिएको अवस्था नरहेको कुराको जानकारी प्राप्त भएको छ । प्राय सबै विद्यालयले अनुवाद गर्नु पर्ने अवस्था नभएको, शिक्षकलाई मातृभाषाको ज्ञान नभएकाले नगरिएको, तथा सामान्य जानकारी मात्र गराएको तर अनुवादको काम नगरिएको छ उत्तर दिएका छन् । एउटा मात्र विद्यालय श्री जनजागृत मा.वि. तोसाले मात्र मगर भाषाको रहेको जानकारी दिएको छ ।

(च) मातृभाषी विद्यार्थीका लागि गरिएका एक, द्वि वा बहुभाषिक शिक्षणसिकाईको स्थिति

माथिको शीर्षकमा केन्द्रित भएर अध्ययन गर्दा जम्मा २६ विद्यालयमा एक भाषिक, १२ विद्यालयले द्विभाषिक, ५ विद्यालयले बहुभाषिक शिक्षणसिकाईको मोडलको प्रयोग गरिएको देखिएको छ ।

(छ) बहुभाषिक शिक्षाका कार्यक्रम सञ्चालन नहुनाका कारणहरु

यस गाउँपालिका क्षेत्रमा बहुभाषिक शिक्षाका कार्यक्रम सञ्चालन हुन नसक्नाका कारणहरुको विषयमा विद्यालयहरुको मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । अधिक संख्यामा उत्तर हेर्दा त्यस सम्वन्धी तत्परता नभएको तथा सबै विद्यार्थीहरुले नेपाली भाषा बोल्न, लेख्न र बुझ्न सक्ने भएकाले भन्ने प्राप्त भएको छ । बहुभाषिक शिक्षा सन्चालन गर्न कक्षाकोठा व्यबस्थापनमा समस्या, विद्यार्थीमा बुझाई तथा सिकाइमा समस्या हुने गरेको, बहुभाषिक दक्ष शिक्षक नभएको र बहुभाषिक शिक्षक तालिम पनि नभएको तथा शिक्षणका लागि अनुवाद गरेका पुस्तकका अभाव रहेको भन्ने अर्को जानकारी प्राप्त भएको छ । यसका साथै स्रोत, साधन र भाषा अनुरुपको पाठ्यपुस्तक र अन्य थप सामग्रीको उपलव्धता र शिक्षकको कमी भएको भन्ने उत्तर प्राप्त भएको छ । ती विद्यालयहरु मध्ये श्री सुर्दशन प्रा.वि.ले मात्र आफ्नो विद्यालयमा बहुभाषिक शिक्षाका कार्यक्रम सञ्चालन गरेको भन्ने उत्तर प्राप्त भएको छ ।

(ज) तल्ला कक्षामा मातृभाषाका स्थानीय बाल बालिकाहरु पछि परेको जस्तो लाग्छ ?

बढी विद्यालयले खासै फरक नपरेको भन्ने उत्तर दिएका छन् । यसो हुनुमा अधिकतरले नेपाली भाषा नै जान्ने भएको कारण बताएका छन् भाषाका कारण तल्लो कक्षामा बाल बालिकाहरु पछि परेका हुन् अथवा होइनन् भन्ने प्रश्नको उत्तरमा प्राप्त सूचनालाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको   छ :

१. भाषाको बुझाइ कमजोर भएकाले केहि मात्रामा पछाडि परेको जस्तो लाग्छ,

२. मातृभाषा कक्षा नहुदा फरक भने पर्छ । त्यसैले पछि परेको छ,

३. मातृभाषामा बोलाउँदा उनीहरु खुसी हुने र नजिक हुने गरेको पाइयो,

४. सुरुमै मातृभाषामा बोल्छन् विस्तारै नेपाली सिक्दा समस्या छ, त्यसैले त अरुभन्दा पछाडि नै पर्छ,

५. घरको पहिलो आफ्नै मातृभाषा भएकाले भाषा नबुझपछि पढाइमा अन्तर पाइएको छ,

६. मातृभाषा बोल्ने वालवालिकाहरु पढाइमा कमजोर भएको भेटिन्छ

(झ) नेपाली वा अङ्ग्रेजी भाषाको माध्यमका कारण स्थानीय भाषाको पृष्ठभूमि भएका बाल बालिकाहरुमा विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने अवस्था

नेपाली वा अंग्रेजी माध्यमका कारण गैर नेपाली भाषी मातृभाषी विद्यार्थीहरु कक्षा छोड्ने, दोहोर्याउने वा फेल हुने अवस्थितिको ज्ञानको खोजका कारण गरिएको प्रश्नको उत्तरमा केवल छ र छैन/छैनन् भन्ने मात्र प्राप्त भएको छ । यसबाट आफैले अवधारण बनाउनु पर्ने देखिन्छ । छ शब्दको अर्थ विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने अवस्था छ भन्ने र छैन भन्ने शब्दको अर्थ विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने अवस्था छैन भन्ने बुझिनु पर्ने देखिएको छ । यस अर्थमा प्राप्त तथ्यलाई हेर्दा विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने अवस्था धेरै नरहेको देखिन आउछ । माथिको शीर्षकमा गरिएका प्रश्नको उत्तरमा केही विद्यालयबाट प्राप्त सूचनालाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

१. सुरुमा विद्यार्थीलाइ कठिनाइ उत्पन्न भएपनि उनीहरु विस्तारै नेपाली भाषामा समस्या समाधान गर्न थाल्छन त्यसपछि कक्षा छोड्ने र दोहोर्याउने दर कम मात्रामा छन्

२. नेपाली माध्यमको कारण अन्य मातृभाषी पछाडि पर्छन,

३. मातृभाषा प्रयोग नगरी नेपाली अंग्रेजी भाषामा सिकाउँदा उनीहरु केहि नबुझ्ने हुन्छ र प्राय अछामी समुदायका विद्यार्थी विद्यालयमा कम उपस्थिती हुने फेल हुने गरेको पाइएको,

४. नेपाली मातृभाषी पनि कक्षा छाड्ने फेल हुने गर्छन,

५. विशेषगरी शिसु तथा कक्षा १ मा केहि दोह्याउने गरेको

(ञ) नेपाली मातृभाषी र गैर मातृभाषीहरुको सिकाइ उपलब्धीमा भिन्नताको अवस्थिति

माथिको शीर्षकमा गरिएको खोजमा एक चौथाई विद्यालयबाट कुनै सूचना प्राप्त भएको देखिएन । त्यस बाहेक आधाजसो विद्यालयले अन्तर नभएको उत्तर दिएको छ । भने केहीले सामान्य अन्तर भएको जानकारी दिएका छन् । ती बाहेक अन्य उत्तर जसले अन्तर हुनुका कारणलाई जनाएको छ, तिनलाई निम्नानुसार देखाइएको छ :

१. नेपाली मातृभाषी घरपरिवारवारवाट नै सिकाई भएको,

२. मातृभाषाकै कारणले सिकाइमा कठिनाइ र उपलव्धी कम ।

(च) नेपाली वा अंग्रेजी भाषाजस्तै मातृभाषा विषय विद्यालयमा पढाउनु पर्नेका कारण

माथिको शीर्षकमा गरिएको प्रश्नको उत्तरमा नौ वटा विद्यालयले मातृभाषा विषय विद्यालयमा पढाउनु नपर्ने भन्ने उत्तर दिएका छन् । ती बाहेक केही विद्यालयको सूचना प्राप्त भएको छैन । बचेका अन्य विद्यालयको उत्तरहरुलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ:

१. भाषा लोप हुनवाट बचाउनका साथै शैक्षिक स्तर र सिकाइ उपलव्धी बृद्धि गर्न

२. विद्यार्थीको सिकाई सहज हुनुका साथै उनीहरु सिक्नका लागि उत्सुक देखिन्छन् ,

३. सिकाइ सहज हुन्छ अनि कक्षा छाड्ने दर घट्छ,

४. मगर समुदायको बाहुल्यता बढी भएर

५. पढाउन गाह्रो हुने र भाषा लोप हुन लागेको

६. विद्यार्थी विभिन्न भाषिक समुदायका हुने हुँदा उनीहरुलाई नेपाली बुझ्न कठिन हुन्छ ।

२.४ विषयका रुपमा मातृभाषा शिक्षणका आधारहरु

नेपालको संविधानले नेपाली बालबालिकालाई प्रदान गरेको आफ्नो मातृभाषामा शिक्षा पाउने हक कायम गर्न बहुभाषिक र एकभाषी सिकाइका अभ्यास अघि बढाउनु पर्दछ । माथि यस गाउँपालिकामा मातृभाषा शिक्षणका आधारहरुका बारेमा जानकारी लिने प्रयोजन अनुरुप सूचना सङ्कलन गरिएको छ । खासगरी मातृभाषामा शिक्षण गर्ने रणनीति तयार भएको अवस्थामा

शिक्षणका आधारहरुका बारेमा चर्चा गरिएको छ । ती विषयलाई विभिन्न उपशीर्षका निम्नानुसार चर्चा गरिएको छ ।

२.४.१. विद्यालयमा स्थानीय भाषा (मातृभाषा) विषय शिक्षण गर्नुपर्ने कारणहरु

प्रस्तुत विषयमा विद्यालयहरुसँग लिइएको प्रश्नोत्तरमा प्राप्त उत्तरहरुलाई निम्नानुसारका बुँदा प्रस्तुत गरिएको छ :

१. भाषाको उत्पादन हुने तथा मातृभाषी विद्यार्थीको हौसला बढाउन वा जागरन ल्याउन सहज,

२. सिकाइ प्रभावकारी हुनुको साथै भाषाको उत्थान तथा र समुदायको प्रत्यक्ष सहभागिता हुने,

३. सिकाइ उपलब्धी बढाउन साथै सहजता सृजना गर्न तथा विद्यार्थीको मनोभावना बुझ्न र सिकाइलाई सरल बनाउन

४. विद्यार्थीहरुले छिटो र सजिलो तरिकाले सिक्ने तथा विद्यार्थी आर्कषित हुने,

५. बालबालिका घरमा मातृभाषा बोल्ने अचानक अर्को परिवेशमा घुलमिल हुन अप्ठ्यारो पर्छ,

६. मातृभाषामा शिक्षा दिने व्यबसथा अनुरुप सबैको पहुच शिक्षामा पुर्‍याउनु

२.४.२ स्थानीय मातृभाषालाई विषयका रुपमा शिक्षण गर्दा उपयुक्त हुने कक्षाको सीमा

विद्यालयहरुले आफ्नो अनुभवका आधारमा कुन कक्षासम्म पढाउन उपयुक्त हुन्छ भन्ने प्रश्न गरिएको थियो । यसको प्रतिक्रिया विद्यालयहरुले आ आफ्नो धारणा व्यक्त गरेका छन् । अधिकतम सूचकले कक्षा १ देखि ५ सम्म, त्यसपछिकाले १ देखि ३ सम्म, केहीले १ देखि ८ सम्म तथा न्यूनले उच्च तहसम्म शिक्षण हुनुपर्ने कुरोको जिकीर गरेका छन् । यसरी धारणा व्यक्त गर्दा विद्यालयले गरेका अनुभवलाई आधार मानेर प्रतिक्रिया प्राप्त भएको छ । देहाय अनुसारका सुझाव प्राप्त भएका छन् :

१. शिक्षण गर्न सजिलो हुने र भाषाको संरक्षण समेतका आधारमा कक्षा ३ सम्म शिक्षण गर्न पर्दछ

२. कक्षा ५ सम्मका बालबालिकाहरु आफ्नै समुदायको नजिक बसेर सिकाइ हुने जसका कारणले सिकाइमा सकारात्मक प्रभाव .पर्ने तथा विद्यार्थीलाई बुझाउन सजिलो हुने,

३. सिकाइको जग बलियो हुने तथा सम्पूर्ण व्यवहारिक सिकाइका लागि कक्षा ८ सम्म सिकाइ हुनु पर्ने ।

२.४.३ मातृभाषा शिक्षणका समस्याहरु

मातृभाषालाई विषयको रुपमा शिक्षण गर्नका लागि देखा पर्ने अवरोधको पहिचानका लागि यस शीर्षकमा खोज तथा अध्ययन गरिएको छ । त्यसका लागि कक्षा व्यवस्थापन, शिक्षक व्यवस्थापन, शिक्षण सिकाइ प्रक्रिया, पाठ्यसामग्री र परीक्षा तथा मूल्याङ्कलाई प्रमुख आधार

बनाइएको छ । यसको प्रतिक्रिया स्वरुप विद्यालयहरुले आआफ्नो धारणा व्यक्त गरेका छन् । यस शीर्षकमा केन्द्रित भएर गरिएको खोजलाई विभिन्न उपशीर्षकमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) कक्षाकोठा व्यवस्थापन

१. पहिलो प्रमुख समस्या नै कक्षाकोठाको व्यवस्थापन भन्ने रहेको छ । विद्यार्थी अनुकूल कक्षाकोठा नहुनुका कारण सिकाइमा प्रतिकूल प्रभाव परेको छ ।

२. कक्षा छन् तर विद्यालयले मर्मतसम्म पनि गर्न सकेको अवस्था छैन ।

३. कक्षाकोठा नभएका कारण बेग्लै कक्षा सञ्चालनको समस्या छ । कक्षाकोठा भए पनि सिकाइका लागि उपयुक्त कक्षाकोठा नभएको ।

(ख) शिक्षक व्यवस्थापन

कक्षामा शिक्षण सिकाईलाई प्रभावकारी बनाउने प्रमुख कारक तत्त्व शिक्षक नै हो । शिक्षक व्यवस्थापनका समस्या निम्न अनुसार छन् :

१.बहुभाषिक कक्षा सञ्चालन गर्न र मातृभाषाका शिक्षक दरबन्दीको अभाव छ, ।

२. विद्यालयमा तालिम प्राप्त शिक्षकको अभाव छ,

३. स्थानीय भाषाको ज्ञान भएको शिक्षकको व्यवस्था नभएको,

४. स्थानीय रुपमा उपयोग हुने भाषा अनुसारको शिक्षकको अभाव ।

(ग) शिक्षण सिकाइ प्रक्रिया

यस शीर्षकमा केन्द्रित भई सोधिएका प्रश्न र तिनका उत्तरलाई निम्न बुँदामा देखाइएको छ :

१. अक्षर, शव्द चिनाउन निकै समस्या पर्ने

२. सम्वन्धित विषयका निर्देशिका तथा सामग्रीहरु उपलब्ध नहुनु

३. बहुकक्षा शिक्षण प्रक्रिया हुनु

४. शिक्षण सिकाइ प्रक्रिया वारे तालिम नहुनु

५. मुद्रित सामग्री उपलव्ध नहुनु

६. एउटै खालको शिक्षण क्रि याकलाप गर्नु

७. विद्यार्थीलाइ शिक्षणमा शैक्षिक सामाग्री प्रयोग नगरी शिक्षक केन्द्रित विधिको प्रयोग हुने ।

(घ) पाठ्य सामग्री

प्रभावकारी सिकाइको अर्को आधार हो पाठ्य सामग्री । पाठ्य सामग्रीको अभावमा सिकाइ प्रभावकारी हुन सक्दैन । पाठ्य सामग्रीको उपलब्धताले सिकाइको स्थायित्वमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यस क्षेत्रका विद्यालयहरु मध्ये १७ विद्यालयले पाठ्य सामग्री नै नभएको उत्तर

दिएका छन् । केही विद्यालयको सूचना नै प्राप्त हुन सकेको छैन । ती बाहेक विद्यालयमा यस शीर्षकमा केन्द्रित भई सोधिएका प्रश्न र तिनका उत्तरलाई निम्न बुँदामा देखाइएको छ :

१. पाठ्यसामग्रीको अभाव हुनु, लिखित पुस्तक नहुनु

२. पाठ्यसामग्रहिरु पर्याप्त मात्रामा उपलब्ध नहुनु

३. तालिम लिए तापनि सो अनुसार पाठ्यसामग्री नहुनु

४. मातृभाषिसंग सम्वन्धित शब्दकोष, पाठ्यक्रम, पाठ्यपुस्तक हुनुपर्ने सो नभएको

५. स्थानीय स्तरमा सुहाउँदो पाठ्यसामग्री जुटाउन गाह्र भएको

६. स्थानीय विषय रुपमा मातृभाषा पाठ्यसामग्री प्रारराम्भिक कक्षामा प्रयोग नभएको

७. अलिअलि मात्र भएको जुन अपर्याप्त

(ङ) परीक्षा र मूल्याङ्कन

मातृभाषालाई विषयका रुपमा सिकाउँदा परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा देखा परेका समस्याका बारेमा सोधिएका प्रश्नको उत्तरमा केही विद्यालयको सूचना प्राप्त छैन, केही विद्यालयले छैन भन्ने छोटो उत्तर दिएका छन् भने कसैले कम भन्ने उत्तर दिएका छन् । यस्तो उत्तरले खोज गरिएको उत्तरमा अवरोध पुर्‍याएको छ नै । बाँकी विद्यालय र तिनको उत्तर लाई निम्नानुसार देखिइएको छ :

१. वाक्य लेखन अशुद्ध हुने

२. विज्ञ शिक्षकको अभाव

३. स्थानीय स्तरमा विशिष्टीकरण तालिका निर्माणको अभाव

४. लिखित मौखिक तथा प्रयोगात्मक

५. मातृभाषा फरक फरक हुदा मुलयांकनमा कठिनाई

६. मुल्यांकण साधनको अभाव

७. आर्थिक अभाव त्यसैले गाउपालिकाले अभिभावक चन्दावाट व्यबस्था गर्ने

८. मातृभाषीले उत्तर नेपालीमा नभएर डोटेलीमा लेख्ने प्रश्न नबुझ्रेर, छोड्ने

९. स्थानीय स्तरमा विशिष्टीकरण तालिका निर्माण गरी मूल्यांकण गर्ने सीपको अभाव

१०. प्रश्न निर्माण कठिन र बुझ्न गाह्रो

११. त्यही भाषामा परीक्षा दिने व्यबस्था नभएको

२.४.४ मातृभाषा शिक्षणका समस्या समाधानका उपायहरु

विषयको रुपमा मातृभाषालाई शिक्षण गर्दा देखा परेका विभिन्न समस्याहरुलाई समाधान गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित भएर यस शीर्षमा चर्चा गरिएको छ । त्यसका निम्ति चाहिने प्रमुख आधारका रुपमा कक्षाकोठा व्यवस्थापन, शिक्षक व्यवस्थापन, शिक्षण सिकाइ प्रक्रिया, पाठ्य सामग्री र परीक्षा तथा मूल्याङ्कनलाई लिइएको छ । तिनको चर्चा निम्नानुसार गरिएको छ :

(क) कक्षाकोठा व्यवस्थापन

सम्बन्धित प्रश्नमा केन्द्रित भई गरिएको सोधाइ र प्राप्त उत्तरलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

१. कक्षाकोठा व्यबस्थापनमा विद्यालयदेखि आवश्यक पहल गरेर

२. स्थानीय मातृभाषा बोल्ने व्यक्ति वा शिक्षकलाइ भाषिक तालिम प्रशिक्षण

३. मातृभाषायुक्त शैक्षिकसामग्री भएको कक्षाकोठा व्यबस्था गर्नुपर्ने

४. मातृभाषि समुह निर्माण गरी शिक्षण गर्ने

५. मातृभाषा शिक्षणका लागि स्थानीय शिक्षक विद्यार्थी हुनुपर्छ

६. प्रयाप्त कक्षाकोठा बनाइ एउटै मातृभाासाका विद्यार्थीहरुलाइ एउटै कक्षामा राखि १ घन्टा भन्दा बढि शिक्षण गर्ने

८. उपलब्ध मातृभाषिक शैक्षिक सामाग्री तथा अनुकुल वातावरण

९.स्थानीय तथा सरकार जिम्मेवमर रहेर आवश्यक पूर्वाधार, निर्माण तथा कार्य गर्दा

१०. सबैको सक्रियतामा समस्या समाधान हुने देखिन्छ

(ख) शिक्षक व्यवस्थापन

शिक्षक व्यवस्थानमा देखिएका समस्या समाधानका लागि प्राप्त उत्तरलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

१. विभिन्न भाषिक समुदायमालाई बुझाउन सक्ने बहुभाषिक शिक्षक उपलब्ध गराउनुपर्ने

२. विद्यार्थी तथा कक्षा अनुसार बहुभाषिक शिक्षक तालिम व्यबस्था गर्नुपर्ने

३. स्थानीय मातृभाषामा बढी दख्खल भएको स्थानीय शिक्षक नै हुनुपर्ने

४. गा.पा. वाट आर्थिक सहयोग गरे्र

५. आवश्यक्तानुसार राजयले दरवन्दी सिर्जना गरेर

६. मातृभाषामा विज्ञ शिक्षक चयन हुनुपर्छ

(ग) शिक्षण सिकाइ प्रक्रिया

सिकाइ प्रक्रियाको सुधारका लागि देहाय अनुसारका समस्या समाधानका उपाय अपनाउनु पर्दछ । देखिएका समस्या समाधानका लागि प्राप्त उत्तरलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

१. आर्थिक स्रोत जुटाएर सम्वन्धित विषयका निर्देशिका सामग्री अनुसार

२. भूवनावट जातजाति परिवेशअनुसार शैक्षिक क्रियाकलाप प्रयोग गरेर

३. स्थानीय स्तरका कला साहित्य समेटिएका शैक्षिक सामग्री प्रयोगमा ल्याएर

४. मातृभाषा शिक्षण सिकाई प्रक्रियाको वारेमा शिक्षकलाइ तालिम दिएर

५. नजान्ने भाषाका शब्द तथा वाक्य अनुवाद गराएर

६. सामाग्रीको व्यबस्था गर्ने र मातृभाषाको प्रयोग गरेर विद्यार्थी केन्द्रित अन्तरक्रिया गरेर

७. अक्षर, शव्द चिनाएर

८. भाषा अनुरुपका पोष्टर, चित्र तथा पाठ्यपुस्तकको प्रयोग गरेर

९. मातृभाषा सम्वन्धी दक्ष व्यक्तिहरुले सामग्रीबाट सिकाउने

११. विषयगत शिक्षकले प्रयोगात्मक लेखाइ र बोलाइका माध्यमबाट ।

(घ) पाठ्य सामग्री

सिकाइकमा उपयोग हुने मुख्य शैक्षिक सामग्री र सहयोगी शिक्षण सामग्रीबाट प्रभावकारी सिकाइ अगिाडि वढाउन सकिने भएकाले यस विषयसँग सम्बन्धित समास्या समाधानका लागि प्राप्त उत्तरलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

१. पाठ्यपुस्तक तथा सर्न्दभ सामग्रीहरु सहजै रुपमा समयमै उपलव्ध गराएर,

२. सामग्रीका लिखित दस्ताबेजका पुस्तक निर्माण गरेर,

३. पाठ्यसामग्री पर्याप्त मात्रामा उपलब्ध गराउने व्यबस्था मिलाएर,

४. पाठ्यक्रम, पाठ्यपुस्तक तथा शव्दकोष आदिको उपलब्धता गराएर,

५. पाठ्यसामग्री निर्माण गर्नका लागि स्रोत शिक्षकको व्यवस्था गरेर,

६. पाठ्यपुस्तक र निर्देशिका तयार गरेर,

७. पाठ्यक्रम स्थानीय तहको बनाएर,

८. खेलौनालाई पनि शैक्षिक सामाग्रीका रुपमा प्रयोग गरेर,

९. आधुनिक पाठ्यसामाग्री प्रयोग गर्ने

१०. विषयगत शिक्षक निर्देशिका तयार गरेर ।

(ङ) परीक्षा र मूल्याङ्कन

मातृभाषालाई विषयका रुपमा सिकाउँदा परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा देखिएका समस्या तथा समाधानका विषयमा प्राप्त उत्तरलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

१. स्थानीय स्तरमा प्रश्न पत्र निर्माण तथा मूल्यांकण गर्ने सीपको विकास गरेर
२. लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गरेर,
३. पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार
४. एकरुपता कायम गरी
५. सुनाइ तथा बोलाइका आधारमा मूल्यांकन गरेर,
६. मातृभाषाको माध्यमवाट परीक्षा लिने र उत्तर दिन लगाएर,
७. अवलोकन गरेर
८. स्थानीय शिक्षकले नै मातृभाषामा आधारित परीक्षा तथा मुल्यांकन प्रणाली अपनाएर ।

२.४.५ अनौपचारिक शिक्षा र बाल विकास शिक्षाका सञ्चालनका आधार

यस क्षेत्रमा अनौपचारिक शिक्षा र बाल विकास शिक्षाका सञ्चालनका आधारको खोजका लागि विभिन्न विषयमा केन्द्रित भएर गरिएका प्रश्न र तिनको उत्तरलाई विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएको छ :

(क) निरक्षर व्यक्तिका लागि मातृभाषामा कक्षा संचालन गर्नुका कारण

१. निरक्षरलाई पनि साक्षर गराउन सकिन्छ ।
२. मातृभाषामा संचालन गर्दा उनीहरुले सजिलै बुझ्न सक्ने भएकोले उपलव्धिमूलक हुने,
३. सरल र सहज हुने भएकाले छिटो सिक्नु हुन्छ,
४. सिकाईप्रति उत्प्रेरणा जगाउन,
५. उनीहरुको सिकाइ सरल र अर्थपूर्ण हुन्छ,
६. वालक विद्यालयमा आउदा मातृभाषा बढी जानेको हुन्छ ।

(ख) मातृभाषामा अनौपचारिक कक्षा सञ्चालन गर्दा सिकारु र समुदायलाई हुने फाइदा

स्थानीय रुपमा प्रयोग हुने मातृभाषालाई अनौपचारिक शिक्षा तर्फका साक्षरताका कक्षा सञ्चालन गर्दा समुदाय र सिकारु दुवैलाई फाइदा हुने विषयमा प्राप्त उत्तरलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

१. समुदायमा धेरै जातका मानिस बसोवास गर्ने भएकाले मातृभाषा सिकाउदा सिकाइ प्रभावकारी हुने जसको प्रत्यक्ष लाभ दुबैलाई हुने,

२. आत्मीयताको भावना विकास हुन जान्छ

३. निरक्षरता दर घट्यो र समुदाय नै शिक्षित हुने,

४. साक्षरता स्तरतामा बृद्धि हुने,

५. मातृभाषाको विकास हुनका साथै बुढापाकाले आफै बुझ्न सक्ने,

६. आफ्नो भाषाप्रति मायामोह जाग्ने हुनाले समुदायमा आफ्नोपनको महुस गर्ने,

७. भाषिक सम्पर्क बढाउनुका साथै भाषाको संरक्षण गर्न तथा भाषिक गोष्ठी गर्न समुदाय वा सिकारु दुवै सक्षम बन्ने ।

(ग) मातृभाषामा अनौपचारिक कक्षा सञ्चालन गर्न समुदायको भूमिका

यस कार्यमा समुदायको भूमिकाको विषयमा विद्यालयहरुले उल्लेख गरेका प्रतिक्रिया निम्न अनुसार छन् :

१. सहजकर्ताको भूमिका निर्वाह गरेर आवश्यक स्थानीय सामग्री उपलव्ध गराएर,

२. बढी भन्दा बढी समुदाय सहभागी भएर आफ्नो मातृभाषा र सस्कृतिको जर्गेना गर्छन

३. स्थानीय भाषा जागेकाले कक्षा सन्चालन गरिदिन सक्छन्,

४. स्थानीय निकायवाट रकम छुट्याइ पाठ्य सामाग्री उपलव्ध हुने थियो

५. भाषिक समुदाय छनोट गरी त्यहि अनुरुप शिक्षण व्यबस्था गरी मातृभाषामा साक्षरता कक्षा सञ्चालन गर्ने,

६. निरन्तर छलफल गरी स्थानीय निकायमा माग गर्ने र आवश्यक सहयोगको वातारणको विकास गराएर,

७. आवश्यक्ताअनुसार साक्षरता कक्षा माग गर्ने सबैलाई साक्षर कक्षामा सहभागी बनाउने

८. आफ्नो भाषा बचाउन मा स्थानीयको प्रयोग तथा उपलव्धी बढाउन सकिन्छ

९. स्थानीय तहदेखि लियर केन्द्रिय तहसम्म समुदायले मातृभाषाको परिचालन गर्ने

१०. स्थनीय समुदायमा भएका मानव स्रोतसाधनको अधिक प्रयोग गर्न सकिने

११. मा.विसम्मको अधिकार स्थानीय तहको भएकाले मातृभाषी छनोट गरी कक्षा सञ्चालन

गर्ने ।

(घ) मातृभाषामा साक्षरताका कक्षा सञ्चालन गर्दा व्यवस्था गर्न सकिने क्षेत्रहरु

मातृभाषामा साक्षरताका कक्षा सञ्चालनका सम्बन्धमा स्थानीयबाट प्राप्त उत्तरलाई विभिन्न उपशीर्षका देहाय अनुसार प्रस्तुत गरिएको छ :

(१) कक्षा व्यवस्थापन

१. समुदायले नै वातावरण छनोट गराएर सबैलाइ पायक पर्ने स्थान

२. स्थानीय मातृभाषामा आधारित पाठ्य सामग्री कक्षाकोठामा

३. समुदायले भवन निर्माण गरी मातृभाषा बोल्ने विद्यार्थीलाइ छुट्टै कक्षा कोठा

४. समुदाय र जनसंख्या

५. मातृभाषा झल्कने विभिन्न सामाग्री

६. शिक्षकको व्यबस्था गर्ने तथा पाठ्यपुस्तक, शिक्षक निर्देशिका

(२) शिक्षक तथा सहजकर्ता तथा मानव संसाधन विकास

१. तालिम प्राप्त शिक्षकको व्यबस्था गरेर

२. मातृभाषमा पोख्त तथा सिपालु व्यक्तिलाइ तालिमको व्यबस्था गरेर

३. बहुमातृभाषिक व्यक्तिहरु छनोट गरी

४. तालिम, गोष्ठी, सेमिनारको व्यवस्था गरी शिक्षकलाइ दक्ष बनाउने

५. सहजकर्ताका लागि आर्थिक सहयोग जम्मा गरेर

६. स्थानीय निकायमा ऐनमा व्यबस्था गरिदिन पहल वा माग गर्ने ।

(३) पाठ्य सामग्री

१. स्थानीयस्तरको विज्ञ तथा आयस्तर बृद्धि गरेर

२. स्थानीयसंग मेल खाने पाठ्यपुस्तक

३. आफ्नो स्रोत उपलब्ध भएसम्म खोज अनुसन्धान गरी

४. स्थानीय स्तरमा पाइने सामाग्री संकलन गरी

५. पाठ्यक्रम र शव्दकोषको निर्माण गरिनुपर्छ

६. स्थानीय गाउापालिकावाट तयार पार्न लगाउने ।

७. निर्देशिका, पाठ्यपुस्तक,पोस्टर आदि स्थानीय निकायका सबै मिलि तयार गर्ने ।

(४) आर्थिक स्रोत

यस विषयमा विशेष गरेर आर्थिक स्रोतका सम्बन्धमा सबै विद्यालयको एउटै उत्तर आएको छ । उनीहरुको मतानुसार स्थानीय सरकाबाट तथा संघसस्थावाट आयस्तर वृद्धि गरेर कक्षा संचालन गर्न सकिने भन्ने देखिन्छ ।

(५) कक्षा संचालन विधि तथा परीक्षा विधि

१. समुदायको रुची र आवश्यक्ता अनुसार लिखित मौखिक सुनाइ बोलाइ

२. भाषिक समुदायलाइ छुट्टा छुट्टै समुह र समयमा सञ्चालन गर्ने

३. टोल टोलमा सञ्चालन गर्ने

४. पाठ्यसामाग्रीको प्रयोगवाट

५. सहभागि सबैलाइ उचित हुने समय

६. बोलाइ, लेखाइ र प्रयोगात्मक

उपर्युक्त विधि अनुरुप कक्षा संचालन गरेपछि प्रस्तुत गरिने परीक्षाका सम्बन्धमा दिएका उत्तरहरु निम्न छन् :

१. लिखित, मौखिक, अवलोकन तथा प्रश्नोउत्तर,

२. उनीहरुको भाषिक सीप बोलाइ, लेखाइलाई आधार मानी,
३. मुल्यांकनका निश्चित मापनका आधार अपनाएर,
४. आफ्नो मातृभाषामा प्रशन सोध्ने र उत्तर दिन लगाउने सहयो

(ङ) प्रारम्भिक बाल शिक्षाको माध्यम र कारण

विद्यालयहरुलाई प्रारम्भिक बालशिक्षाका लागि उपयुक्त हुने माध्यमका सम्बन्धमा सोधिएका प्रश्न तथा तिनको उत्तरलाई विभिन्न शीर्षकमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

यहाँ प्रारम्भिक बाल शिक्षाका लागि माध्यम भाषाको प्रतिक्रिया माग गरिएको देखियो । मातृभाषा हुनुपर्छ भन्ने लाग्दैन र चाहिन्छ भन्ने दुवै प्रकारका प्रतिक्रिया प्राप्त भएका छन् । बाल बालिकाहरुलाई मातृभाषामा कक्षा सञ्चालन गर्दा बुझ्न र सिक्न सजिलो हुने भएकाले सिकाइको माध्यम मातृभाषा हुनु पर्दछ भन्ने तुलनात्मक रुपमा बढी नै देखिएको छ । बाल शिक्षाका बाल बालिकाहरुको उमेरका आधारमा हेर्दा अर्को नजानेको भाषामा जान सक्ने अवस्था नरहनाले उनीहरुको सजिलोका लागि पनि मातृभाषामा कक्षा सञ्चालन गर्नु पर्दछ भन्ने उत्तर प्राप्त भएको छ । बुँदागत रुपमा निम्नानुसार छन् :

१. विद्यार्थीलाइ उसको परिचित भाषामा शिक्षण गर्दा विद्यार्थी विद्यालयमा रमाउने कक्षामा नियमित हुने तथा सिकाई सरल हुने,

२. उनीहरु मातृभाषा वाहेक अरु भाषामा परिचित भैसकेको नहुँदा बालवालिकालाई सिकाईप्रति उत्प्रेरणा र बोध गराउन सहज हुने,

३. समुदायमा छिटो र सजिलो घुलमिल हुनका लागि,

४. बुझ्न बुझाउन सहज र मातृभाषा लोप भैसकेकाले ।

५. सिकाइ सहज र प्रभावकारी हुने हुँदा ।

२.४.६ बहुभाषिक शिक्षा सञ्चालनका आधार

स्थानीय तहका विद्यालयमा बहुभाषिक शिक्षा सञ्चालनका लागि प्रमुख आधारका सम्बन्धमा विद्यालयहरुसँग सोधिएका पश्नका उत्तरहरुलाई निम्नानुसार चर्चा गरिएको छ :

(क) मातृभाषालाई माध्यमका रुपमा प्रयोग गर्ने कारणहरु

यस गाउँपालिकामा विभिन्न मातृभाषाको प्रयोग हुन्छ । ती भाषामध्ये केही भाषा अधिक जनसमुदायले उपयोग गर्ने भाषा रहेका छन् । तिनमा सञ्चरण क्षमता छ । स्थानीय यी भाषालाई माध्यमका रुपमा प्रयोग गर्न सक्ने आधारहरुको खोजी गर्ने सन्दर्भ सोधिएका विभिन्न प्रश्नहरुका उत्तरलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

१. विद्यार्थीको सिकाई सहज र प्रभावकारी हुन्छ,

२. मातृभाषा सिकाइको आधार हो यसले अन्य भााषा सिक्नको लागि आधार तयार गर्छ,

३. मातृभाषाले मानिसको पहिचान गराउने भएकाले,

४. परिवारको पहिलो भाषा मातृभाषा भएकोले,

५. मातृभाषाले प्रत्येक जातजातिको भाषा तथा सस्कृतिको जर्गेना गर्ने ।

(ख) विद्यालयमा माध्यमको रुपमा प्रयोग सम्भावना भएका भाषाहरु

गाउँपालिका क्षेत्रका विभिन्न विद्यालयहरुमा माध्यमका रुपमा उपयोग हुन सक्ने भाषाहरुको विषयमा सोधिएको प्रश्नको सन्दर्भमा विद्यालयबाट प्राप्त भएका प्रतिक्रिया देहाय अनुसार रहेका छन् । यसमा बहुभाषी र निश्चित मातृभाषाको प्रयोगका विषयमा प्रतिक्रिया प्राप्त भएका छन् ।

तालिका ४ : विद्यालयमा माध्यमको रुपमा प्रयोग सम्भावना भएका भाषाहरु

विद्यालय	सिफारिस भएका भाषाहरु	कारणहरु
नेरा प्रा.वि. भैरवस्थान वेतान	मगर	कक्षा १ देखि क्रमशः मगर भाषामा गर्नुपर्छ किनकि किनकि ९५ प्रतिशत मगर विद्यार्थी भएकाले ।

श्री नेरा मा.वि.	मगर र अछामी	कक्षा शिसु देखि ५ सम्म मगर र अछामी
श्री ने रा प्रा .वि.वाफ्फविसैना	मगर	० देखि ५ सम्म मगरभाषीको बाहुल्यता
श्री नव ज्योती प्रा.वि खरापु वेतान	अछामी	० देखि ३ सम्म । सिकाइमा सहजता ल्याउन ।
सिर्जनशिल प्रा.वि	डोटेली	० देखि ३ सम्म । बहुसंख्यक ।
श्री ने.रा.आ.वि.,४ विजौरा,	मगर	१ देखि ५ सम्म । मगर समुदायको बस्ती अधिक भएको र उमेर समूह पनि उपयुक्त भएकाले ।
श्री ने.रा. प्रा.वि सिमलाखेत	चीडगाडी र जुम्ली	० देखि ५ सम्म । बहुसंख्यक जाति ।
कर्णाली प्रा.वि.जामुने ३ बेतान सुर्खेत	मगर	० देखि प्रावि सम्म । बहुसंख्यक जाति।
श्री जनजागृत मा.वि. तोसा	मगर	० देखि ५ सम्म ।
श्री रा.आ.वि, चौकुने ६ कोइलावास	मगर	० देखि ३ सम्म ।
श्री सरस्वती प्रा.वि केवडी	अछामी	० देखि ५ सम्म ।
श्री पानस ई.बो स्कुल	अछामी	शुरुदेखि ३ सम्म । बहुसंख्यक ।
श्री शान्ति दिप प्रावि किथौरे	मगर	० देखि ५ सम्म मातृभाषामा पठन पाठन गर्नु उपयुक्त हुन्छ ।
श्री नेपाला राष्ट्यि आ.वि. सोभानचौर सुर्खेत	मगर	० देखि आधारभूत तहसम्म । बहुसंख्यक ।
श्री नव दुर्गा प्रा.वि.खारगाडी	अछामी	शिशुदेखि १ सम्म । ७०% अछामी ।
श्री इभरग्रिण एजुकेसनल डे.ए.	अछामी	शिशुदेखि १ सम्म ।

माथिको तालिकामा स्थानीय रुपमा प्रयोगमा रहेका मातृभाषाहरुलाई माध्यमका रुपमा सिकाइ अघि बढाउन तीन समूहको सिफारिस भएको छ । पहिलो समूह शिशु कक्षादेखि कक्षा १

सम्म स्थानीय भाषालाई सिकाइको माध्यम बनाउनु पर्दछ । त्यसैगरी दोस्रो समूहमा बाल कक्षादेखि कक्षा ३ सम्म माध्यमका रुपमा सिकाइमा प्रयोग गर्नु पर्दछ । त्यस्तै तेस्रो समूहमा बाल कक्षादेखि कक्षा ५ सम्म माध्यम बनाउनु पर्दछ । अधिकांश विद्यालयले माध्यमका रुपमा मगर भाषाको सिफारिस गरेको पाइएको छ । दोस्रो प्राथमिकतामा अछामी भाषा परेको छ ।

२.४.७ मातृभाषाको माध्यमबाट गरिने शिक्षणका समस्याहरु

मातृभाषालाई शिक्षण सिकाइको माध्यमको रुपमा उपयोग गर्दा देखा पर्ने समस्यालाई सम्बन्धित क्षेत्रमा गएर खोज गरिएको छ । यसका लागि विशेष गरेर कक्षा व्यवस्थापन, शिक्षक व्यवस्थापन, शिक्षण सिकाइ प्रक्रियाको व्यवस्थापन, सिकाइमा सहयोग गर्न शिक्षण सहयोग सामग्री र परीक्षाको व्यवस्थापनका विषयका विभिन्न समस्यालाई विद्यालयहरुले अघि सारेका छन् । यिनीहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ :

(क) कक्षाकोठा व्यवस्थापन

स्थानीय मातृभाषालाई माध्यमका रुपमा शिक्षण गर्न पहिलो समस्या हो कक्षाकोठाको अपुग । कक्षाकोठाको कारण बसाइ व्यवस्था मिलाउने समस्या छ । कक्षा कोठा प्रकास नछिर्ने र आवत जावत गर्न मिल्ने व्यवस्था गर्न समस्या भएको छ । कक्षा कोठाको मर्मतको पनि समस्या छ । बहुभाषी समुदायका विद्यार्थी भएकाले व्यवस्थापनमा समस्या छ । यस कारण सहज सिकाइ हुने कक्षा व्यवस्थापनमा समस्या देखिएको छ ।

(ख) शिक्षक व्यवस्थापन

बहुभाषिक कक्षा सञ्चालन गर्न तालिम प्राप्त शिक्षकको अभाव पहिलो समस्या हो । यो तालिम मातृभाषालाई विषयका रुपमा शिक्षण गर्ने र बहुभाषिक कक्षा सञ्चालन गर्न तालिम प्राप्त शिक्षकको अभाव प्रमुख समस्याको क्षेत्र हो । त्यसैगरी विद्यालयमा शिक्षकको दरबन्दी कम छ । स्थानीय भाषाको ज्ञान भएको शिक्षकको व्यवस्था नहुनु पनि अर्को समस्याको रुपमा देखा परेको छ । बहुभाषिक सिकाइलाई अघि बढाउन स्थानीय भाषाको ज्ञान भएका बहुभाषिक शिक्षकको अभाव हुनु अर्को प्रमुख समस्या हो । बुँदागत रुपमा :

१. शिक्षकको अभाव
२. निजिमा शिक्षक राखेकोले त.भ.को समस्या
३. शिक्षकको कोटा थप्नुपर्ने
४. मातृभाषि शिक्षकले समुदायमा बोलिने मातृभाषामा दखल भएको हुनुपर्ने

५. तालिम प्राप्त शिक्षक नहुनु बुभाषिक शिक्षक

६. स्थानीय तहको शिक्षक हुनुपर्ने

७. मातृभाषाको शिक्षक नभएको ।

(ग) शिक्षण सिकाइ प्रक्रिया

बहुभाषिक शिक्षा सञ्चालन गर्न शिक्षणमा नयाँपन चाहिन्छ । यहाँ शिक्षकहरु अझ पनि परम्परागत विधिका आधारमा सिकाइ गरिएको छ । यसमा सिपको कमी छ । तालिम प्राप्त शिक्षकको अभाव छ । विभिन्न भाषाको पृष्ठभूमि भएका विद्यार्थी भएको कक्षामा सिकाउन सक्ने तालिमको अभावमा सिकाइ प्रभावकारी हुन नसकेको देखिन्छ । शिक्षण सामग्रीका कारण सिकाइमा समस्या देखिएको छ । पाठ्य पुस्तक र स्थानीय शैक्षिक सामग्रीको अभाव तथा शिक्षण विधिमा विविधता नहुनुका कारण सिकाइमा समस्या छ । मातृभाषामा सिकाइ अघि बढाउदा बुझ्न बुझाउन समस्या भएको छ । बुँदागत रुपमा :

१. भाषागत शैक्षिक सामाग्रि नभएको

२. शिक्षक केन्द्रित विधि बढी प्रयोग हुनु

३. शिक्षण सिकाइ सम्वन्धि तालिमको अभाव

४. पाठ्य सामाग्री नभएर शिक्षण सिकाइमा अवरोध

५. परम्परागत सिकाइ प्रक्रिया ।

(घ) पाठ्य सामग्री

मातृभाषालाई विषयका रुपमा शिक्षण गर्न एउटा प्रमुख समस्या पाठ्य सामग्री उपलव्ध नहुनु भन्ने देखिएको छ । पाठ्य सामग्री निर्माण गर्न वा सङ्कलन गर्न विद्यालयमा आर्थिक अभाव हुने गरको पनि देखिन्छ । समयमै पाठ्य सामग्रीको उपलव्धताले पनि सिकाइमा समस्या पारेको छ । माध्यमका रुपमा शिक्षण गर्न मातृभाषामा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शब्दकोश आवश्यक भए तापनि सोको उपलब्ध हुन सकेको छैन । बुँदागत रुपमा :

१. विभिन्न मातृभाषि शिक्षणका लागि पाठ्यसामाग्री पाठ्यपुस्तक उपलब्ध नहुनु

२. पाठ्यपुस्तक र शव्दकोषको अभाव,

३. शव्दहरुको ठोस उत्तर थाहा पाउन नसकेको

४. आर्थिक समस्या छ

५. पाठ्यपुस्तक समयमै उपलव्ध नहुन सक्ने ।

(ङ) परीक्षा र मूल्याङ्कन

परीक्षा सञ्चालनका लागि बनाइने सामग्रीको कारण मूल्याङ्कनमा समस्या देखापरेको छ । उचित मापदण्ड नभएका कारण मूल्याङ्कनमा समस्या देखिएको छ । लिखित र मौखिक दुवै परीक्षाका लागि शिक्षक तयार नहुनाले पनि मातृभाषामा प्रश्न निर्माणमा समस्या छ । बुँदागत रुपमा :

१. दक्ष जनशत्तिको अभाव

२. स्थानीय पाठ्यपुस्तक पाठ्यसामाग्री नभएकोले परीक्षामा अफट्यारो

३. स्थानीय स्तरमा प्रश्नपत्र निर्मान नहुनु

४. परीक्षा तथा मूल्यांकण गर्ने तौर तरिका साधन छैन

५. सबै प्रकारका भाषा वोल्ने भएकोले परीक्षा लिन समस्या

६. मूलयांकनका विभिन्न विधि तथा माध्यम सम्वन्धी समस्या ।

(च) बहुभाषिक शिक्षा सञ्चालन विधि

बहुभाषिक शिक्षा सञ्चालन गर्न सम्बन्धित भाषाका शब्दकोश, व्याकरण तथा अन्य सहयोगी शैक्षिक सामग्रीको आवश्यकता हुन्छ । यहाँका विद्यालयमा यी उल्लिखित पाठ्य सामग्रीको अभाव छ । विभिन्न कक्षामा धेरै भाषाका विद्यार्थी हुने भएका कारण सिकाइमा समस्या देखिएको छ । बहुभाषी शिक्षकको अभाव, कक्षामा भाषा अनुसार समूह बनाएर शिक्षण गर्ने सिप सबै शिक्षकमा छैन । एकैपटक धेरै भाषा सिकाउन सक्ने सिपको अभावमा सिकाइमा समस्या देखिएको छ । बुँदागत रुपमा :

१. फरक फरक समुदायका वालबच्चालाइ फरक फरक भाषमा शिक्षण गर्न

२. शैक्षिक सामाग्री तथा तालिमको अभाव,

३. शिक्षकलाइ बहुभाषा जान्न आवश्यक तर त्यसो हुन नसकेको,

४. बहुभाीषक सञ्चालन गर्नका लागि बहुभाषिक सम्वन्धी ज्ञान तथा तालिमको अभावले कक्षा सन्चालनमा कठिनाइ,

५. शिक्षक बढी चाहिने र कोठा बढी चाहिने भएकोले गाह्रो देखिन्छ,

६. एक वा एकभन्दा बढि भाषिक समुदायका वालवालिकालाई शिक्षण गर्ने शैक्षिक सामाग्री

अभाव ७. शिक्षक तालिम प्राप्त नहुनु,

८. बहुभाषिक शिक्षकको व्यवस्था र नीति बन्नुपर्ने तर नभएकाले ।

(छ) मानव संसाधनको विकास

बहुभाषिक शिक्षा सञ्चालनका विधि तथा प्रक्रियाका विषयमा जानकार राख्ने विज्ञको अभावका कारण सिकाइ अघि बढाउन समस्या देखिएको छ । मातृभाषालाई विषयका रुपमा र माध्यमका रुपमा विद्यालयमा उपयोग गर्न स्थानीय क्षेत्रमा उपयोग हुने सबै भाषाको ज्ञान भएका व्यक्तिहरु चाहिन्छ । यस्तो स्रोतको अभाव छ । भाषाका विविध क्षेत्रमा काम गर्न सक्ने तालिम पाएका व्यक्तिहरुको अभाव भएका कारण कार्य सम्पादन गर्न समस्या देखिएको छ । विभिन्न भाषाका विषयमा काम गर्दा सहजकर्ताको आवश्यकता छ ।

(ज) स्रोत साधनको व्यवस्था

बहुभाषिक शिक्षा सञ्चालनका लागि आवश्यक पर्ने स्रोत तथा साधनको अभाव छ । यसका लागि नियमित बजेट तथा अनुदानको जरुरी हुन्छ । मातृभाषी र बहुभाषी कक्षा सञ्चाल गर्न विभिन्न क्षेत्रमा आवश्यक खर्च व्यवस्थापन आवश्यक देखिएको छ । आवश्यक क्षेत्रमा यस प्रकारको स्रोतको अभावका कारण उल्लिखित काम गर्न सकिएको छैन । स्थानीय सरकारबाट आवश्यक स्रोत जुटाउन नसक्दा सिकाइमा प्रभाव परेको छ । स्रोतको अभावका कारण बहुभाषिक शिक्षाको कार्यक्रम प्रभावकारी हुन सकेन ।

(झ) स्थानीय तहको सहकार्य

यस कार्यका लागि स्थानीय तहले उपयुक्त समन्वय गर्न सकेको छैन । बहुभाषिक कार्यक्रम सञ्चालनको यो प्रमुख समस्याको रुपमा देखा परेको छ । समन्वयको कमी छ । सहकार्यको अनुभूति हुन सकेको छैन । बुँदागत रुपमा :

१. स्थानीय तहले नीति निर्माण गरी कार्यान्वयन गर्न नसकेको,

२. खासै पहल भएको छैन,

३. सन्तोषजनक छैन

४. छलफल, सम्वाद, बैठक आदि हुन नसकेको ।

२.४.८ मातृभाषाको माध्यमबाट गरिने शिक्षणमा देखिएका समस्या समाधानका उपायहरु

माथि उल्लिखित विभिन्न समस्याहरुको समाधान गर्न विद्यालयहरुबाट प्राप्त उत्तरहरु निम्नानुसार रहेका छन् :

(क) कक्षाकोठा व्यवस्थापन

प्रभावकारी सिकाइको वातावरण निर्माण गर्न आवश्यक स्रोतको अनुदानको व्यवस्था गर्नु आवश्यक छ । विद्यार्थी अनुसारका कक्षाकोठाको व्यवस्थापन आवश्यक छ । कक्षामा भाषा अनुसारका विभिन्न समूह बनाएर सिकाउन सकिने कक्षाकोठा चाहिन्छ। बुँदागत रुपमा :

१. समूहसमूह वर्गीकरण गर्ने

२. भवन, फर्निचर तथा कालोपाटीको पर्याप्त व्यबस्था गरेर,

३. बहुभाषिक शिक्षण विधि र उपर्युक्त स्थानको छनोट,

४. स्थानीय स्तरमा स्रोत साधन जुटाउने ।

(ख) शिक्षक व्यवस्थापन

स्थानीय समुदायको उपयोगमा रहेको मातृभाषा जानेको बहुभाषिक कक्षा सञ्चालन गर्न सक्ने तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु पर्ने देखिएको छ । शिक्षकको व्यवस्थापनमा स्थानीय निकायले ध्यान दिन पर्ने, यहाँका विद्यालयमा शिक्षण गर्ने आधारभूत तहका सवै शिक्षकलाई चरणबद्ध रुपमा बहुभाषिक कक्षा सञ्चालन गर्ने तालिम दिन पर्ने, विद्यालयमा आवश्यकता अनुसारका शिक्षक दरबन्दीको व्यवस्था गर्नु पर्ने, स्थानीय तहमा विभिन्न मातृभाषाको ज्ञान भएका शिक्षकको व्यवस्था हुनु पर्ने, शिक्षकको नयाँ व्यवस्था गर्दा स्थानीय बहुभाषिक ज्ञान तथा सिपको जानकारी भएका शिक्षकको नियुक्ति हुनु पर्ने, बहुभाषिक सिकाइलाई अघि बढाउन स्थानीय भाषाको ज्ञान भएका शिक्षकको व्यवस्था गर्नुपर्ने आदि जस्ता व्यवस्था गरेमा समस्या समाधान हुने देखिन्छ। बुँदागत रुपमा :

१. शिक्षक व्यवस्थापन गर्न बजेट,

२. समय समयमा शिक्षकलाइ तालिम दिने,

३. भाषा जानेका शिक्षकको नियुक्ति गर्ने,

४. विद्यार्थी अनुसार कक्षा तह अनुसार शिक्षक संख्या हुनुपर्ने

५. विभिन्न भाषिक ज्ञान भएका शिक्षक दरवन्दी कायम गरेर

६. तालिम गोष्ठी सेमिनारको आयोजना गर्ने

७. गाउपालिकासँग शिक्षकको व्यबस्था मिलाउन अनुरोध गर्ने

८. बहुभाषिक शिक्षकको व्यबस्थापन हुनुपर्ने ।

(ग) शिक्षण सिकाइ प्रक्रिया

शिक्षण सिकाइमा प्रभाकारिता ल्याउन तथा बहुभाषिक शिक्षा सञ्चालन गर्नका लागि तालिमको जरुरी पर्दछ । विभिन्न भाषाको पृष्ठभूमि भएका विद्यार्थी भएको कक्षामा सिकाउनका लागि शैक्षिक सामग्री बनाउने, सङ्कलन गर्ने र भएका सामग्रीको पहिचान गरी उपयोग गर्न क्षमता भएका शिक्षकको आवश्यक पर्दछ । यसरी शैक्षिक सामग्रीको व्यवस्था गर्दा स्थानीय मातृभाषाका सामग्रीको व्यवस्था हुनु आवश्यक छ । पाठ्यपुस्तक र स्थानीय शैक्षिक सामग्रीको खोजी गरी विद्यार्थीमुखी भएर सिकाइ अघि बढाउने गर्नु पर्दछ ।

(घ) पाठ्य सामग्री

समयमा पाठ्यसामग्री उपलब्ध भएमा मातृभाषालाई विषयका रुपमा शिक्षण गर्न एउटा प्रमुख समस्या समाधान गर्न सहयोग पुग्दछ । स्थानीय समुदायले उपयोग गर्ने भाषामा सिकाइ सामग्री व्यवस्था गर्न सकेमा सिकाइ प्रभावकारी बन्न पुग्दछ । मातृभाषामा सिकाइ तथा मातृभाषालाई माध्यमका रुपमा उपयोग गर्दा स्थानीय भाषाका पाठ्य सामग्री निर्माण गर्न वा सङ्कलन गर्न स्थानीय निकायले व्यवस्था गर्न पर्दछ । नियमित सिकाइका लागि तयार गरिने सामग्री र पुस्तकालयको समेत व्यवस्था हुन पर्दछ । पाठ्य सामग्रीलाई सकेसम्म बहुभाषी बनाउन प्रयत्न गर्नु पर्दछ । प्रभावकारी सिकाइका लागि मातृभाषामा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शब्दकोश आवश्यक हुन्छ यसको व्यवस्था गर्नु आवश्यक छ । यसमा स्थानीय सरकारको ध्यान जानु जरुरी छ ।

(ङ) परीक्षा र मूल्याङ्कन

परीक्षालाई निरन्तर मूल्याङ्कनको आधार बनाउनु पर्दछ । स्थानीय विद्यालयको परीक्षा तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था स्थानीय तहबाट हुनु आवश्यक छ । परीक्षा तथा मूल्याङ्कनलाई लिखित र मौखिक दुवै रुपमा सञ्चालन गर्नु पर्दछ । मौखिक, लिखित र प्रयोगात्मक तीनै रुपमा परीक्षा सञ्चालन गर्नु पर्दछ । मातृभाषामा परीक्षा सञ्चालन गर्ने अभ्यासको थालनी आवश्यक छ । विभिन्न स्थानीय भाषालाई ख्याल गरेर परीक्षा तथा मूल्याङ्कन सञ्चालन गर्नु पर्दछ । बोलाइ,

पढाइ र लेखाइलाई ख्याल गरेर मूल्याङ्कन गर्नु पर्दछ । प्रश्नपत्र बुझ्न कठिन छ । स्थानीय भाषिक पृष्ठभूमिलाई ख्याल गरी बहुभाषिक साधनको ख्याल गर्नु पर्दछ । परीक्षा सञ्चालनमा सिकारुलाई बुझाएर मात्र मूल्याङ्कन गरिनु आवश्यक हुन्छ ।

(च) बहुभाषिक शिक्षा सञ्चालन विधि

सबैलाई समान व्यवहार गर्ने बहुभाषिक शिक्षक तालिम शिक्षकलाई चाहिन्छ । आधारभूत तहका कक्षामा विद्यार्थीको भाषिक पृष्ठभूमि अनुसार विभिन्न समूह बनाएर शिक्षण सिकाइको व्यवस्था गर्नु पर्दछ । बहुभाषिक शिक्षा सञ्चालन गर्न सम्बन्धित भाषाका शब्दकोश, व्याकरण तथा अन्य सहयोगी शैक्षिक सामग्रीको व्यवस्थापन आवश्यक छ । यहाँका विद्यालयमा उल्लिखित पाठ्य सामग्रीको अभाव छ । सिकाइका लागि यी सामग्रीको व्यवस्था गर्नु उपयुक्त हुन्छ । विभिन्न कक्षामा धेरै भाषाका विद्यार्थी हुने भएका कारण सिकाइमा समस्या देखिएको छ । कक्षा सञ्चालनमा छलफल, प्रश्नोत्तर र विद्यार्थी केन्द्रित विधिहरुको छनोट गरी सिकाइ अघि बढाउनु पर्दछ । आवश्यकता अनुसार प्रदर्शन तथा प्रयोगात्मक विधिको समेत उपयोग गर्नु आवश्यक छ ।

(छ) मानव संसाधनको विकास

मातृभाषा र बहुभाषी कक्षा सञ्चालन गर्न उपयुक्त मानव स्रोतको आवश्यक हुन्छ । मानव स्रोतका रुपमा विकास गर्न सर्वप्रथम शिक्षकलाई तालिम दिन आवश्यक पर्दछ । यस्तो तालिम बहुभाषिक हुन आवश्यक छ । यसरी लिएको तालिमलाई प्रभावकारी रुपमा कार्यान्वयन हुन आवश्यक छ । यस क्षेत्रलाई चाहिने थप बजेटको समेत व्यवस्था हुन पर्दछ । भाषाका विविध क्षेत्रमा काम गर्न सक्ने तालिम पाएका व्यक्तिहरुको अभाव भएका कारण कार्य सम्पादन गर्न समस्या देखिएको छ । विभिन्न भाषाका विषयमा काम गर्दा सहजकर्ताको आवश्यकता छ ।

(ज) स्रोत साधनको व्यवस्था

स्थानीय र अन्य निकायबाट स्रोत जुटाउन आवश्यक छ । विद्यालयका लागि आवश्यक स्रोतको विषयमा सर्वप्रथम विद्यालयले आवश्यक व्यवस्था तथा पहल गर्नु आवश्यक छ । आवश्यक समन्वय गरेर नै स्रोत जुटाउन सकिन्छ । यसलाई प्रभावकारी बनाउन आर्थिक तथा शिक्षण सामग्रीको सहयोग जुटाउन सकिन्छ । पहिले आफ्नो, समुदायको र स्थानीय सरकारको आर्थिक साधनको आवश्यक छ ।

(झ) स्थानीय तहसँगको सहकार्य

स्थानीय सहकार्यको पहल विद्यालयले गर्नु पर्दछ । विशेष रुपमा बजेट तयार गर्न र कार्यान्वयन गर्न स्थानीय सरकारसँग सहकार्य गर्नु आवश्यक छ । समन्वयको दायरा बढाउनु पर्दछ । आर्थिक सहकार्य नै जरुरी देखिएको छ । स्रोतको उपलव्धता स्थानीय तहबाट हुन पर्दछ । विद्यालयका सबैजसो कार्यमा स्थानीय तहले विशेष भूमिका निर्वाह गर्नु पर्दछ ।

२.४.९. मातृभाषालाई शिक्षण सिकाइको माध्यम बनाउन नीतिगत र कार्यान्वयन तहमा गरिनु पर्ने सुधारहरु

माथि उल्लिखित विषयमा गरिएका खोजका निम्ति प्रस्तुत प्रश्नहरु त्था तिनबाट प्राप्त सुझावसहितका उत्तरहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) स्थानीय तह

गाउँका अगुवा, शिक्षक तथा अन्य स्थानीय जिम्मेवार व्यक्तिहरुको उपस्थितिमा माध्यमका रुपमा मातृभाषाको प्रयोगका विषयमा छलफल गरी निश्चित योजना तयार गर्ने । स्थानीय तहका सवैको सहभागिता तथा सहकार्यमा स्थानीय बसोबास, जात जाति, धर्म तथा संस्कृति हेरी कुन स्थानमा कुन मातृभाषालाई माध्यमका रुपमा उपयोग गर्ने सो को आधार तयार गर्ने । मातृभाषालाई माध्यमका रुपमा उपयोग गर्न बजेटको विनियोजन गर्नुका साथसाथै नीति कार्यान्वयन गर्न योजना तथा कार्यक्रम तयार गर्नु पर्दछ । स्थानीय तहमा मातृभाषालाई माध्यमका रुपमा उपयोग गर्न कार्ययोजना तयार गर्नु पर्दछ ।

(ख) विद्यालय र समुदाय

विद्यालय कार्यान्वयन तहमा रहनु पर्दछ । अन्तर सम्बन्ध कायम गर्ने । अन्यत्रबाट बनेका नियम कार्यान्वयन गर्ने । मातृभाषामा शिक्षाको महत्त्व बुझाएर सबैलाई सकारात्मक सहयोगमा सहभागी गराउने । स्थानीय भाषालाई माध्यमका रुपमा शिक्षामा उपयोग गर्ने । शिक्षणका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्ने । समुदायले विद्यालयलाई सहयोग गर्नु पर्ने । समन्वय गर्ने र सहकार्य गर्ने । समुदायका बच्चासँग स्थानीय भाषा प्रयोग गर्न प्रोत्साहन गर्ने । पाठ्यक्रम कार्यान्वयन गर्ने ।

२.५. निष्कर्ष

माथिको विश्लेषणका आधारमा चौकुना गाउँपालिका क्षेत्रमा मातृभाषिक समुदायका दृष्टिले मगर समुदायको केन्द्रीय गाउँपालिकाको रुपमा रहेको चर्चा गर्न सकिन्छ । तर भाषाको प्रयोगका

दृष्टिले दोस्रो स्थानमा देखिएको छ । यो भाषा बोलाइमा सीमित छ । आधारभूत सूचनाहरुको विश्लेषण गर्दा ३८ ओटा गाउँका ५३ विद्यालयको सूचनामा आधारित भइ हेर्दा जनसंख्याका दृष्टिमा प्रथम भए तापनि भाषिक दृष्टिले दोस्रो स्थानमा देखिएको छ । स्थानीय समुदायमा मगर, अछामी, डोटेली, जुम्ली, राजी, चिडगाडी, मैथिली, दैलेखी र नेपाली भाषाको स्थानको अवस्था हेर्दा सवै भाषाहरु मातृभाषाका रुपमा उपयोग भएका छन् । सवै भाषाको सम्पर्कको काम नेपाली भाषाले गरेको हुनाले सञ्चारमा नेपाली भाषा सक्षम भएको देखिएको छ ।

परिच्छेद तीन
मातृभाषाको स्तर पहिचान

३.१. विषय प्रवेश

प्रस्तुत परिच्छेदमा मातृभाषाको स्तर पहिचानमा केन्द्रित भएर सूचनाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । मातृभाषाको स्तर पहिचानका लागि भाषा आयोगले पहिले तयार गरेका प्रश्नावली, स्थानीय छलफल र विभिन्न व्यक्तिका सुझावहरु समावेश गरी देहाय अनुसार प्रस्तुत गरिएको छ ।

३.२. उद्देश्य

क) मातृभाषाको स्तरगत (status) विकासको स्थिति अध्ययन गर्नु,

ख) मातृभाषा विकासका समस्या तथा चुनौतीहरुको खोजी गर्नु,

ग) मातृभाषाप्रतिको धारणा र सचेतनात्मक (Attitude) स्थितिको अध्ययन गर्ने,

घ) मातृभाषाको संरक्षण, संवर्द्धन र विकासका उपायहरुको खोजी गर्नु ।

३.३. तथ्याङ्क प्रस्तुति र विश्लेषण

३.३.१. दम्पतीहरुले उपयोग गर्ने मातृभाषाहरु

तालिका ५ : दम्पतीहरुले उपयोग गर्ने मातृभाषाहरु

क.सं.	भषा	जम्मा
१.	अछामी	२१२
२.	मगर	११०
३.	नेपाली	४४
४.	जुम्ली	२४
५.	दैलेखी	१६
६.	राजी	१५
७	डाोटेली	४३
८.	िचडगााडी	६
९.	मैथिली	६
१०.	बहुभाषी	१३६
११.	जम्मा	६१२

सर्वेक्षणमा प्राप्त भएको विवरण अनुसार यस क्षेत्रमा अछामी, मगर, नेपाली, जुम्ली, दैलेखी, राजी, डोटेली, चिडगाडी र मैथिली भाषिक वक्ताहरु छन् । ती मध्ये चौकुना क्षेत्रमा अछामी भाषालाई दम्पतिहरुले अधिक उपयोग देखिएको छ । कुल ६१२ उत्तरमध्ये २१२ उत्तर अछामी

भाषाको भेटिएको छ । त्यसपछि मगर भाषाको प्रयोग गरिएको देखिएको छ । मगर भाषिक वक्ताको संख्या ११० छ । अन्य भाषाको संख्या क्रमशः नेपाली ४४, डोटेली ४३, जुम्ली २४, दैलेखी १६, राजी १५, चिडगाडी ६ र मैथिली ६ रहेको छ ।

यी आधारमा हेर्दा यहाँ अछामी र मगर भाषाको शिक्षामा उपयोगीको स्तर उच्च नै देखिएको छ ।

३.३.२. बालबालिकाहरुले आपसमा बोल्दा प्रयोग गर्ने भाषाहरु

तालिका ६ : बालबालिकाहरुले उपयोग गर्ने मातृभाषाहरु

क.सं.	भाषा	जम्मा
१.	अछामी	१७७
२.	मगर	९५
३.	नेपाली	१९०
४.	जुम्ली	२४
५.	दैलेखी	१७
६.	राजी	१३
७	डोटेली	१८
८.	चिडगााडी	६
९.	मैथिली	६
१०.	बहुभाषी	६६
११.	जम्मा	६१२

विद्यालयमा रहेका बाल बालिकासँग लिइएको सूचनाका आधारमा प्रस्तुत तालिका तयार भएको छ । स्थानीय समुदायमा बालबालिका विद्यालय आउँदा जाँदा, खेल खेल्दा, सामान्य कुराकानी गर्दा र घरमा अरुसँग कुरा गर्दा अधिक उपयोग हुने भाषा नेपाली भाषा रहेको छ । यस भाषाको प्रयोग संख्या १९० रहेको छ । त्यसपछिका स्थानहरु क्रमशः अछामी, मगर, जुम्ली, डोटेली, दैलेखी, राजी, चिडगाडी र मैथिली रहेका छन् ।

यस आधारमा हेर्दा बाल बालिकाहरु क्रमश भाषा स्थानान्तरणमा छन् भन्ने दखिएको छ ।

३.३.३. बाल बालिकाले जानेका भाषाहरु

तालिका ७ : बालबालिकाहरुले जानेका भाषाहरु

क.सं.	भाषा	जम्मा
१.	अछामी	१५६
२.	मगर	९५
३.	नेपाली	२०७
४.	जुम्ली	२४
५.	दैलेखी	२३
६.	राजी	१३
७	डोटेली	१८
८.	चिडगााडी	६
९.	मैथिली	६
१०.	बहुभाषी	६४
११.	जम्मा	६१२

यस तालिका अनुसारको अध्ययनले बालबालिकाहरुले अधिक रुपमा नियमित जीवनमा नेपाली भाषाको उपयोग गरिएको देखिएको छ । यस विषयमा सोधिएका विभिन्न प्रश्नको उत्तर हेर्दा प्रायशः प्रत्येकले दुई भाषा प्रयोग गरेको देखिन्छ । नेपाली भाषा जानेकाको संख्या २०७ रहेको छ । त्यसपछि क्रमशः अछामी १५६, मगर ९५, जुम्ली २४, दैलेखी २३, डोटेली १८, राजी १३, चिडगाडी ६, मैथिली ६ रहेका छन् ।

समुदायका प्रत्येक बालबालिकाहरु द्विभाषी छन् भने केही बहुभाषी छन् । उनीहरुमा एकभन्दा बढी भाषा उपयोग गर्ने क्षमता छ । उनीहरु एकभन्दा बढी भाषालाई समान रुपले बुझ्ने र उपयोग गर्ने सामर्थ्य राख्छन् । प्रश्नावली अनुसार बहुभाषी बालबालिकाले अङ्ग्रेजी र हिन्दी पनि उपयोग गर्ने उत्तर प्राप्त भएको छ । यस आधारमा हेर्दा यहाँ भाषा उपयोगमा विविधता छ । प्रश्नवलीका कारण यी अङ्ग्रेजी र हिन्दी भाषा प्रयोगको अवस्थाको विश्लेषण आवश्यक भएन । यहाँका बाल बालिकाहरु समान रुपले एकभन्दा बढी भाषाको उपयोग गर्न सक्ने क्षमता राख्दछन् ।

३.४.४. हजुर आमासँग बालबालिकाले कुराकानी गर्दा उपयोग गर्ने भाषाहरु

तालिका ८ : बालबालिकाहरुले हजुर आमासँग बोल्नेका भाषाहरु

क.सं.	भाषा	जम्मा
१.	अछामी	१९१
२.	मगर	९३
३.	नेपाली	२०८
४.	जुम्ली	२२
५.	दैलेखी	१८
६.	राजी	१५
७	डोटेली	३०
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	२२
११.	जम्मा	६१२

बाल बालिकाको पारिवारिक पृष्ठभूमिका आधारमा बाल बालिकाले हजुरआमासँग कुराकानी गरेको देखिन्छ । यहाँ कुल ६१२ उत्तरमध्ये २०८ नेपाली भाषा, अछामी १९१, मगर ९३, डोटेली ३०, जुम्ली २२, दैलेखी १८, राजी १५, चिडगाडी ७ र मैथिलि ६ रहेको छ ।

यी सबै उत्तर हेर्दा हजुर आमासँग कुराकानी गर्दा पहिलेदेखि नै प्रयोग गरेको मातृभाषाको उपयोग हुने गरेको देखिएको छ । यसमा मैथिली र चिडगाडी भाषाको उपयोग भने न्यून रहेको छ । प्राप्त उत्तर हेर्दा हजुरआमासँग कुराकानी गर्दा द्विभाषाको पनि उपयोग भएको पाइएको छ । त्यस्ता परिवारमा भाषा स्थानान्तरको कममा छ । यस तथ्यले पहिलो पुस्ता र तेस्रो पुस्तका बीचमा स्थानीय भाषामा कुराकानी हुन्छ । तर पनि नेपाली भाषा विकासको प्रयोगको पनि आधिक्यता भेटिएकाले यसलाई सकारात्मक सङ्केत मान्न नसकिने देखिएको छ । स्थानीय मातृभाषालाई जीवित राख्न थप काम गर्न आवश्यक छ ।

३.४.५ हजुरबासँग बाल बालिकाले कुराकानी गर्दा उपयोग गर्ने भाषाहरु

तालिका ९ : बालबालिकाहरुले हजुर बाबासँग बोल्ने भाषाहरु

क.सं.	भाषा	जम्मा
१.	अछामी	१७४
२.	मगर	९०
३.	नेपाली	२०५
४.	जुम्ली	२२
५.	दैलेखी	१८
६.	राजी	१५
७	डोटेली	३०
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	४५
११.	जम्मा	६१२

दिइएको तालिकामा बालबालिकाले हजुर बाबासँग कुराकानी गर्दा अधिक रुपमा नेपाली भाषाको उपयोग गरिएको देखिएको छ । यहाँ कुल ६१२ उत्तरमध्ये २०५ नेपाली भाषा, अछामी १७४, मगर ९०, डोटेली ३०, जुम्ली २२, दैलेखी १८, राजी १५, चिडगाडी ७ र मैथिर्ला ६ रहेको छन् ।

प्राप्त उत्तरका आधारमा बालबालिकाको आआफ्नो पारिवारिक पृष्ठभूमिका आधारमा हजुरबासँग कुराकानी गर्दा मातृभाषाको नै उपयोग गरेको देखिएको छ । दिइएको तालिकामा अछामी, मगर, डोटेली, आदि र नेपाली भाषाका पहिलो पुस्ता र तेस्रो पुस्ताका बीचमा सहजै कुराकानी हुने गरेको देखिएको छ । यस प्रकार यस क्षेत्रमा पहिलो पुस्ता र तेस्रो पुस्ताका बीचमा स्थानीय भाषामा सम्बाद हुने गरेको छ ।

३.४.६. हजुर आमाले बालबालिकासँग कुराकानी गर्दा उपयोग गर्ने भाषाहरु

तालिका १० : हजुर आमाले बालबालिकाहरुसँग बोल्ने भाषाहरु

क.सं.	भाषा	जम्मा
१.	अछामी	१९९

२.	मगर	९०
३.	नेपाली	२११
४.	जुम्ली	२४
५.	दैलेखी	२०
६.	राजी	१५
७	डोटेली	३०
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	१०
११.	जम्मा	६१२

हजुर आमाले बालबालिकासँग कुराकानी गर्दा नेपाली भाषाको अधिक रुपमा प्रयोग भइरहेको देखिएको छ । यहाँ कुल ६१२ उत्तरमध्ये २११ नेपाली भाषा, अछामी १९९, मगर ९०, डोटेली ३०, जुम्ली २४, दैलेखी २०, राजी १५, चिडगाडी ७ र मैथिर्ला ६ भाषाको उपयोग गरिरहेका छन् ।

यस गाउँपालिका क्षेत्रमा पहिलो पुस्ताले प्रयोग गर्ने भाषा तेस्रो पुस्ताले सजिलै बुझ्ने र प्रयोग गर्ने अवस्था देखिएको छ । यस क्षेत्रमा स्थानीय मातृभाषा पहिलो पुस्ताले तेस्रो पुस्तासँग सजिलै उपयोग गरेको देखिएको छ । यी उल्लिखित भाषामा भाषाको वंशान्तरण भएको छ । स्थानीय भाषा पछिल्लो पुस्तासम्म स्थानान्तरण भइरहेको देखिएको छ । यहाँ हेर्दा अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा भाषा प्रयोग गर्ने अभ्यास सरेको देखिएको छ । स्थानीय समुदायमा भाषा प्रयोगप्रतिको सजगता, भाषा प्रयोगबाट हुने फाइदाको आँकलन गरेका कारण विकासको सम्भावना भए पनि पछि परेको देखिएको छ ।

३.४.७. आमासँग बालबालिकाले उपयोग गर्ने मातृभाषाहरु

तालिका ११ : बालबालिकाहरुले आमासँग बोल्ने भाषाहरु

क.सं.	भाषा	जम्मा
१.	अछामी	२००

२.	मगर	९०
३.	नेपाली	२१०
४.	जुम्ली	२४
५.	दैलेखी	२०
६.	राजी	१५
७	डोटेली	३०
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	१०
११.	जम्मा	६१२

आमासँग बालबालिकाले बोल्दा, कुराकानी गर्दा, केही माग्दा वा आवश्यकीय विषयमा कुरा गर्दा अधिकतरले नेपाली भाषा र दोस्रोमा अछामी भाषाको प्रयोग गरेको देखिएको छ । सबै केटाकेटीहरुले आमासँग कुरा गर्दा स्थानीय मातृभाषाको उपयोग गरेको देखिएको छ । त्यस्तै लालझाडी क्षेत्रका ७४ मध्ये ७२ ले स्थानीय भाषाको प्रयोग गर्दछन् । यसरी हेर्दा दोस्रो पुस्ता र तेस्रो पुस्ताका बीचमा मातृभाषामा नै कुराकानी हुने गरेको देखिएको छ । पारिवारिक पृष्ठभूमि जस्तो छ त्यसै अनुसारको भाषा प्रयोग भएको छ । स्थानीय भाषालाई उपयोग गर्ने दृष्टिले यो अवस्था सकारात्मक देखिएको छ ।

३.४.८. आमाले बालबालिकासँग बोल्ने मातृभाषाहरु

तालिका १२ : आमाले बालबालिकाहरुसँग बोल्ने भाषाहरु

क्र.सं.	भाषा	जम्मा
१.	अछामी	१८४

२.	मगर	९२
३.	नेपाली	२३०
४.	जुम्ली	१९
५.	दैलेखी	१९
६.	राजी	१५
७	डोटेली	२९
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	११
११.	जम्मा	६१२

आमाले बालबालिकासँग कुराकानी गर्दा केही बढी नेपाली भाषाको उपयोग गरेको पाइएको छ । तालिका अनुसार अध्ययन गर्दा अछामी भाषाभन्दा नेपाली भाषा दोब्बरको संख्याले बढी छ भने मगर भाषाभन्दा अछामी भाषा ठ्याक्कै दोब्बरको संख्याले बढी देखिन्छ । अन्य भाषामा खासै अन्तर देखिएको छैन ।

३.४.९. बुबासँग बालबालिकाले बोल्ने मातृभाषाहरु

तालिका १३ : बालबालिकाहरुले बाबासँग बोल्ने भाषाहरु

क.सं.	भाषा	जम्मा
१.	अछामी	१६९
२.	मगर	८९
३.	नेपाली	२१७
४.	जुम्ली	१९
५.	दैलेखी	१८
६.	राजी	१५
७	डोटेली	२७
८.	चिडगााडी	७
९.	मैथिली	६

१०.	बहुभाषी	४५
११.	जम्मा	६१२

बालबालिकाहरुले बाबासँग बोल्ने भाषाहरु बारे गरिएको अध्ययनको नतिजा पनि अघिल्ला नतिजा झैँ नै छन् ।

३.४.१०. बुबाले बाल बालिकासँग बोल्ने मातृभाषाहरु

तालिका १४ : बाबाले बालबालिकाहरुसँग बोल्ने भाषाहरु

क.सं.	**भाषा**	**जम्मा संख्या**
१.	अछामी	१८३
२.	मगर	८९
३.	नेपाली	२३०
४.	जुम्ली	१९
५.	दैलेखी	१८
६.	राजी	१५
७	डोटेली	२७
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	१८
११.	जम्मा	६१२

भाषा प्रयोगको अवस्थाको पहिचानको समस्या जस्तो देखिएको छ ।

३.४.११. घरमा बोलिने भाषाहरु

तालिका १५ : घरमा बोलिने भाषाहरु

क.सं.	**भाषा**	**जम्मा संख्या**
१.	अछामी	१९६

२.	मगर	१०६
३.	नेपाली	१७५
४.	जुम्ली	२३
५.	दैलेखी	२०
६.	राजी	१५
७	डोटेली	२६
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	३८
११.	जम्मा	६१२

मथिको तालिकाको अध्ययनले घरमा बोलिने भाषाहरुमध्ये सबैभन्दा बढी बोलिने भाषामा अछामी भाषा देखिएको छ । त्यसपछि नेपाली र मगर भाषाको प्रयोग गरिएको छ ।

३.४.१२. समुदायका सम्पर्क भाषाहरु

तालिका १६ : समुदायका सम्पर्क भाषाहरु

क.सं.	**भाषा**	**जम्मा संख्या**
१.	अछामी	२०४
२.	मगर	९८
३.	नेपाली	१९९
४.	जुम्ली	२५
५.	दैलेखी	१५
६.	राजी	२
७	डोटेली	१४
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	४२
११.	जम्मा	६१२

यहाँ समुदायको प्रमुख सम्पर्क भाषाहरुमा अछामी, नेपाली र मगर भाषाहरु रहेका देखिएको छ । यहाँ अधिक सम्पर्कमा उपयोग हुने भाषामा अछामी भाषा देखिएको छ । दोस्रो स्थानमा नेपाली भने तेस्रो स्थानमा मगर भाषा रहेको देखिन्छ ।

३.४.१३. स्थानीय बजारमा प्रयोग हुने भाषाहरु

तालिका १७ : स्थानीय बजारमा प्रयोग हुने भाषाहरु

क.सं.	भाषा	जम्मा संख्या
१.	अछामी	१४३
२.	मगर	५३
३.	नेपाली	२६१
४.	जुम्ली	७
५.	दैलेखी	१४
६.	राजी	१
७	डोटेली	१४
८.	चिडगााडी	७
९.	मैथिली	६
१०.	बहुभाषी	११६
११.	जम्मा	६१२

स्थानीय बजारमा बोलिने भाषाको स्तर मापन भने अन्य मापनका तुलनामा फरक नतिजा देखिएको छ । समुदायका बीचमा हुने सञ्चारणको अवस्था र स्थानीय बजारमा हुने सञ्चारणको माध्यम फरक देखिएको छ । यहाँ नेपाली भाषा प्रयोग गर्नेको सङ्ख्या अधिकतम देखिएको छ भने मातृभाषाको अवस्था ज्यादै खस्किँदो देखिएको छ । स्थनीय बजारमा धेरै जसो नेपाली भाषाको माध्यमबाट सञ्चार हुने गरेको पाइएको छ । यस तालिकामा भएका सूचनाहरुले सकारात्मक नतिजा प्रस्तुत गर्न सकेको देखिएन ।

३.४.१४ सभा गोष्ठीमा प्रयोग हुने भाषाहरु

तालिका १८ : सभा गोष्ठीमा प्रयोग हुने भाषाहरु

क.सं.	भाषा	जम्मा संख्या
१.	अछामी	१४६
२.	मगर	६३
३.	नेपाली	३१२
४.	जुम्ली	७
५.	दैलेखी	७
६.	राजी	
७	डोटेली	५
८.	चिडगााडी	२
९.	मैथिली	६
१०.	बहुभाषी	६४
११.	जम्मा	६१२

विभिन्न सभा समारोहमा प्रयोग हुने भाषाको अवस्था हेर्दा नेपाली भाषाको प्रयोग अधिक देखिएको छ । अधिकांश कार्यक्रममा माध्यमका रुपमा नेपाली भाषालाई रोजेको देखिन्छ ।

३.४.१५ धार्मिक रीतिरिवाजमा बोलिने भाषाहरु

तालिका १९ : धार्मिक रीतिरिवाजमा बोलिने भाषाहरु

क.सं.	भाषा	जम्मा संख्या
१.	अछामी	१६८
२.	मगर	८४
३.	नेपाली	२७०
४.	जुम्ली	८
५.	दैलेखी	५
६.	राजी	१५
७	डोटेली	१३
८.	चिडगााडी	७

९.	मैथिली	६
१०.	बहुभाषी	३६
११.	जम्मा	६१२

स्थानीय समुदायले धार्मिक रीतिरिवाजमा बोलिने भाषाहरुको प्रयोग गर्दा स्थानीय रुपमा प्रयोग भइरहेका भाषाले अधिक स्थान पाएका छन् । तथापि औसतमा हेर्दा नेपाली भाषाको नै आधिक्यता देखिन्छ ।

३.४.१६. विद्यालयमा प्रयोग गर्ने भाषाहरु

तालिका २० : विद्यालयमा प्रयोग गर्ने भाषाहरु

क.सं.	**भाषा**	**जम्मा संख्या**
१.	अछामी र नेपाली	८३
२.	मगर र नेपाली	८४
३.	नेपाली	३८३
४.	अंग्रेजी र नेपाली	३७
५.	दैलेखी र अंग्रेजी	२
६.	दैलेखी र नेपाली	१
७	डोटेली र नेपाली	१६
८.	मैथिली र नेपाली	६
९.	जम्मा	६१२

विद्यालयमा प्रयोग हुने भाषाहरुका विषयमा गरिएको प्रश्नमा नेपाली, अछामी र अंग्रेजी भाषाको प्रयोग हुने उल्लेख गरिएको छ । उत्तरकर्ता ६१२ मध्ये ३८३ जनाले नेपाली, ८४ जनाले मगर, ८३ जनाले अछामी र ३७ जनाले अंग्रेजी भाषाको उपयोग गर्ने गरेका छन् ।

३.४.१७. अनौपचारिक शिक्षामा प्रयोग हुने भाषाहरु

तालिका २१ : अनौपचारिक शिक्षामा प्रयोग हुने भाषाहरु

क.सं.	**भाषा**	**जम्मा संख्या**

१.	अछामी र नेपाली	१३३
२.	मगर र नेपाली	६३
३.	नेपाली	३८२
४.	अंग्रेजी र नेपाली	३
५.	बहुभाषिक	१३
६.	जुम्ली र नेपाली	४
७	डोटेली र नेपाली	८
८.	मैथिली र नेपाली	६
९.	जम्मा	६१२

लालझाडी क्षेत्रमा पौढ शिक्षा, विभिन्न सिपमूलक कार्यक्रम, आय आर्जनका कार्यक्रम आदिमा प्रयोग हुने भाषाका विषयमा सोधिएको प्रश्नमा नेपाली भाषा अधिक उपयोग हुने नतिजा आएको छ ।

३.४.१८. उच्च शिक्षामा प्रयोग गरिने भाषाहरु

तालिका २२ : उच्च शिक्षामा प्रयोग गरिने भाषाहरु

क.सं.	**भाषा**	**जम्मा संख्या**
१.	अछामी र नेपाली	८६
२.	मगर र नेपाली	५६
३.	नेपाली	३६९
४.	अंग्रेजी र नेपाली	७३
५.	डोटेली र नेपाली	११
६.	जुम्ली र नेपाली	११
७	मैथिली र नेपाली	६
८.	जम्मा	६१२

उच्च शिक्षामा प्रयोग हुने भाषाका विषयमा सोधिएका प्रश्नहरुको उत्तरमा नेपाली, अछामी, मगर र अङ्ग्रेजी भाषाको उल्लेख्य प्रयोग भइ आएको देखिएको छ ।

३.४.१९. समुदाय समुदाय बीचमा प्रयोग हुने भाषाहरु

तालिका २३ : समुदायसमुदाय बीचमा प्रयोग हुने भाषाहरु

क.सं.	भाषा	जम्मा संख्या
१.	अछामी र नेपाली	१६५
२.	मगर र नेपाली	११९
३.	नेपाली	२६१
४.	जुम्ला र नेपाली	५
५.	डोटेली र नेपाली	६
६.	जुम्ली र नेपाली	५
७	मैथिली र नेपाली	६
८.	बहुभाषी	४५
९.	जम्मा	६१२

समुदाय समुदायका बीचमा प्रयोग हुने भाषामा पनि नेपाली भाषा नै पहिलो स्थानमा देखिएको छ । यहाँ दोस्रो स्थान अछामी भाषाको देखिएको छ भने तेस्रो स्थानमा मगर भाषा देखा परेको छ ।

३.४.२० सरकारी कार्यालयमा प्रयोग हुने भाषाहरु

तालिका २४ : सरकारी कार्यालयमा प्रयोग हुने भाषाहरु

क.सं.	भाषा	जम्मा संख्या
१.	अछामी र नेपाली	१०२
२.	मगर र नेपाली	४८
३.	नेपाली	४२७
४.	जुम्ला र नेपाली	१
५.	डोटेली र नेपाली	५
६.	अंग्रेजी र नेपाली	६
७	मैथिली र नेपाली	६
८.	बहुभाषी	३

९.	नेपाली र दैलेखी	१४
१०.	जम्मा	६१२

यहाँ सरकारी कार्यालयमा नेपाली भाषाको प्रयोग हुने तथ्य उल्लेख गरिएको छ। सोधिएका प्रश्नको उत्तरमा अधिकांश उत्तर कर्ताले अन्य भाषाको पनि उललेख गरेका छन् । यसमा अधिकांशले नेपाली लेखेका छन् । यो अवस्थामा सरकारी काम काजको भाषा नेपाली नै हो । स्थानीय समुदायमा अछमी र मगर भाषा बोल्न अभ्यस्त भएका कारण मानिस ती भाषालाई सञ्चरणमा उपयोग गर्दछन् ।

३.४.२१ बाहिरको व्यक्तिसँग बोलिने भाषाहरु

तालिका २५ : बाहिरको व्यक्तिसँग बोलिने भाषाहरु

क.सं.	**भाषा**	**जम्मा संख्या**
१.	अछामी र नेपाली	१६५
२.	मगर र नेपाली	६६
३.	नेपाली	३३८
४.	जुम्ला र नेपाली	३
५.	डोटेली र नेपाली	१२
६.	अंग्रेजी र नेपाली	५
७	मैथिली र नेपाली	५
८.	बहुभाषी	४
९.	नेपाली र दैलेखी	१४
१०.	जम्मा	६१२

बाहिरका व्यक्तिहरुसँग बोल्दा यहाँका व्यक्तिहरुले नेपाली भाषाको प्रयोग गरेका छन् । नतिजामा समाजले अनुमान नगरेको अङ्ग्रेजी भाषाको प्रयोग भएको समेत पाइएको छ।

३.५. मातृभाषा सञ्चारका माध्यम र प्रयोग

माथिको शीर्षकमा केन्द्रित भएर सोधिएका प्रश्नहरु र तिनका उत्तरहरुको अध्ययन गर्दा निम्न लिखित जानकारीहरु प्राप्त भएका छन् । सोधिएका प्रश्नको उत्तरमा केवल छ र छैन भन्ने सूचना मात्र प्राप्त भएका छन् । तिनको चर्चा निम्नानुसार गरिएको छ :

तलिका २६ : मातृभाषा सञ्चारका माध्यम र प्रयोग

क्रम स	भाषा	रेडियोमा प्रयोग	टेलिभिजनमा प्रयोग	पत्रपत्रिकामा प्रयोग	मोबाइलमा प्रयोग
१	अछामी	अछाम २,४,७,९ का अछाम,गुट्ु, चिसी, आमी, थालपाटा, थरालगाउँ, सुनकाँडा आदिमा	चौकुने नौका दैलेख, गुटु, चालमा, अछाम, वडीगाउँ	अछाम २,४,७,९ का अछाम,गुटु, चिसी, आमी, थालपाटा, थरालगाउँ, सुनकाँडा आदिमा	अधिकतर
२	मगर	सुर्खेत-१,३,४,५,६ र ९ का वेतान,किरौना, थापाथली, रानागैंरा, खरापू, राग, कोइलाबास, बागमारा, सोताल, सिमलगैंरा, तोस्रा, सुर्खेत, तोलिसेन, तोका, समाखालमा	सुर्खेत-१,४ का वेतान, सोताल, सिमलगैंरा, तोस्रा, सुर्खेत, तोलिसेन, तोका, समाखालमा	सुर्खेत-१,३,४,५,६ र ९ का वेतान,किरौना, थापाथली, रानागैंरा, खरापू, राग, कोइलाबास, बागमारा, सोताल, सिमलगैंरा, तोस्रा, सुर्खेत, तोलिसेन, तोका, समाखालमा	अधिकतर

नेपाली भाषा समृद्धि भाषा भएकाले सञ्चारका माध्यममा पर्याप्त मात्रमा प्रयोग भएको देखिएकाले पनि यहाँ अध्ययन गरिएको छैन । त्यो भाषा बाहेका अन्य मातृभाषा जुन अधिक मात्रामा बोलिन्छन्, तिनको अध्ययन मात्र यहाँ प्रस्तुत गरिएको हो । जस अनुसार सञ्चारका माध्यमहरु क्तमशः रेडियो, टेलिभिजन, पत्रपत्रिका र मोबाइलमा स्थानीय भाषाको प्रयोगको अवस्थाको अध्ययन गर्दा तुलनात्मक रुपमा मगर भाषाको प्रयोग अलि बढी नै देखिन्छ । सञ्चारका चार विधाहरु मध्ये मोबाइलमा अधिक प्रयोग हुने भन्ने उत्तर प्राप्त भएको छ । एकाध ठाउँमा मात्र टेलिभिजनमा त्यसपछि पत्रपत्रिकामा र रेडियोमा मगर भाषा माध्यमका रुपमा प्रयोग हुने भन्ने उत्तर प्राप्त भएको छ । सञ्चार माध्यमका रुपमा अछामी भाषाको अध्ययन गर्दा अलिक कम नै देखिन आएको छ । माध्यमका रुपमा मोबाइलमा अधिकतर प्रयोग भएको उत्तर आएको छ भने न्यून रुपमा रेडियो र पत्रपत्रिकामा प्रयोग भएको उत्तर आएको छ ।

३.६. मातृभाषाको अवस्था

तालिका २७ : मातृभाषाको अवस्था

	मौखिक परम्परा	वर्ण निर्धारण	शब्दकोश निर्धारण	व्याकरण निर्माण	विधागत रचना	पाठ्यसामग्री	भाषाको प्रयोग	प्रविधिमा प्रयोग
मगर	छ	वडा३, वेतानमा उपलब्ध तर अन्यमा छैन ।	वडा३, वेतानमा उपलब्ध तर अन्यमा छैन ।	वडा३, वेतानमा उपलब्ध तर अन्यमा छैन ।	वडा३, वेतानमा उपलब्ध तर अन्यमा छैन ।	वडा३, वेतानमा उपलब्ध तर अन्यमा छैन ।	वडा३, वेतानमा उपलब्ध तर अन्यमा छैन ।	छैन
अछामी	छ	छैन	छैन	छैन	छैन	वडा४, अछाममा बाहेक अन्यमा नभएको	वडा३,४ वेतानमा तर अन्यमा नभएको ।	छैन

माथिको तालिका अनुसार अध्ययन गर्दा दुवै मातृभाषीको मौखिक परम्परा रहेको छ तापनि वर्णको निर्धारण भएको छैन । वर्णको निर्धारण नभएको अवस्थामा शब्दकोशको निमार्ण हुनु सम्भवप्राय हुदैन । प्राप्त उत्तरका आधारमा गरिएको यस अध्ययन अनुसार सुर्खेत ३, वेतानका मगरहरुले मगर मातृभाषामा वर्ण निर्धारण, शब्दकोश निर्माण, व्याकरण लेखन, विधागत रचना, पाठ्यसामगीको उपलब्धता, भाषाको प्रयोग तथा प्रविधिमा प्रयोग गरेको देखिएको छ भने अन्य स्थानका मगर मातृभाषीको उपलब्धता छैन । त्यसैगरी अछामी मातृभाषीको पनि वडा ४, वेतानमा न्यून रुपमा पाठ्यसामगीको उपलब्धता तथा भाषाको प्रयोगको स्थिति देखा परेको छ । यी बाहेक तथा यस क्षेत्र बाहेक अन्य स्थानमा मातृभाषामा वर्ण निर्धारण, शब्दकोश निर्माण, व्याकरण लेखन, विधागत रचना, पाठ्यसामगीको उपलब्धता तथा भाषाको प्रयोगको स्थिति शून्य नै छ । दुबै मातृभाषाको प्रविधिमा प्रयोगको स्थिति नै रहेको नै छैन ।

३.७. मातृभाषाको विकासमा भएका प्रयासहरु

तालिका २८ : मातृभाषाको विकासमा भएका प्रयासहरु

	तपाइको तर्फबाट	**समुदायको तर्फबाट**	स्थानीय तहबाट	**प्रदेश सरकारबाट**	**राष्ट्रिय स्तरबाट**	**अन्य**
मगर	**स्थान :**	स्थान	स्थान	स्थान	स्थान	स्थान
	वडा ३, गुटु, शोभानचौर, अछाम, पनेपाटा, आलेगाउँ, आदि । वडा३, वेतान, वडा १, ३,५,९ का पञ्चपुरसालकोट, राग,रानागैरा, बागमारा,गुटु, सल्लेटाकुरा, कोइरालबास, सालकोट,खरापु आदि ।	वडा १,३,५,९ वडा३, वेतान,	वडा३, वेतान, वडा १,३,५,९	चौकुने ३, वडा १,९	वडा ५,९	वडा ३ मा
	विधि :	विधि	िविधि	िविधि	विधि	विधि
	घरमा मातृभाषामा कुरा गर्ने वातावरण बनाएर, बोल्ने र बोल्न लगाएर, मातृभाषा सम्वन्धि विविध कार्यक्रम सञ्चालन गरेर, पाठ्यपुस्तकको प्रयोग गरेर,	मातृभाषामा बोलेर तथा बोल्न लगाएर, पाठ्यक्रम व्यवस्थापन, गाविसमा पहल, नाच तथा गीतमा प्रयोग, कार्यक्रम सञ्चानलन , भाषा सम्वन्धि जनचेतना ।	भषिक पहिचान तथा उत्थानमा आर्थिक सहयोग प्राप्त, गविसाट रकम छुट्ट्याएर कार्यक्रम गरेता पनि खासै प्रभावकारी हुन नसकेको	विशेष सहयोग प्राप्त, कार्यक्रम गरेता पनि खासै प्रभावकारी हुन नसकेको	पाठ्यपुस्तक छापेर, कार्यक्रम प्रसारण गरेर, रेडियो बजाएर, संस्थाको स्थापना गरेर,	नेपाल मगर संघबाट
अछामी	स्थान	स्थान	स्थान	स्थान		

	वडा ७,९ का अछाम बयाल अछाम धमाली, सुर्खेत,अछाम सिड.ाउडी, दैलेख, कालिकोट,सान्ने सुर्खेत	वडा ७, गुटुमा	वडा ७, गुटुमा	वडा ७, गुटु		
	विधि : औपचारिक रुपमा सबैसँग अछामी भाषामा कुराकानी गरेर,	**विधि** :समाजमा अछामी भाषामा नै सम्पर्क गर्ने र गराउने ।				

३.८. मातृभाषा विषयका रुपमा विद्यालयमा पढाएको अवस्था

यस शीर्षकमा केन्द्रित भएर अध्ययन गर्दा यस क्षेत्रमा प्रचलित प्रमुख दुई भाषालाई मात्र आधार बनाइएको छ । चौकुने १,३,५ र ९ वडाका मगर मातृभाषीले मातृभाषालाई विषयका रुपमा विद्यालयमा लागू गरेको देखिएको छ भने अन्य स्थानका शून्य नै देखिएका छन् । त्यसैगरी अछामी मातृभाषाले चौकुना १० वडामा मातृभाषालाई विषयका रुपमा विद्यालयमा लागू गरेको देखिएको छ भने अन्य स्थानका शून्य नै देखिएका छन् ।

३.९. निष्कर्ष

चौकुना गाउँपालिका क्षेत्रमको कुल जनसंख्या २५२४० मध्ये ४१४२ मगर समुदायको जनसंख्या रहेको छ । यहाँ मगर समुदायका भाषाको उपयोग हुने गर्दछ । चालु आर्थिक वर्ष २०७४÷०७५ मा भाषा आयोगको कार्यक्रम अन्तर्गत चौकुना गाउँपालिकामा मगर भाषाको अवस्थाको अध्ययन गर्ने कार्यक्रम अन्तर्गत स्थलगत अध्ययन गरी प्राप्त भएका विवरणहरुको माथि विभिन्न शीर्षकमा विश्लेषण गरिएको छ । यस गाउँपालिकामा २०६८ को जनगणनामा १० ओटा भाषाको उपस्थिति देखाएको छ । अध्ययनको क्रममा भएको छलफल, विभिन्न क्षेत्रमा गराइएको

सर्वेक्षण र विद्यालयको स्थलगत अध्ययनका आधारमा हेर्दा थप अछामी भाषा पनि देखिएको छ । यहाँ नेपाली, मगर, अछामी, जुम्ली, दैलेखी, राजी, डोटेली, चिडगाडी र मैथिली भाषा प्रयोगको मात्र उपस्थिति देखिएको छ । कुनै कुनै सन्दर्भमा अङ्ग्रेजी तथा हिन्दी भाषाको पनि झुल्को देखिएको छ । अतः मगर भाषालाई शिक्षामा कसरी उपयोग गर्न सकिन्छ भन्ने प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।

युनेस्कोको सन् २००३ को पेरिसमा भएको भाषाको जीवन्तता सम्बन्धी विशेषज्ञहरु बैठकले तयार गरेका देहाय अनुसारका सूचकका आधारमा देहाय अनुसारका निष्कर्ष निकाल्न सकिन्छ ।

१. भाषाको वंशान्तरण वा पुस्तान्तरण

चौकुना क्षेत्रमा प्रयोग हुने भाषाको वंशान्तरण वा पुस्तान्तरणको सन्दर्भ हेर्दा यहाँका अधिकांश जनजातिले प्रयोग गर्ने भाषालाई तीनै पुस्ताले प्रयोग गरेका छन् । पहिलो पुस्ता, दोस्रो पुस्ता र तेस्रो पुस्ताका मानिसहरु सबैले यी भाषा प्रयोग गरेका छन् । मगर समुयको घना बस्ती रहेको देखिए तापनि यो भाषाको प्रयोगका आधारमा अध्ययन गर्दा दोस्रो स्थानमा देखिएको छ तापनि जहाँ बोलिन्छन् त्यहाँका बालबालिका आफ्ना अघिल्ला पुस्ताका आमा, बा, हजुर आमा र हजुरबासँग दोहोरो कुराकानी गर्न सकेका छन् । यस तथ्यका आधारमा हेर्दा यो भाषालाई थप जीवन्तता दिन आवश्यक छ । यसका लागि प्रयोगका अवसरको निर्माण आवश्यक छ ।

२. भाषाका वक्ताको सङ्ख्या

यस गाउँपालिका क्षेत्रमा प्रयोग हुने भाषाहरुको यकीन सङ्ख्यात्मक विवरण तयार गर्न आवश्यक छ । यसर्थ चौकुना गाउँपालिकाका मगर समुदायमा मगरको सङ्ख्या किटानी अध्ययन आवश्यक छ ।

३. भाषाका जम्मा जनसङ्ख्या र भाषा बोल्नेको सङ्ख्या

यस गाउँपालिका क्षेत्रमा विभिन्न भाषाका बक्ताको सङ्ख्या कुल २५२४० छ । प्रस्तुत अध्ययनमा यस क्षेत्रमा रहने सबैको घर धुरी सर्वेक्षण नगरी केवल प्रतिनिधिमूलक सूचनाका आधारमा यो विश्लेषण गरिएको छ । यहाँ मगर, अछामी, जुम्ली, दैलेखी, राजी, डोटेली, चिडगाडी, मैथिली भाषा र नेपाली भाषा प्रयोग गर्ने बक्ता मात्र भेटिएका छन् । यो अध्ययन मगर भाषामा केन्द्रित भएका कारण स्थलगत अध्ययन गर्दा मगर भाषी पृष्ठभूमि भएका विद्यार्थी मात्र रहेका

विद्यालय, एकभन्दा बढी भाषाको पष्ठभूमि भएका विद्यार्थी भएका विद्यालय र बहुभाषी पृष्ठभूमि भएका विद्यालयको छनोट गरी अध्ययन गरिएको हुनाले प्रतिनिधिमूलक सङ्ख्या मात्र उल्लेख छ । शिक्षामा माध्यमका रुपमा प्रयोग गर्ने कार्यक्रम तयार गरी कार्यान्वयन गर्दा स्थानीय सरकारले सङ्ख्या किटान गरेर मात्र कार्यान्वयन आवश्यक छ ।

४. सञ्चार माध्यममा भाषाको प्रयोग

अध्ययनमा समावेश गरिएका प्रश्नावलीमा सञ्चार माध्यमको उपयोग सम्बन्धी प्रश्नावलीबाट प्राप्त सूचनाहरुको निष्कर्ष हेर्दा यहाँ मगर भाषामा आंशिक प्रयोगको थालनी भएको छ । यो समुदायमा लेखाइको विकासका कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता भएको छ । रेडियो तथा टलिभिजनमा (एकाध ठाउँमा) प्रयोग गर्न थालिए पनि पत्रपत्रिकामा लेखाइ थालिएको छैन । सञ्चरमा रेडियो, टेलिभिजन र मोबाइलमा मौखिक रुपमा प्रयोग भइरहेको छ ।

५. भाषाको आन्तरिक सबलता

यो भाषामा लेख्य परम्पराको सुरुवात भएका देखिन्छ । यसको आन्तरिक संरचनाको विषयमा अध्ययन गर्दा एकाध ठाउँमा वर्ण निर्धारण, शब्दकोश निर्माण, विधागत रचना, व्याकरण निर्माण समेत प्राप्त भएको छ । लिखित परम्पराका लागि वर्ण निर्धारण, शब्दकोश निर्माण, व्याकरणको तयारीका लागि आवश्यक कार्य र साहित्यका विधागत रचनाको अझ तयारी गर्न आवश्यक देखिएको छ । भाषा विकासको योजना तयार गरी कार्यान्वयनमा लैजान आवश्यक छ ।

६. भाषाको लिखित तथा औपचारिक मौखिक प्रयोग

स्थलगत अध्ययनका क्रममा प्राप्त भएका सूचनाहरुको विश्लेषण गर्दा भाषाको लिखित रुपको एकाध प्रयोग भएको भेटिएको छ । भाषाको मौखिक रुपको प्रयोग औपचारिक तथा अनौपचारिक रुपमा भएको छ । अनौपचारिक सिकाइका क्रममा भाषाको मौखिक रुपको प्रयोग हुने गरेको सूचना प्राप्त भएको छ ।

७. भाषाको उत्थान र विकासमा वक्ताको प्रयास

यसको लागि केही प्रयत्नको थालनी भएको छ । यो प्रयास पर्याप्त छैन । स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारका कार्यक्रम तयार गरी भाषा विकासका लागि अग्रर आवश्यक छ ।

८.अभिलेखीकरण

प्रस्तुत सन्दर्भको विषयको अव थालनी गर्न आवश्यक छ । मगर भाषाको विषयमा पहिलो पटक नै मगर भाषाको सामाजिक तथा भाषिक सर्वेक्षण भएको छ । त्यसले पनि भाषा विकासका लागि सुझाव दिएको छ । यस तर्फका आवश्यक कार्यको थालनी आवश्यक छ ।

परिच्छेद चार

विद्यालयमा मातृभाषाको प्रयोग सम्भाव्यताको अध्ययन

४.१. विषय प्रवेश

प्रस्तुत अध्ययन भाषा आयोगले पहिले तयार गरेका प्रश्नावली, स्थानीय छलफल र विभिन्न व्यक्तिका सुझावहरु समावेश गरी देहाय अनुसार विश्लेषण तथा व्याख्या गरिएको छ । सङ्कलित सामग्रीहरुलाई विश्लेषण गर्दा आवश्यकता अनुसार तालिकाको सहयोग लिइएको छ ।

यस गाउँपालिकामा जम्मा ४७ वटा विद्यालय रहेका छन् । जसमध्ये ३ वटा विद्यालयमा मातृभाषाको प्रयोग सम्भाव्यताको अध्ययन गरिएको छ । मातृभाषाको प्रयोग सम्भाव्यतासम्बन्धी अध्ययन गरिएका बहुभाषी विद्यालयअन्तर्गतको जनजागृत मावि तोस्रा चौकुना ५ सुर्खेत, जीबनज्योती मावि गुटु, सुर्खेत, नेपाल राष्ट्रिय प्रावि छिनिड.गैरा लगाम, चौकुनाका कक्षा १ दखि ३ सम्मको माध्यम भाषा को सम्भाव्यताको अध्ययन गरिएको छ ।

४.२. उद्देश्यहरु

अध्ययनका मूलभूत रुपमा देहाय बमोजिम ५ उद्देश्यहरु रहेका छन् :

१. समुदाय तथा विद्यालयमा मातृभाषाको प्रयोग छनौटको आधार पहिचान गर्ने,

(क) सरकारी आधिकारिक स्रोत

(ख) समुदाय तथा विद्यालयमा भाषाको प्रयोग

२ मातृभाषाको माध्यमबाट पठनपाठन गर्ने बहुभाषिक शिक्षाको सम्भाव्याको आधार तथा नमूना खोजी गर्ने

(क) कक्षाकोठा व्यवस्थापन

(ख) शिक्षक व्यवस्थापन

(ग) शिक्षणसिकाइ प्रकिया

(घ) शैक्षिक सामग्री विकास

(ङ) मूल्यांकन तथा परीक्षा पद्धति

३. विषयका रुपमा मातृभाषाको प्रयोग गर्ने आधार पहिचान गर्ने,

४. अनौपचारिक शिक्षा तथा प्रारम्भिक बाल विकास शिक्षा/ पूर्व प्राथमिक शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यताको आधार खोजी तथा विकास गर्ने,

५. बहुभाषिक शिक्षा कार्यक्रम सन्चालनका लागि आधारहरुको पहिचान गर्ने

(क) बहुभाषिक शिक्षा संचालन विधि

(ख) मानव संशाधन विकास

(ग) श्रोत परिचालन

(घ) स्थानीय तहसँग सहकार्यको संभाव्यता

४.३. सूचनाहरुको विश्लेषण र व्याख्या

४.३. १. समुदाय तथा विद्यालय छनोटका आधार

यस परिच्छेदमा प्राप्त तथ्यका आधारमा समुदाय र विद्यालयमा भाषाको प्रयोगको स्थितिको विश्लेषण गरिएको छ । समुदायमा भाषाको प्रयोगतर्फ अभिभावकले सामाजिक जीवन संस्कार, व्यवहार र औपचारिक कार्यमा माध्यमका रुपमा प्रयोग गर्ने भाषाको आधारमा विश्लेषण गरिएको छ । विद्यालयमा भाषा प्रयोगका लागि विद्यार्थीको भाषिक प्रयोग, शिक्षक र प्रअको भाषिक प्रयोगलाई आधार बनाई विश्लेषण गरिएको छ । विद्यालय सम्बद्ध सबैले भाषाको प्रयोग गरेको आधारमा बहुभाषिक शिक्षाका लागि समुदाय तथा विद्यालय छनोटको आधार निर्धारण गरिएको छ ।

(क). समुदायमा भाषाको प्रयोग स्थिति

तालिका २९

समुदायमा भाषाको प्रयोग स्थिति

	विद्यालयको नाम र ठेगानाः जनजागृत मावि तोसा, चौकुना ५		विद्यालयको नाम र ठेगानाः जीवनज्योती मावि, गुटु, सुर्खेत		विद्यालयको नाम र ठेगानाः नेपाल राष्ट्रिय प्रावि छिनिङ,गैरा लगाम	
	अभिभावक १	अभिभावक २	अभिभावक १	अभिभावक २	अभिभावक १	अभिभावक २
जानेको भाषा	मगर	मगर	नेपाली	नेपाली	मगर	नेपाली
दम्पत्तिबीचको भाषा	मगर भाषामा	मगर भाषा	राम्रो, संधै मातृभाषा वोलिन्छ	मगर	मगर	मगर भाषामा
दम्पत्तिको भाषिक समुदाय	एकै समुदायको	हो	एउटै	मगर	एउटै	एउटै समुदायको
बच्चाहरुको भाषा	मगर र नेपाली	नेपाली	मनेपाली	मगर र नेपाली	मगर , नेपाली	नेपाली
बाजेपुस्ताले बच्चासँग बोल्ने भाषा	मगर	मगर	नेपाली	नेपाली	मगर	नेपाली
बच्चाले बाजे पुस्तासँग	मगर, नेपाली	मगर , नेपाली	नेपाली	नेपाली	मगर	नेपाली

बोल्ने भाषा						
पत्राचारको भाषा	मगर,नेपाली	मगर /नेपाली	नेपाली	नेपाली	नेपाली	नेपाली भाषा
किनमेलको भाषा	मगर र नेपाली	अवस्था अनुसार मगर	नेपाली	नेपाली	मगर	नेपाली
घरमा बोलिने भाषा	मगर	मगर र खस	नेपाली	नेपाली	मगर, नेपाली	नेपाली
समुदायको सम्पर्क भाषा	मगर र नेपाली	मगर र नेपाली	नेपाली	नेपाली	मगर	नेपाली
बालबालिका सँगको भाषा	मगर र नेपाली	मगर र नेपाली	नेपाली	नेपाली	नेपाली	नेपाली
.सभा गोष्ठीको	नेपाली	नेपाली	नेपाली	नेपाली	मगर , नेपाली	नेपाली
धार्मिक रीतिरिवाज र चाडपर्वको भाषा	मगर	मगर	नेपाली	नेपाली	मगर र नेपाली	मगर
बालबालिका हरुले जानेको भाषा	नेपाली	अंग्रेजी	नेपाली	नेपाली	नेपाली	नेपाली, हिन्दी
बालबालिका सहज प्रयोगको भाषा	नेपाली बढी प्रयोग गर्छन् ।	नेपाली , अँग्रेजी	नेपाली , अँग्रेजी	नेपाली , अँग्रेजी	नेपाली	मगर, नेपाली

(अ) जनजागृति मावि तोसा विद्यालय र समुदायमा भाषा प्रयोग

यस विद्यालयका दुवै जना अभिभावकहरुले मगर भाषा जानेका छन् । एउटै मगर समुदायका दुवै अभिभावकको दम्पत्तिबीचको भाषा मगर नै रहेको पाइएको छ । ती अभिभावकहरुका बच्चाहरुमध्ये एक जनाको मगर र नेपाली भाषामा कुराकानी गर्ने र अर्को अभिभावकको बच्चाहरु नेपाली भाषामा मात्र आपसमा कुराकानी गर्ने गरेको देखिएको छ । दुबै अभिभावकका बाजेपुस्ता र नातिपुस्ताबीच मगर भाषामा कुराकानी गरेको पाइयो भने बच्चाले बाजे पुस्तासँग गर्ने कुराकानीको अध्ययन गर्दा मगर र नेपाली भाषाको प्रयोग गरिएको पाइएको छ । पत्राचारको भाषा प्रयोगमा नेपाली र मगर भाषाको प्रयोग हुने गरेको पाइयो । बजारमा किनमेलका लागि अवस्थानुसार मगरसँग मगर भाषा र नेपाली भाषीसँग नेपाली भाषा प्रयोग गरेको देखिएको छ । पहिलो

अभिभावकले घरपरिवारमा मगर भाषा प्रयोग गरेको देखियो भने दोस्रो अभिभावकले अवस्थानुसार मगर र खस भाषा बोलिने गरेको पाइएको छ । समुदायको सम्पर्क तथा आमाबाबुको बालबालिकासँगको भाषिक प्रयोगलाई हेर्दा मगर र नेपाली दुवै भाषा नै देखिएको छ। उनीहरु दुवै अभिभावकहरुले सभा तथा गोष्ठीमा नेपाली भाषा नै प्रयोग गरिएको देखिएको छ। धार्मिक चाडपर्व र रीतिरिवाज लगायतका संस्कारजन्य कार्यमा मगर भाषाको प्रयोग गरेको देखिएको छ। आफ्नो मातृभाषा बाहेक बालबालिकाहरु नेपाली र अंग्रजी दुवै भाषा जान्ने भए तापनि नेपाली भाषा प्रयोगलाई सहज मानिएको देखिएको छ ।

(आ). जीवनज्योति मावि, गुटु विद्यालय र समुदायमा भाषाको प्रयोग

यस विद्यालयका अभिभावकहरु आफूले जानेको भाषा नेपाली हो । उनीहरु दम्पत्तिबीचको कुराकानी सधैँ नेपाली भाषामा नै गर्दछन् । नेपाली मातृभाषी समुदायका यी अभिभावकका बच्चाहरु नेपाली भाषामा नै कुराकानी गर्दछन् । बाजेपुस्ता र बच्चाहरुबीच तथा बच्चहरु र बाजे पुस्ताहरु नेपाली भाषामै आपसमा कुराकानी हुने गरेको देखिन्छ । उनीहरुको पत्रचारको भाषा नेपाली रहेको छ र बजारमा किनमेलको भाषा पनि नेपाली भाषाको नै प्रयोग हुने गरेको पाइएको छ । घर र समुदायको प्रयोगको भाषा नेपाली नै रहेको यी अभिभावकका बालबालिकाहरु आपसमा नेपाली भाषामै कुराकानी गर्ने गरेको पाइएको छ । सभागोष्ठीमा, धार्मिक चाडपर्व र रीतिरिवाज लगायतका संस्कारजन्य कार्यमा समेत नेपाली भाषा नै प्रयोग गर्ने यी अभिभावकका बच्चाहरु नेपाली भाषामा नै कुराकानी गर्न सहज मान्ने गरेको देखिएको छ ।

(इ) नेपाल राष्ट्रिय प्रावि विद्यालय र समुदायमा भाषाको प्रयोग

विद्यालयका दुबै अभिभावकहरु मध्ये पहिलो मगर र दोस्रो नेपाली भाषा जान्दछन् तर पनि दुबै दम्पत्तिबीचको माध्यम भाषा भने मगर मातृभाष नै रहेको छ । ती दुबै दम्पत्तिहरु एकै मगर समुदायका रहेका छन् । पहिलो अभिभावकका बच्चाहरु मगर र नेपाली बोल्छन् भने दोस्रो अभिभावकका बच्चाहरु नेपाली भाषा बोल्छन् । ती अभिभावकहरु मध्ये पहिलोका बच्चाहरु र बाजेपुस्ताबीचको संवाद तथा बाजेपुस्ता र बच्चापुस्ताबिचको संवादको माध्यम मगर रहेको छ भने दोस्रो अभिभावकका बच्चाहरु र बाजेपुस्ताबीचको संवाद तथा बाजेपुस्ता र बच्चापुस्ताबिचको संवादको माध्यम नेपाली भाषा रहेको पाइएको छ । बजारको किनमेलमा पहिलोथरिका

अभिभावकहरु मगर भाषा प्रयोग गर्दछन् र दोस्रोथरिका अभिभावकहरु नेपाली भाषा प्रयोग गर्दछन् तथापि उनीहरुको पत्राचारको भाषा भने एउटै नेपाली भाषा रहेको छ। उनीहरुको घर परिवार र समुदायको आपसी संवादको भाषाका रुपमा पहिलो अभिभावकले मगर र नेपाली भाषाको प्रयोग गरेका छन् भने दोस्रो अभिभावकले नेपाली भाषा रहेको छ। पहिलो अभिभावकका बच्चाले मगर र नेपाली भाषाको प्रयोग गरेका छन् भने दोस्रो अभिभावकका बच्चाले नेपाली भाषामा आपसमा कुराकानी गर्दछन् । उनीहरुको सभा गोष्ठीको माध्यम भाषा मगर र नेपाली दुवै भाषा रहेको छ। धार्मिक रीतिरिवाज, चाडपर्व र कामकाजमा दुबै अभिभावकले मगर भाषाको प्रयोग गर्दछन् भने बालबालिकाहरु मगर बाहेक नेपाली र हिन्दी भाषा समेत जानेको देखिएको छ । कतिपय बालबालिका मगर बोल्न सहज मान्दछन् भने कतिपय नेपाली भाषा बोल्न सहज मानेको पाइएको छ।

४.३.२. विद्यालय सेवा क्षेत्रको भाषाको प्रयोग स्थिति

अध्ययन गरिएका ३ विद्यालयहरुका सेवा क्षेत्रको समुदायमा नेपाली र मगर भाषिक वक्ता रहेका छन् । जसमध्ये जीवनज्योति मा.वि.को समुदायमा बढी मात्रमा नेपाली भाषिक वक्ता तथा न्यून रुपमा मात्र मगर भाषिक वक्ता पाइएका छन्। ने. रा.प्रा.वि., छिनिङ्, गैरा लगाममा समुदाय र विद्यालयको सम्पर्कको भाषा बाहेक अन्य समयमा मगर मातृभाषाको प्रयोग गर्ने भाषिक वक्ता छन् भने सोही स्थिति जनजागृत मावि, तोसामा पनि देखिन्छ।

तालिका ३०

विद्यालय सेवा क्षेत्रको भाषिक प्रयोग स्थिति

नाम	क्र.सं.	भाषिक समुदाय	मातृभाषा	समुदायको सम्पर्क भाषा	समुदाय र विद्यालयको सम्पर्क भाषा
जीवनज्योति मा.वि., गुदु	१	बाहुन	नेपाली	नेपाली	नेपाली
	२	क्षेत्री	नेपाली	नेपाली	नेपाली
	३	दलित	नेपाली	नेपाली	नेपाली
	४	मगर	मगर	नेपाली	नेपाली
जनजागृत मावि, तोसा	१.	मगर	मगर	मगर	नेपाली
ने. रा.प्रा.वि., छिनिङ्, गैरा लगाम	१	मगर	मगर	मगर	नेपाली

तालिका ३० अनुसार मगर जातिको मातृभाषा मगर नै रहेको देखिन्छ भने ब्राम्हण, क्षेत्री तथा दलितको मातृभाषा नेपाली रहेको देखिन्छ । मगर जातिको सम्पर्क भाषा मगर नै रहे पनि मगरको समेत सम्पर्क भाषा नेपाली भाषा रहेको पाइएको छ ।

४.३.३. कक्षाको विषयगत शिक्षणको माध्यम भाषा

अध्ययन गरिएका ३ विद्यालयहरुमध्ये जीवनीज्योति मावि, गुटु र ने. रा. प्रावि छिनिङ गैरा को तल्लो तहको माध्यम भाषा नेपाली नै रहेको देखिन्छ **भने जनजागृत मा.वि. तोसाको सूचना उपलब्ध गराइएको छैन ।**

तालिका ३१

विषयगत शिक्षणको माध्यम भाषा

विद्यालयको विवरण	विषय शिक्षणको माध्यमको भाषा (सामाजिक, गणित, विज्ञान)				
नाम	कक्षा	माध्यम भाषा	सामाजिक	विज्ञान	गणित
जनजागृत मा.वि., तोसा					
जीवनज्योति मा.वि., गुटु	0	नेपाली	नेपाली	नेपाली	नेपाली
	1	नेपाली	नेपाली	नेपाली	नेपाली
	2	नेपाली	नेपाली	नेपाली	नेपाली
	3	नेपाली	नेपाली	नेपाली	नेपाली
ने.रा.प्रा.वि. गैरा, लगाम	1	नेपाली	नेपाली	नेपाली	नेपाली
	2	नेपाली	नेपाली	नेपाली	नेपाली
	3	नेपाली	नेपाली	नेपाली	नेपाली

तालिका ३१ अनुसार जीवनज्योति मा.वि., गुटुको विषयगत रुपमा बाल कक्षादेखि कक्षा ३ सम्मको सामाजिक, विज्ञान र गणित विषयको माध्यम भाषा नेपाली रहेको छ । त्यसै गरी ने.रा.प्रा.वि. गैरा, लगाम विद्यालयमा पनि एक कक्षादेखि कक्षा ३ सम्मको माध्यम भाषा पनि नेपाली नै प्रयोग गरिएको देखिन्छ ।

४.३.४. विद्यार्थी कक्षागत भाषिक विवरण

तालिका ३२

विद्यार्थीको कक्षागत भाषिक विवरण

क. सं.	विद्यालयको नाम र ठेगाना		बाल कक्षा			कक्षा १			कक्षा २			कक्षा ३			
			मगर भाषी		अन्य भाषी	मगर भाषी		अन्य भाषी	मगर भाषी		अन्य भाषी	मगर भाषी		अन्य भाषी	अन्य भाषी
			बोल्न सक्ने	बोल्न नसक्ने		बोल्न सक्ने	बोल्न नसक्ने		बोल्न सक्ने	बोल्न नसक्ने		बोल्न सक्ने	बोल्न नसक्ने		
१	जनजागृत मा.वि.तोसा	जम्मा													८
		छात्र													५
		छात्रा													३
	जीवनज्योति मा.वि. गुटु	जम्मा			१६			२२			१८			२२	
२.		छात्र			८			७			९			८	
		छात्रा			८			१५			९			१४	
३.	नेपाल रा. प्रावि छिनिङ,गैरा	जम्मा		४				८	६		३	३		१	
		छात्र		४				५	२		१	२		१	१
		छात्रा						३	४		२	१			
	जम्मा	छात्र													
		छात्रा													
		जम्मा													

तालिका ३२ अनुसार तथ्याङ्कको विश्लेषण गर्दा जीवनज्योति मावि गुटुमा शिशु कक्षादेखि तीन कक्षासम्म मगर भाषा नजान्ने र सबै नेपाली भाषामा दखल भएको देखियो । मगर भाषा नजान्ने भएकाले मगर मातृभाषी वक्ता बाहेकको अरुलाई (नेपाली भाषिक विद्यार्थीलाई) अन्य भाषा अन्तर्गत राखिएको छ । त्यसैगरी ने. रा. मावि, गुटुमा तल्लो तहका विद्यार्थीहरु मध्ये शिशु तहमा

मगर भाषाको अवस्था शुन्य नै देखियो भने कक्षा एकदखि तीनसम्ममा हेर्दा तुलनात्मक रुपमा मगर भाषा बोल्न सक्नेको संख्या बढी नै देखिएको छ। ***जनजागृत मा.वि.तोसा*** सूचना प्राप्त छैन ।

४.३.५. .शिक्षकको भाषागत विवरण

अध्ययन गरिएका ३ विद्यालयहरु मध्ये जनजागृत माविको सूचना उपलब्ध भएको छैन । ती बाहेक दुई विद्यालयको शिक्षकको भाषागत विवरण हेर्दा जम्मा ११ जना शिक्षकहरु रहेका छन् । त्यसमा ४ जना मगर मातृभाषी शिक्षक रहेको पाइयो भने अन्य ७ जना अन्य मातृभाषाका शिक्षक रहेको पाइएको छ ।

तालिका ३३

शिक्षकको भाषागत विवरण

क्र.सं.	विद्यालयको नाम, ठेगाना	जम्मा शिक्षक	मगर मातृभाषी शिक्षक संख्या	अन्य भाषी शिक्षक संख्या	मगरभाषी(अन्य जातिका भए पनि मगर भाषा जान्ने)
१.	जनजागृत मावि, तोसा				
२.	जीवनज्योति मावि, गुटु	७		७	
३.	ने. रा. प्रावि, छिनिङ, गैरा	४	४		
	जम्मा				
	शिक्षक प्रतिशत				

विश्लेषणका लागि निर्मित(२०७४)

तालिका ३३ को आधारमा ***जनजागृत मावि, तोसाको सूचना प्राप्त छैन.*** । जीवनज्योति मावि, गुटुमा जम्मा ७ जना शिक्षक नेपाली मातृभाषी मात्र रहेको देखियो । . ने. रा. प्रावि, छिनिङ, गैरामा रहेका ४ शिक्षकहरु सबै मगर मातृभाषी शिक्षक नै रहेको देखिएको छ ।

४.३.६. विद्यालय व्यवस्थापन पदाधिकारीको भाषागत विवरण

तालिका ३४ : विद्यालय व्यवस्थापन पदाधिकारीको भाषागत विवरण

विद्यालयको विवरण	विव्यस र शिक्षक अभिभावक संघको पदाधिकारी मातृभाषागत संख्यात्मक विवरण				
नाम	क्र.सं.	भाषाहरु	विव्यस संख्या	शिक्षक अभिभावक संघ संख्या	कैफियत
जनजागृत मावि, तोसा					
जीवनज्योति मावि, गुटु	1=	नेपाली	७	२	
	2=	मगर	२	९	
ने. रा. प्रावि, छिनिङ, गैरा	1=	मगर	७	८	
	2=	नेपाली	१	१	

तालिका ३४ अनुसार **जनजागृत मावि, तोसाको सूचना प्राप्त भएको छैन** जीवनज्योति मावि, गुटुको विव्यस पदाधिकारीमा २ जना मगर मातृभाषी रहेका छन् भने शिक्षक अभिभावक संघतर्फ ९ जना मगर मातृभाषी रहेका छन् । त्यसैगरी विव्यस पदाधिकारीमा ७ जना र शिक्षक अभिभावक संघतर्फ २ जना नेपाली मातृभाषी रहेका छन् । ने. रा. प्रावि, छिनिङ, गैराको विव्यसतर्फ ७ जना र शिक्षक अभिभावकसँगतर्फ ८ जना मगर समुदायका मगर मातृभाषी छन् भने नेपाली मातृभाषिक वक्तामा विव्यसतर्फ १ जना र शिक्षक अभिभावकसँगतर्फ १ जना देखिएका छन् ।

४.३.७. बहुभाषिक शिक्षाको नमुना विकास तथा प्रयोग संभाव्यता

यस अध्ययायमा कक्षाकोठा तथा शिक्षक व्यवस्थापन, शिक्षणसिकाइ प्रक्रिया, शैक्षिक सामग्रीको विकास तथा मूल्यांकन तथा परीक्षा प्रक्रियालाई कक्षा अवलोकन र अन्तर्वार्ताबाट

प्राप्त तथ्यांकको आधारमा विश्लेषण गरिएको छ । बहुभाषिक शिक्षाको प्रयोग सम्भाव्यताका लागि अध्ययन गरिएका विद्यालयहरुमा माध्यम भाषाको प्रयोग अवस्था, माध्यम भाषाबाट गैर नेपाली मातृभाषीमा परेको प्रभाव, समस्या तथा चुनौतीकासाथै विद्यार्थी, शिक्षक, स्थानीय अभिभावकको रायसुझावसहित प्रयोग सम्भाव्यताको खोजी गरिएको छ ।

४.३.८. कक्षामा भाषाको प्रयोग

अध्ययन गरिएका ३ वटै विद्यालयहरुको कक्षा १ देखि ३ सम्मको विज्ञान, सामाजिक

अवलोकनका पक्षहरु	जनजागृत मावि, तोसा		जीवनज्योति मावि, गुटु		ने. रा. प्रावि, छिनिङ, गैरा	
	विषय १	विषय २	विषय १	विषय २	विषय १	विषय २
विषय:	सामाजिक		सामाजिक	विज्ञान	सामाजिक	विज्ञान
पाठशीर्षक:	परिवारको सदस्य		चित्रकला	सजिव तथा निर्जीव		सफा शरीर
कक्षा उपस्थित विद्यार्थी संख्या छात्र/छात्रा	छात्र-७, छात्रा-८		छात्रा ८ छात्रा ११	छात्र-७, छात्र-१४	छात्र ५, छात्रा २	छात्र ३, छात्रा २
मातभाषा १ मातृभाषा २ मातृभाषा ३	मगर, नेपाली, अंग्रेजी		नेपाली	नेपाली,	मगर र नेपाली	मगर र नेपाली
पाठयपुस्तकको भाषा	नेपाली		अंग्रेजी	नेपाली	अंग्रेजी	अंग्रेजी

स्रोत: कक्षा अवलोकन(२०७४)

उल्लिखित तालिकाको आधारमा जीवनज्योति मावि बाहेक अन्य विद्यालयमा कक्षा १ र ३ का सबै विद्यार्थीको मातृभाषा मगर रहेको छ भने पाठ्यपुस्तक नेपालीमा नै र यदाकदा अंग्रजीमा पनि रहेकाले मगर मातृभाषाको प्रयोग न्यून नै देखिएको छ ।

४.३.९. कक्षाकोठाको व्यवस्थापन

क.सं.	विद्यालय	भाषिक समूह निमार्ण	शैक्षिक सामग्रीको सजावट(भित्ता लेखन, पोस्टर)
१.	जनजागृत मावि, तोसा	नभएको	भित्तामा चार्टहरु, अल्फावेटीकल
२.	जीवनज्योति मावि, गुटु	नभएको	भित्तामा पोस्टर पुस्तक चित्रसूची, बारतालिका टासेका, भित्तामा पोस्टर चार्ट, चित्रपत्ती, अंकपत्ती टाँस गरिएको
३.	ने. रा. प्रावि, छिनिङ, गैरा	नभएको	अंक चार्ट टास गरिएको, भित्तामा कुनै चार्ट, पोष्टर टाँस नगरिएको

स्रोतः कक्षा अवलोकन(२०७४)

कक्षाकोठाको व्यवस्थापन अनुसार ३ वटै विद्यालयहरुमा भाषिक समूह निर्माण गरी शिक्षण भएको देखिँदैन । तर शैक्षिक सामग्रीको प्रयोग भएको पाइएको छ । पर्याप्त मात्रमा शैक्षिक सामग्रीको प्रयोग नदेखिए तापनि ने.रा.प्रावि, छिनिङ, गैरा बाहेक अन्यमा शैक्षिक सामग्रीको प्रयोगको ज्ञानलाई केही हदसम्म भए पनि लागू गरेका छन् ।

४.३.१०. शिक्षक व्यवस्थापन

४.३.११. शिक्षणसिकाइ प्रकिया

४.३.१२. शैक्षिक सामग्री विकास

४.३.१३. मूल्यांकन तथा परीक्षा पद्धति

४.३.१४. मातृभाषाको प्रयोग सम्भाव्यताका विषयमा अभिभावकसँग छलफल

मातृभाषाको प्रयोगको सम्भावनाका सम्बन्धमा विद्यालयका अभिभावकसँग गरिएको छलफलका आधारमा देहाय अनुसारका सम्भावना भएको देखिएको छ :

- छलफलका तयार गरिएका प्रश्न सूचीका आधारमा छलफलमा सम्लग्न अभिभावकहरु आफूले घरपरिवार र समुदायमा उपयोग गरेको भाषालाई उल्लेख गरेको पाइएको छ । परिवारमा र दम्पतिका बीचमा समेत प्रयोग हुने भाषा स्थानीय भाषा रहेको देखिएको छ । विद्यालयले दिइएको सूचना र अभिभावकसँगको छलफलबाट प्राप्त सूचनाले पनि विद्यालयको सूचनालाई प्रमाणित गरेको छ । यसैगरी पहिलो पुस्ताले पछिल्लो पुस्तासँग कुराकानी गर्दा प्रयोग गर्दा पनि स्थानीय भाषाको उपयोग गरेको भेटिएको छ । यी उल्लिखित सूचनाहरुले पहिले विद्यालयहरुले उपलव्ध गराएको सूचनालाई प्रमाणित गरेको छ ।
- यस विषयमा सर्वप्रथम दक्ष र तालिम लिएको शिक्षक चाहिन्छ । कक्षा र दरबन्दी थपेर भएपनि शिक्षकको व्यवस्थापन आवश्यक छ ।
- किताब वाहेक अरु सामग्री पनि चाहिन्छ त्यस्ता सामग्री कसरी व्यवस्था गर्ने त्यसको समयमा प्रबन्ध भएका यहाँ प्रयोग हुने भाषालाई उपयोग गरेर सिकाउन सकिन्छ ।
- विद्यालयमा बालबालिका वस्ने कक्षाकोठा नभएकाले विद्यालयमा बालबालिकालाई विभिन्न ढङ्ग र तरिकाले पढाउन सक्ने कक्षाको जरुरी देखेको विषय समेत उल्लेख गरिएको छ । विद्यालयका कक्षा र पढाइका विषयमा वेलावेला हेर्ने गरेको हुनाले कोठा तथा बस्ने बेञ्चको आवश्यक प्रबन्ध गर्नु पर्ने सुझाव गरेका छन् ।
- विद्यालय नै यहाँको स्थानीय भाषामा सिकाउन तयार छन् । यहाँका केही संस्थागत विद्यालयले अङ्ग्रेजी पढाउन लागेका छन् ।
- स्थनीय विद्यालयमा अध्ययन गरेका बालबालिकाले पनि अन्य क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्नु पर्‍यो । एकै स्थानमा अध्ययन गरेका बालबालिका कसैले विदेशमा सहजै जानसक्ने हुने र कसैका भने पछि पर्ने यो कुरालाई ध्यान दिन सुझाएका छन् ।

४.३.१५. मातृभाषाको प्रयोग सम्भाव्यताका विषयमा शिक्षकसँग गरिएको छलफल

यस क्षेत्रका विद्यालयहरुमा कार्यरत शिक्षकसँग मातृभाषाको प्रयोग सम्भाव्यताका विषयमा छलफल तथा विचार सङ्कलन गरिएको थियो । यहाँ कक्षा ३ सम्म मात्र अध्यापन हुने विद्यालयमा कार्यरत शिक्षकहरु स्नातकसम्म गरेका भेटिएका छन् । अधिकांश शिक्षकले कुनै न कुनै तालिम लिएकै देखिएको छ । स्थानीय समुदायमा प्रयोग भइरहेका मातृभाषामा शिक्षण अघि बढाउने र मातृभाषालाई विषयका रुपमा सिकाइ अघि बढाउने विषयमा पनि तालिम लिएको पाइएको छ । शिक्षकहरुसँग गरिएको समूह छलफलबाट प्राप्त निष्कर्षलाई तलका बुँदाहरुमा उल्लेख गरिएको छ :

- मातृभाषालाई विषयका रुपमा अध्यापन गर्दा वेग्लै अर्को कक्षा चाहिन्छ भन्ने मान्यता शिक्षकमा रहेको भेटिएको छ । एक महिना तालिम लिएका शिक्षक पनि सहज रुपमा स्थानीय भाषालाई माध्यमका रुपमा उपयोग गर्न मानसिक रुपले तयार भएको देखिएन । अहिलेको उनीहरुको सिकाइको अभ्यासमा कुनै विषय विद्यार्थीहरुले नबुझेमा उल्था गर्ने वा उनीहरुले बुझ्ने भाषामा भनिदिने रहेको पाइएको छ । तालिम लिएपछि स्थानीय भाषामा शैक्षिक सामग्री पनि बनाइएका छन् । यस्ता सामग्रीलाई सिकाइमा कमै उपयोग हुन्छन् ।
- शिक्षकहरुको अर्को चिन्ताको विषयका रुपमा देखिएको विषय साधन र स्रोत हो । साधन र स्रोतको अभावमा यो अभियान सफल हुन सक्दैन । स्थानीय रुपमा उपयोग हुने मातृभाषालाई माध्यम वा विषयका रुपमा कक्षामा प्रयोग गर्दा विभिन्न शिक्षण सामग्री, श्रव्य सामग्रीहरु, दृश्य सिकाइका सामग्रीहरु, कक्षामा आधुनिक सिकाइका प्रविधि उपयोग गरेर सिकाउन चाहिने सामग्री, कक्षाको वातावरण तथा कक्षा व्यवस्थापन, मूल्याङ्कन गर्ने आधार तथा साधनको व्यवस्था आवश्यक छ । यी सामग्रीका लागि साधन स्रोतको व्यवस्था छ ।
- माध्यम वा विषयका रुपमा शिक्षण तथा सिकाइका शिक्षकलाई तयार गर्न थप काम गर्न आवश्यक छ । कतिपय शिक्षकहरु स्थानीय भाषा प्रयोगमा दक्ष छन् र योग्य छन् । शिक्षकहरुमा तालिमको अभाव पनि छैन तर लामो अवधिदेखि एक ढङ्गले सिकाइ अघि बढाएका शिक्षकमा परिवर्तनका लागि तयार गर्नु आवश्यक छ । यो परिवर्तनका लागि शिक्षकलाई मानसिक रुपमा तयारी गरेर मात्र यो कार्यको थालनी हुन आवश्यक देखिएको छ ।
- आधुनिक शिक्षण सिकाइका विधि तथा प्रक्रियामा सम्लग्न हुन सक्ने शिक्षलाई यस अभियानमा समावेश गराउनु पर्दछ । यस गाउँपालिका क्षेत्रका विद्यालयहरुमा यस्ता शिक्षक

छन् । सकारात्मक सोच भएका र परिवर्तनका लागि तयार शिक्षकलाई पुनर्व्यवस्थापन गरेर यो कार्यलाई अघि बढाउन सकिन्छ ।

- मातृभाषालाई माध्यम बनाउने विषय र मातृभाषालाई विषयका रुपमा सिकाउने विषयमा अभिभावकालाई सचेतना अभिमुखीकरण आवश्यक छ । कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा लैजान अभिभावकको सक्रिय सहभागिता आवश्यक छ ।

४.३.१६. मातृभाषाको प्रयोग सम्भाव्यताका लागि प्रधानाध्यापकसँग गरिएको छलफल

यस गाउँपालिका विभिन्न विद्यालयहरुको व्यवस्थापनको जिम्मा लिएका प्रधानाध्यापकहरुसँग स्थानीय समुदायमा प्रयोग भइरहेका स्थानीय मातृभाषाहरुलाई शिक्षाको माध्यमका लागि प्रयोग सम्भाव्यताका विषयमा छलफल तथा विचार सङ्कलन गरिएको थियो । प्रधानाध्यापकहरुसँगको छलफलमा प्राप्त भएका प्रतिक्रिया हेर्दा अधिक रुपमा व्यवस्थापनका दृष्टिले सुझाव आएका छन् । व्यवस्थापनको क्षेत्रमा देखिएका समस्याहरुको समाधान गर्न सक्ने हो भने स्थानीय रुपमा प्रयोगमा रहेका भाषालाई माध्यमका रुपमा उपयोग गर्न सकिने विचार व्यक्त गरेका छन् :

- विद्यालय सेवा क्षेत्रको अधिक उपयोगमा रहेको भाषालाई माध्यमका रुपमा उपयोग गर्न सुझाएका छन् ।
- विद्यालयमा स्थानीय समुदायमा उपयोग हुने मातृभाषाहरुलाई माध्यम वा विषयका रुपमा शिक्षमा प्रयोग गर्दा थप साधन र स्रोतको आवश्यक हुन्छ । हाल विद्यालयहरुलाई उपलब्ध भएको स्रोतमा विद्यालय चल्न नसकेको, विद्यालयमा आवश्यकता अनुरुप शिक्षक नभएको, शिक्षण सामग्री र मूल्याङ्क समेतलाई थप स्रोतको आवश्यक परेको तथा यसका अतिरिक्त विद्यालयको भौतिक र शैक्षिक वातावरण निर्माण गर्न पनि स्रोत र साधनको थप प्रबन्ध आवश्यक परेको र यी विषयको सुव्यवस्थाविना माध्यम वा विषयका रुपमा स्थानीय भाषालाई प्रयोग गर्न कठिनाइ भएको उत्तर दिएका छन् ।
- प्रधानाध्यपकहरुले शिक्षकको तालिमका विषय पनि उल्लेख गरेका छन् । अहिलेका शिक्षकलाई नयाँ रुपमा यो काम गर्ने भनेर तालिम दिन पर्दछ । यस्तो तालिममा गाउँपालिकाको समन्वय आवश्य छ ।
- हालको सिकाइका शिक्षकहरु अनुवादमा आधारित भएर सिकाइ अघि बढाएका छन् । जहाँ स्थानीय रुपमा उपयोग हुने एउटा वा दुईओटा भाषा मात्र छन् त्यस्ता विद्यालयमा एक या

समानान्तर विधिबाट दुई भाषालाई माध्यमका रुपमा सिकाइ अघि बढाउनु पर्दछ । जहाँ धेरै भाषाको उपयोग हुन्छ त्यस्ता विद्यालयमा बहुभाषी सिकाइलाई अघि बढाउनु पर्दछ ।

४.३.१७. मातृभाषाको प्रयोग सम्भाव्यताका लागि विद्यार्थीहरुसँग गरिएको छलफल

यस गाउँपालिका विभिन्न विद्यालयहरुमा आधारभूत तहका विद्यार्थीहरुसँग छलफल गरिएको थियो । विद्यार्थीहरुको उमेर र कक्षाको स्तर अनुसार तयार गरिएका प्रश्नवली तथा कक्षा अवलोकन गर्दाका उत्तरलाई आधार बनाएर विश्लेषण गरिएको छ । लक्ष्य अनुसारका कक्षाका विद्यार्थहिरुसँग मातृभाषामा माध्यमका रुपमा पठनपाठनको सम्भावना सम्बन्धमा भएका छलफलबाट देहाय अनुसारको निष्कर्ष निकालिएको छ :

- विद्यार्थीहरुले दिइएका सूचनाको अध्ययन गर्दा स्थानीय क्षेत्रमा प्रयोग हुने सवै भाषा उनीहरु बुझ्न सक्ने पाइएको छ । उनीहरु स्थानीय रुपमा र घरमा प्रयोग हुने भाषा पहिलो पुस्ता तथा दोस्रो पुस्ता र आफ्ना समकक्षी साथीहरुसँग स्थानीय भाषा प्रयोग गर्दछन् । उनीहरु विद्यालयमा मात्र अर्को भाषामा सिक्न पर्दछ भन्ने उल्लेख गर्दछन् । उनीहरु शिक्षकले मगर भाषाको उपयोग गरेर शिक्षण गरे हुन्थ्यो भन्ने विचार राखेका छन् । बुझ्न सजिलो हुनाले मगर भाषामा अध्यापन गराए उपयुक्त हुने विचार आएको छ ।
- मगर भाषा र नेपाली भाषा मिसाएर पढाए पनि हुन्थ्यो भन्ने विचार पनि आएको छ । दुवैमा बुझ्न पर्दछ भन्ने विचार आएको पाइएको छ ।
- कक्षा अवलोकन गर्दा कक्षामा उपयोग भएको माध्यम भाषा र बालबालिकाको पृथक मातृभाषाका सञ्चारणका कारण नेपाली भाषाको प्रयोगमा अलमल देखिएको छ । नबुझेका कतिपय विषयमा मातृभाषाको प्रयोग गरेको देखिएको छ । यस समय सिकाइ सहज भएको देखिएको छ । बाक्य पढ्ने अभ्यासमा केही विद्यार्थी मात्र सक्षम छन् ।
- नेपाली भाषालाई माध्यम भाषाका रुपमा उपयोग गरिएको छ ।

४.४. निष्कर्ष

चौकुना गाउँपालिका क्षेत्रमा रहेका अधिकांश विद्यालयमा सेवा क्षेत्रमा उपयोग हुने सम्पर्कको भाषा, स्थानीय समुदायमा उपयोग हुने मातृभाषा, स्थानीय समुदायको सम्पर्कको भाषा, समुदाय र समुदायको सम्पर्कको भाषा मगर भाषा भएको देखिएको छ । देहाय अनुसार यसको उल्लेख गर्न सकिन्छ :

- यहाँ पहिलो स्थानमा मगर भाषा देखिएको छ । समुदाय र विद्यालयको सम्पर्कको काम नेपाली भाषाले गरेको पाइएको छ । भाषिक समुदाय जुन छ मातृभाषा पनि सोही अनुसार प्रयोग भएको पाइएको छ । विद्यालयले सञ्चालन गर्ने विभिन्न कार्यक्रममा समुदायका व्यक्ति तथा अभिभावकसँग कार्य गर्दा मगर भाषाको प्रयोग हुने गरेका अवस्था छ । यसैले यस गाउँपालिका क्षेत्रका विद्यालयहरुले मगर भाषालाई आधारभूत तहको सिकाइका लागि उपयोग गर्न र सम्पर्क गर्न सक्ने अवस्था देखिएको छ ।
- यस गाउँपालिका क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पहिलो भाषाको पहिचानको तथ्य लिइएको थियो । त्यसमध्ये अधिकांश विद्यालयमा मगर मातृभाषी समुदायका बाल बालिकाहरु अध्ययनरत रहेका पाइएको छ ।
- बालबालिकाहरुको भाषिक सक्षमताको विवरण हेर्दा सुनाइ र बोलाइमा अधिक विद्यार्थी संलग्न भएको भेटिएको छ । कक्षामा भने नबुझेका अवस्थामा मात्र स्थानीय भाषाको प्रयोग हुन्छ ।
- कक्षा क्रियाकलाप सञ्चालन गर्दा भाषाको लेखाइ सिपको प्रयोग नेपाली भाषामा मात्र हुने गरेको उल्लेख भएको भेटिएको छ ।
- वाक्यको अभ्यासका विषयमा विद्यालयहरुको प्रतिक्रियामा सरल वाक्यको प्रयोग स्थानीय भाषामा उपयोग हुन सक्ने देखिएको छ । यस्ता वाक्यमा सरल वाक्यका रुप मात्र आएका छन् । यसमा पनि केही कठिन प्रकृतिका वाक्यको प्रयोग हुन नसकेको उल्लेख भएको छ ।
- मातृभाषाको प्रयोग सम्भाव्यताका विषयमा अभिभावकसँग गरिएको छलफलबाट पनि मातृभाषालाई माध्यमका रुपमा उपयोग गर्न सकिने उत्तर पाइएको छ । यस गाउँपालिका क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीका बाबुआमा दम्पतिका बीचमा स्थानीय भाषाको प्रयोग भएको देखिएको छ । विद्यालयले दिइएको सूचना र अभिभावकसँगको छलफलबाट प्राप्त सूचनाले पनि विद्यालयको सूचनालाई प्रमाणित गरेको छ । यसैगरी पहिलो पुस्ताले पछिल्लो पुस्तासँग कुराकानी गर्दा प्रयोग गर्दा पनि स्थानीय भाषाको उपयोग गरेको भेटिएको छ ।
- माध्यमका रुपमा उपयोग गर्न सर्वप्रथम शिक्षकको तयार आवश्यक भएको विषय उल्लेख भएको छ । शिक्षक नै स्थानीय भाषालाई माध्यमका रुपमा अघि बढाउन सक्ने पहिला आधार हुन् । अरु विषय पुगे पनि शिक्षक नभएको यो अभियान पूरा गर्न सम्भव नभएकाले

यस विषयमा सर्वप्रथम दक्ष र तालिम लिएको शिक्षक चाहिन्छ । कक्षा र दरबन्दी थपेर भएपनि शिक्षकको व्यवस्थापन आवश्यक छ ।

- विद्यालय नै यहाँको स्थानीय भाषामा सिकाउन सकरात्मक छन् । यहाँका केही संस्थागत विद्यालयले अङ्ग्रेजी पढाउन लागेका छन् जुन आफ्ना बालबालिकालाई पनि जरुरी ठानेका छन् । यसमा नीतिगत रुपमा हेर्न आवश्यक छ । स्थनीय विद्यालयमा अध्ययन गरेका बाल बालिकाले पनि अन्य क्षेत्रमा प्रतिस्पर्धा गर्न पर्ने तथा एकै स्थानमा अध्ययन गरेका बाल बालिका कसैले विदेशमा सहजै जानसक्ने हुने र कसैका भने पछि पर्ने हुनाले यस्तो कुरालाई ध्यान दिन सुझाएका छन् ।
- मातृभाषाको प्रयोग सम्भाव्यताका विषयमा शिक्षकसँग गरिएको छलफलमा अभिभावकहरुको प्रतिक्रियामा यहाँका शिक्षकहरु योग्य र दक्ष छन् । कार्यरत कतिपय शिक्षकहरु स्नातकोत्तरसम्म गरेका भेटिएका छन् । अधिकांश शिक्षकले कुनै न कुनै तालिम लिएकै देखिएको छ । स्थानीय समुदायमा प्रयोग भइरहेका मातृभाषामा शिक्षण अघि बढाउने र मातृभाषालाई विषयका रुपमा सिकाइ अघि बढाउने विषयमा पनि तालिम लिएको पाइएको छ ।
- मातृभाषालाई विषयका रुपमा अध्यापन गर्दा वेग्लै अर्को कक्षा चाहिन्छ भन्ने मान्यता शिक्षकमा रहेको भेटिएको छ । एक महिना तालिम लिएका शिक्षक पनि सहज रुपमा स्थानीय भाषालाई माध्यमका रुपमा उपयोग गर्न मानसिक रुपले तयार भएको देखिएन । अहिलेको उनीहरुको सिकाइको अभ्यासमा कुनै विषय विद्यार्थीहरुले नबुझेमा उल्था गर्ने वा उनीहरुले बुझ्ने भाषामा भनिदिने रहेको पाइएको छ । तालिम लिएपछि स्थानीय भाषामा शैक्षिक सामग्री पनि बनाइएका छन् । यस्ता सामग्रीलाई सिकाइमा कमै उपयोग हुन्छन् ।
- माध्यम वा विषयका रुपमा शिक्षण तथा सिकाइका शिक्षकलाई तयार गर्न थप काम गर्न आवश्यक छ । कतिपय शिक्षकहरु स्थानीय भाषा प्रयोगमा दक्ष छन् र योग्य छन् । शिक्षकहरुमा तालिमको अभाव पनि छैन तर लामो अवधिदेखि एक ढङ्गले सिकाइ अघि बढाएका शिक्षकमा परिवर्तनका लागि तयार गर्नु आवश्यक छ । अध्ययनका क्रममा यथास्थितिवादी शिक्षकहरु भेटिएका छन् । यो परिवर्तनका लागि शिक्षकलाई मानसिक रुपमा तयारी गरेर मात्र यो कार्यको थालनी हुन आवश्यक देखिएको छ ।
- मातृभाषालाई माध्यम बनाउने विषय र मातृभाषालाई विषयका रुपमा सिकाउने विषयमा अभिभावकालाई सचेतना अभिमुखीकरण आवश्यक छ ।

- मातृभाषाको प्रयोग सम्भाव्यताका लागि प्रधानाध्यापकसँग गरिएको छलफल अनुसार सिकारुहरुले छिटो र सजिलोसँग बुझ्नका लागि मातृभाषामा सिकाइ अघि बढाउनु पर्दछ । भाषामा एउटालाई माध्यमका रुपमा उपयोग गरे अर्कोलाई सहयोगी भाषाका रुपमा उपयोग गर्नु पर्दछ ।
- विद्यालयमा स्थानीय समुदायमा उपयोग हुने मातृभाषाहरुलाई माध्यम वा विषयका रुपमा शिक्षमा प्रयोग गर्दा थप साधन र स्रोतको आवश्यक हुन्छ । हाल विद्यालयहरुलाई उपलब्ध भएको स्रोतमा विद्यालय चल्न सकेका छैनन् । विद्यालयमा आवश्यकता अनुरुप शिक्षक छैनन् । शिक्षण सामग्री र मूल्याङ्क समेतलाई थप स्रोतको आवश्यक छ । यसका अतिरिक्त विद्यालयको भौतिक र शैक्षिक वातावरण निर्माण गर्न पनि स्रोत र साधनको थप प्रबन्ध आवश्यक छ ।
- प्रधानाध्यपकहरुले शिक्षकको तालिमका विषय पनि उल्लेख गरेका छन् । अहिलेका शिक्षकलाई तालिम दिन पर्दछ । यस्तो तालिममा गाउँपालिकाको समन्वय आवश्य छ ।
- मातृभाषाको प्रयोग सम्भाव्यताका लागि विद्यार्थीहरुसँग गरिएको छलफल यस गाउँपालिका विभिन्न विद्यालयहरुमा आधारभूत तहका विद्यार्थीहरुसँग छलफल अनुसारको सूचनाको अध्ययन गर्दा स्थानीय क्षेत्रमा प्रयोग हुने सवै भाषा उनीहरु बुझ्न सक्ने पाइएको छ । उनीहरु स्थानीय रुपमा र घरमा प्रयोग हुने भाषा पहिलो पुस्ता तथा दोस्रो पुस्ता र आफ्ना समकक्षी साथीहरुसँग स्थानीय भाषा प्रयोग गर्दछन् । उनीहरु विद्यालयमा मात्र अर्को भाषामा सिक्न पर्दछ भन्ने उल्लेख गर्दछन् । उनीहरु शिक्षकले मगर भाषाको उपयोग गरेर शिक्षण गरे हुन्थ्यो भन्ने विचार राखेका छन् । बुझ्न सजिलो हुनाले राना भाषामा अध्यापन गराए उपयुक्त हुने विचार आएको छ ।
- कक्षा अवलोकन गर्दा कक्षामा उपयोग भएको माध्यम भाषा र बाल बालिकाको पृथक मातृभाषाका कारण नेपाली भाषाको प्रयोगमा केही अलमल देखिएको छ । यसले शिक्षकमा केही अलमलमा देखिएको छ ।

मातृभाषी सिकारु धेरै भएको विद्यालय तर माध्यम चाहीँ अर्कै भाषा भएका कारण नेपाली उच्चारणको आकारमा समस्या देखिएको छ । यो समस्या समाधान गर्न मातृभाषालाई कक्षामा अधिक रुपमा उपयोग गर्ने रणनीति अपनाउनु पर्दछ । नबुझेका कतिपय विषयमा मातृभाषाको प्रयोग गरेको देखिएको छ । यस समय सिकाइ सहज भएको

देखिएको छ । कक्षालाई प्रभावकारी बनाउन विद्यार्थी सक्रिय बनाउने प्रयत्न गरिनु आवश्यक छ । समग्र कक्षा सञ्चालनमा प्रश्नोत्तर विधिको उपयोग गरिएको छ । कक्षालाई प्रभावकारी बनाउन आवश्यकता अनुसार सिकाइका विभिन्न विधिहरुको प्रयोग गर्नु पर्दछ । शिक्षकले कक्षामा सिकाइलाई प्रभावकारी बनाउनका लागि स्पष्ट निर्देशन दिनु आवश्यक छ । सिकाइ प्रभावकारी बनाउन सबै विद्यार्थीमा ध्यान केन्द्रित भएर अघि बढ्नु आवश्यक हुन्छ ।